# आधारभूत तहका मगर मातृभाषी विद्यार्थीहरूले स्तरीय नेपाली उच्चारणमा गर्ने त्रुटिको विश्लेषण

सीता आले मगर
क्याम्पस क्रमाङ्क : १०
परीक्षा क्रमाङ्क : ७५६१६०१०
त्रि.वि. दर्ता नं. : ९-२-६१६-६०-२००८

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग,
स्नातकोत्तर तह चौथो सत्र (नेपा.शि. ५४४ पाठ्यांश) को
प्रयोजनका निमित्त प्रस्तुत
शोधपत्र

आदर्श बहुमुखी क्याम्पस
गजुरी, धादिङ
२०७९/२०२२

# शोधनिर्देशकको सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गतको पाठ्यक्रम अनुरूप यस आदर्श बहुमुखी क्याम्पस गजुरी-१, धादिङ नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह चौथो सत्रकी छात्रा सीता आले मगरले नेपा.शि. ५४४ को पाठ्यांश प्रयोजनार्थ *'आधारभूत तहका मगर मातृभाषी विद्यार्थीहरूले स्तरीय नेपाली उच्चारणमा गर्ने त्रुटिको विश्लेषण'* शीर्षकको शोधपत्रलाई मेरो निर्देशनमा रहेर निकै परिश्रमपूर्वक तयार पार्नुभएको हो । यसर्थ यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।


..............................

रमेश भट्टराई

शोधनिर्देशक

शिक्षाशास्त्र सङ्काय

नेपाली भाषा शिक्षा विभाग

आदर्श बहुमुखी क्याम्पस

गजुरी-१, धादिङ


मिति : २०७९/०३/१३

June 27, 2022

## स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह चौथो सत्र नेपा.शि. ५४४ को पाठ्यांशको आवश्यकता परिपूर्तिका लागि आदर्श बहुमुखी क्याम्पस गजुरी-१ धादिङकी छात्रा सीता आले मगरद्वारा प्रस्तुत *'आधारभूत तहका मगर मातृभाषी विद्यार्थीहरूले स्तरीय नेपाली उच्चारणमा गर्ने त्रुटिको विश्लेषण'* शीर्षकमा तयार पारिएको शोधपत्र स्नातकोत्तर उपाधिका लागि उचित ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

### शोध मूल्याङ्कन समिति

| | | |
|---|---|---|
| सुरेशकुमार बस्नेत | (विभागीय प्रमुख) | ............................ |
| मुक्तिकला लामिछाने | (सङ्काय प्रमुख) | ............................ |
| डा. श्रीप्रसाद कँडेल | (शोधविशेषज्ञ) | ............................ |
| रमेश भट्टराई | (शोधनिर्देशक) | ............................ |

मिति : २०७९/०३/१३

June 27, 2022

# प्रतिबद्धता-पत्र

मैले त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह चौथो सत्रको नेपा.शि. ५४४ को प्रयोजनार्थ प्रस्तुत *'आधारभूत तहका मगर मातृभाषी विद्यार्थीहरूले स्तरीय नेपाली उच्चारणमा गर्ने त्रुटिको विश्लेषण'* शीर्षकको शोधपत्र मौलिक रूपमा तयार पारेकी छु । यदि प्रस्तुत अनुसन्धान मौलिक नभई कसैको हुबहु नक्कल देखिएमा त्यसबाट आउने परिणाम सामना गर्ने प्रतिबद्धता जाहेर गर्दछु ।

.......................................

सीता आले मगर

शोधार्थी

स्नातकोत्तर तह चौथो सत्र

नेपाली भाषा शिक्षा विभाग

मिति : २०७९/०३/१३

# कृतज्ञता ज्ञापन

प्रस्तुत *'आधारभूत तहका मगर मातृभाषी विद्यार्थीहरूले स्तरीय नेपाली उच्चारणमा गर्ने त्रुटिको विश्लेषण'* शीर्षकको शोधपत्रलाई मैले शोधनिर्देशक रमेश भट्टराईज्यूको कुशल निर्देशनमा तयार पारेकी छु । यस कार्यमा आफ्नो अमूल्य समय, उचित सुझाव तथा सहयोग प्रदान गरी मलाई समुचित मार्गनिर्देशन गर्नुहुने शोधनिर्देशकज्यूलाई हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यसका साथै यो अनुसन्धान कार्यमा यथोचित मार्गनिर्देशन दिई अमूल्य सहयोग पुऱ्याउनुहुने आदरणीय क्याम्पस प्रमुख डा. शरदचन्द्र सिंखडा तथा गुरुहरू सुरेशकुमार बस्नेत, रुद्रप्रसाद दनै र गुरुमा मुक्तिकला लामिछाने लगायत सम्पूर्ण गुरुवर्गप्रति म विशेष आभार प्रकट गर्दछु । यस आदर्श बहुमुखी क्याम्पसले त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह चौथो सत्र, नेपा.शि. ५४४ को पाठ्यांशको प्रयोजनार्थ यो अवसर दिएकोमा क्याम्पस परिवार नै मेरो धन्यवादको पात्र बनेको छ । यसका साथै भाषा आयोगबाट मिति २०७८/०८/०१ गते गरेको सूचनाअनुसार अनुसन्धान वृत्तिका लागि छनोटमा पर्न सफल भएकाले आयोगप्रति सादर आभार प्रकट गर्दछु । आयोगले यसरी हौसला दिएकाले पनि यस अनुसन्धान कार्यप्रति गौरव महसुस भएको छ ।

अनुसन्धान कार्यमा आवश्यक पर्ने प्राथमिक तथ्याङ्क सङ्कलनका क्रममा यथेष्ट सहयोग पुऱ्याउनुहुने धादिङ जिल्ला, सिद्धलेक गाउँपालिका, वडा नं. ४ मा अवस्थित जलेश्वरी माध्यमिक विद्यालय, कालीदेवी माध्यमिक विद्यालय र मालिका आधारभूत विद्यालयका सम्पूर्ण प्रधानाध्यापकहरू, शिक्षकहरू, नेपाली भाषा शिक्षकहरू, छनोटमा पर्नुभएका शिक्षक तथा विद्यार्थीहरूप्रति आभार प्रकट गर्दछु । यस शोधकार्यलाई सम्पन्न गर्नका लागि प्राथमिक तथा द्वितीयक सामग्री सङ्कलनमा पर्याप्त सल्लाह, सुझाव र सहयोग पुऱ्याउनुहुने सम्माननीय दिदी वीणा कुमारी पराजुली र सिद्धलेक गा.पा. को स्रोतव्यक्ति बलराम अधिकारीप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोधकार्य सम्पन्न गर्ने सिलसिलामा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा मलाई सहयोग गर्नुहुने मेरा आदरणीय माता नौमाया आले, श्रीमान् तिल बहादुर मगर, देवर हरि बहादुर मगरका साथै सहपाठी मित्रहरू कमला स्माली थापा मगर, पुष्पा वि.क., धोज बहादुर प्रजा र भीम बहादुर प्रजाप्रति आभारी छु । मेरा छोरीहरू सृष्टि मगर र सृया मगरलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

सीता आले मगर
शोधार्थी

# शोधसार

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह चौथो सत्रको पाठ्यांश (नेपा.शि. ५४४) को प्रयोजनका निमित्त प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधपत्र *'आधारभूत तहका मगर मातृभाषी विद्यार्थीहरूले स्तरीय नेपाली उच्चारणमा गर्ने त्रुटिको विश्लेषण'* शीर्षकमा तयार पारिएको छ । मगर (ढुट) भाषीहरूले नेपाली भाषाको उच्चारणमा गर्ने वर्ण विन्यासगत त्रुटिहरूको पहिचान गरी विश्लेषण गर्नु, मगर (ढुट) भाषीहरूले नेपाली भाषाको उच्चारणमा गर्ने पदसङ्गतिगत त्रुटिहरूको पहिचान गरी विश्लेषण गर्नु र मगर (ढुट) भाषीहरूले नेपाली भाषाको उच्चारणमा गर्ने वाक्यरचनागत त्रुटिको पहिचान गरी विश्लेषण गर्नु जस्ता उद्देश्यहरूमा केन्द्रित रही तयार पारिएको प्रस्तुत शोधकार्य तालिका, प्रतिशताङ्क र विश्लेषणको पद्धतिसहित गुणात्मक विधिलाई जोडेर सम्पन्न गरिएको छ ।

प्रश्नावली तथा सम्बन्धित विद्यार्थीहरूसँगको अन्तर्वार्ताबाट प्राप्त सूचनाहरू प्राथमिक स्रोतका रूपमा र विभिन्न लेखकका पुस्तकहरू, शोधग्रन्थहरू, अनुसन्धानमूलक जर्नलहरू द्वितीयक स्रोतका रूपमा रहेको यस शोधकार्य मगर (ढुट) मातृभाषीहरूले नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिहरूको विश्लेषणमा सीमित रहेको छ । प्रस्तुत अध्ययनलाई मूर्त रूप दिन सामग्री सङ्कलनका क्रममा धादिङ जिल्ला सिद्धलेक गाउँपालिकाका तीनओटा विद्यालयका जम्मा २२ जना विद्यार्थीहरू नमुनाका रूपमा लिइएको छ । ती २२ जनामध्ये १३ जना छात्रा र ९ जना छात्र रहेको छ । प्रस्तुत अध्ययनमा तथ्याङ्क सङ्कलनका प्राथमिक स्रोतका रूपमा सम्बन्धित विद्यार्थीहरूमा प्रश्नावलीको उपयोग गरिएको छ । पूर्व परीक्षणद्वारा मानकीकरण गरिएको प्रश्नावलीको प्रयोगमार्फत् सम्बन्धित विद्यार्थीहरूबाट प्राप्त भएको प्रतिक्रियालाई टेपबद्ध (मोबाइलबाट) गरिएको छ । विद्यार्थीहरूले वर्ण विन्यासगत, पदसङ्गतिगत र वाक्यरचनागत केकस्ता त्रुटिहरू गरे भनी तालिकीकरण गरिएको छ ।

प्रस्तुत अध्ययनमा मगर (ढुट) मातृभाषीहरूले शब्दहरूको उच्चारण गर्ने क्रममा सबैभन्दा बढी शब्दान्तमा 'य' को प्रयोग भएको शब्दको उच्चारणमा त्रुटि गरेको पाइएको

छ । शब्दान्तमा 'य' को प्रयोग भएको शब्दको उच्चारण गर्ने क्रममा 'ए' उच्चारण गरेको पाइएको छ । यसमा 'विद्यालय' शब्दको उच्चारणमा सबैभन्दा बढी त्रुटि गरेको पाइएको छ । 'विद्यालय' शब्दको उच्चारणमा ८१.८२ प्रतिशत विद्यार्थीहरूले अशुद्ध उच्चारण गरेका छन् । 'विद्यालय' शब्दको उच्चारण गर्दा 'विद्यालए' उच्चारण गरेको पाइयो । त्यसैगरी समय, महोदय, विषय र निश्चय शब्दको उच्चारणमा पनि प्रत्येकमा ७७.२७ प्रतिशत विद्यार्थीहरूले अशुद्ध उच्चारण गरेका छन् । 'समय, महोदय, विषय, निश्चय र भय' शब्दहरूको उच्चारण गर्ने क्रममा पनि क्रमशः 'समए, महोदए, विषए, निश्चए र भए' उच्चारण गरेको पाइयो । त्यसैगरी स्त्रीलिङ्गलाई पुलिङ्ग र पुलिङ्गलाई स्त्रीलिङ्गमा बदल्दा लिङ्गभेद गरेर क्रियापदको प्रयोग नगरेको पाइएको छ । दिइएका वाक्यहरूलाई स्त्रीलिङ्गमा बदल्दा 'रीता बजार गई ।' भन्नुपर्नेमा 'रीता बजार गयो ।' भनिएको पाइएको छ । यस वाक्यमा 'ई' को सट्टामा 'यो' को प्रयोग भएको छ । त्यसैगरी 'सुनिताले बजारबाट मिठाई ल्याई, बहिनीले मिठाई खाई, सीताले गीत गाई, दीपाले खाजा खाई र रश्मिलाले कपडा धोई' जस्ता वाक्यहरू प्रयोग गर्नुपर्नेमा क्रमशः 'सुनिताले बजारबाट मिठाई ल्यायो, बहिनीले मिठाई खायो, सीताले गीत गायो, दीपाले खाजा खायो र रश्मिलाले कपडा धोयो' जस्ता वाक्यहरू प्रयोग गरिएको पाइन्छ । ती वाक्यहरूमा वर्णविन्यासगत क्षेत्रमा हेर्दा 'ई' को सट्टामा 'यो' प्रयोग गरिएको पाइएको छ ।

प्रस्तुत शोधकार्यबाट मगर (ढुट) भाषीहरूले वर्ण तथा शब्द उच्चारणमा गर्ने त्रुटिहरूको पहिचान गरी उपयुक्त शिक्षणका लागि शिक्षण विधिको छनोट गर्न मार्गनिर्देश प्राप्त गर्न सकिन्छ । मगर (ढुट) भाषीहरूको नेपाली भाषासँग सम्बन्धित उच्चारणगत कारण पहिल्याई निराकरणका लागि सुझ प्राप्त गर्न सकिन्छ । दोस्रो भाषी सिकारुहरूको भाषा सिकाइको प्रक्रियाबारे जानकारी प्राप्त गर्न र उक्त परिस्थितिमा उपयोगी शिक्षण विधि छनोट गर्न मार्गनिर्देश प्राप्त गर्न सकिन्छ ।

# सङ्क्षिप्त सूची

| | | |
|---|---|---|
| आ.व. | : | आर्थिक वर्ष |
| आ.वि. | : | आधारभूत विद्यालय |
| इ.सी.डी. | : | अर्ली चाइल्ड डेभ्लपमेन्ट (प्रारम्भिक बालविकास) |
| के.जी. | : | किन्डर गार्डेन (बाल उद्यान) |
| गा.पा. | : | गाउँपालिका |
| गा.वि.स. | : | गाउँ विकास समिति |
| डा. | : | डाक्टर |
| नेपा.शि. | : | नेपाली शिक्षा |
| नं. | : | नम्बर |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| वि.क. | : | विश्वकर्मा |
| वि.सं. | : | विक्रम संवत् |

# पारिभाषिक शब्दावली

| | | |
|---|---|---|
| अनुवाद | : | एक भाषाको विषयवस्तुलाई अर्को भाषामा रूपान्तरित गर्ने काम । |
| अवलम्बन | : | कुनै आधारमा टिक्ने वा अड्ने भाव । |
| उच्चारण | : | मौखिक बोलाइ; अरूले सुन्ने गरी बोलिने प्रक्रिया । |
| क्रियापद | : | क्रियाको कार्यव्यापारको रूपमा प्रयुक्त हुने शब्द । |
| त्रुटि | : | उच्चारणमा गर्ने गल्ती । |
| पदसङ्गति | : | वाक्यमा व्याकरणका नियमानुसार लिङ्ग, वचन र पुरुषसम्बन्धी पदहरू मिलाएर राख्ने काम । |
| परिधि | : | चारैतर्फको घेरा । |
| मगर भाषी | : | मातृभाषा नै मगर भाषा भएको । |
| विश्लेषण | : | कुनै वाक्यरचना आदि के-कस्तो छ र त्यसमा के-कस्ता तत्त्व छन् भनी केलाउने प्रक्रिया । |
| व्याकरणात्मक | : | व्याकरणमा आधारित । |
| सम्भावना | : | कुनै कुरा हुन सक्ने स्थिति । |
| स्केटबोर्ड | : | गुड्ने उपकरण भएको बूट मन्तिर जडी लाउने हिउँ वा कडा जमिनमा चक्करमारी चिप्लने औजार । |
| हलन्त | : | स्वररहित व्यञ्जनवर्ण अन्तमा हुने । |

# विषयसूची

पृष्ठ


**अध्याय एक**

**शोधपरिचय**

अध्ययनको पृष्ठभूमि १
समस्याकथन ४
अध्ययनको उद्देश्य ४
शोधको औचित्य ५
शोधको सीमाङ्कन ६
शोधको रूपरेखा ७

**अध्याय दुई**

**पूर्वकार्यको समीक्षा र सैद्धान्तिक पर्याधार**

पूर्वकार्यको पुनरावलोकन ८
    पुस्तक पुनरावलोकन ८
    शोधपत्र पुनरावलोकन ९
    अनुसन्धानमूलक सामग्रीको पुनरावलोकन १४
सैद्धान्तिक अवधारणा १९
भाषा शिक्षणमा त्रुटि विश्लेषणको प्रयोग र आवश्यकता २६
त्रुटि विश्लेषणका प्रक्रियाहरू २७

**अध्याय तीन**

**शोधविधि र प्रक्रिया**

शोधविधि २९
    अध्ययनको जनसङ्ख्या २९
    नमूना छनोट प्रक्रिया २९
    तथ्याङ्कको स्रोत ३०
सामग्री निर्माण ३१
तथ्याङ्क सङ्कलनका साधनहरू ३२
पूर्व परीक्षण ३२

तथ्याङ्क सङ्कलन प्रक्रिया ३२
व्याख्या विश्लेषण वा अर्थापन पद्धति ३३
त्रुटि विश्लेषणका सैद्धान्तिक आधारको सीमाङ्कन ३३
अवधारणात्मक ढाँचा ३३

**अध्याय चार**

**स्थान र जनसङ्ख्याको चिनारी**

मगर जाति र भाषा ३५
धादिङ जिल्ला ३७
सिद्धलेक गाउँपालिका ३७
छनोटमा परेका विद्यालयहरूको सामान्य परिचय ३७
जातिगत छनोटको आधार ३८

**अध्याय पाँच**

**मगर (ढुट) मातृभाषीहरूले नेपाली भाषाको उच्चारणमा गर्ने वर्णविन्यासगत त्रुटिहरू**

पृष्ठभूमि ४०
मगर (ढुट) भाषाको परिचय ४१
उच्चारणगत त्रुटि ४२
रूपगत त्रुटि ४५
एकवचनलाई बहुवचन बनाउने प्रक्रिया ४५
बहुवचनलाई एकवचन बनाउने प्रक्रिया ४८
पदावलीगत त्रुटि ५०
लिङ्गगत पदावली ५०
वचनगत पदावली ५२
पुरुषगत पदावली ५२
आदरगत पदावली ५४

**अध्याय छ**

**मगर (ढुट) मातृभाषीहरूले नेपाली भाषाको उच्चारणमा गर्ने पदसङ्गतिगत त्रुटिहरू**


पृष्ठभूमि ५७

पदसङ्गतिगत त्रुटि ५७

  लिङ्गगत पदसङ्गति ५८

  वचनगत पदसङ्गति ५८

  पुरुषगत पदसङ्गति ६०

  आदरगत पदसङ्गति ६१


**अध्याय सात**

**मगर (ढुट) मातृभाषीहरूले नेपाली भाषाको उच्चारणमा गर्ने वाक्यरचनागत त्रुटिहरू**


पृष्ठभूमि ६७

आंशिक/सीमित त्रुटि ६८

व्यापक/समग्रात्मक त्रुटि ७२

वाक्यरचना ७५

  लिङ्गको आधारमा वाक्यरचना ७५

  वचनको आधारमा वाक्यरचना ७७

  पुरुषको आधारमा वाक्यरचना ७९

  आदरको आधारमा वाक्यरचना ८०


**अध्याय आठ**

**प्राप्ति तथा निष्कर्ष**


प्राप्ति ८२

निष्कर्ष ८५

सुझाव ९१

उपादेयता ९३

भावी शोधका लागि सम्भावित शीर्षकहरू ९४

**सन्दर्भसामग्री सूची** **९६**

**परिशिष्ट**

**व्यक्तिवृत्त**

# तालिका सूची


| | | पृष्ठ |
|---|---|---|
| ५.१. | मगर (ढुट) भाषा र नेपाली भाषाबीच पाइने केही समानता | ४३ |
| ५.२. | मगर (ढुट) भाषी विद्यार्थीहरूमा पाइएका 'य' र 'ए' प्रयुक्त शब्दहरूको उच्चारणगत त्रुटिहरू | ४४ |
| ५.३. | एकवचनलाई बहुवचन बनाउने क्रममा मगर (ढुट) भाषी विद्यार्थीहरूले गरेका उच्चारणगत त्रुटिको विवरण | ४६ |
| ५.४. | बहुवचनलाई एकवचन बनाउने क्रममा मगर (ढुट) मातृभाषी विद्यार्थीहरूले गरेका उच्चारणगत त्रुटिको विवरण | ४८ |
| ५.५. | मगर (ढुट) भाषी विद्यार्थीहरूले पुलिङ्गी वाक्यलाई स्त्रीलिङ्गमा बदल्दा गरेको उच्चारणगत त्रुटि | ५५ |
| ६.१. | नेपाली भाषामा वचनगत वाक्य विवरण | ५९ |
| ६.२. | वचनगत वाक्यरचनामा अशुद्धि | ५९ |
| ६.३. | पुलिङ्गलाई स्त्रीलिङ्ग बनाउने क्रममा मगर (ढुट) मातृभाषी विद्यार्थीहरूले गरेका उच्चारणगत त्रुटिको विवरण | ६३ |
| ६.४. | स्त्रीलिङ्गलाई पुलिङ्ग बनाउने क्रममा मगर (ढुट) मातृभाषी विद्यार्थीहरूले गरेका उच्चारणगत त्रुटिको विवरण | ६५ |
| ७.१. | अशुद्ध वाक्यलाई शुद्ध बनाउने क्रममा मगर (ढुट) मातृभाषी विद्यार्थीहरूले गरेका त्रुटिको विवरण | ६८ |
| ७.२. | खुला प्रश्नावलीद्वारा प्राप्त विवरण | ७० |
| ७.३. | वर्णनात्मक शैलीको विवरण | ७२ |
| ७.४. | लिङ्गगत आधारमा वाक्यरचना | ७७ |
| ७.५. | पुरुषगत आधारमा वाक्यरचना | ८० |
| ८.१. | नेपाली भाषा र मगर (ढुट) भाषाबीच व्याकरणात्मक नियममा भिन्नता | ८८ |
| ८.२. | लिङ्गगत वाक्यरचना | ८९ |
| ८.३. | वचनको आधारमा वाक्यरचना | ८९ |
| ८.४. | पुरुषको आधारमा वाक्यरचना | ९० |

# अध्याय एक

# शोध परिचय

## अध्ययनको पृष्ठभूमि

भाषा विचार विनिमयको सशक्त माध्यम हो । भाषाविना मानवीय विचार, भावना तथा अनुभूतिहरूलाई अभिव्यक्त गर्न सकिँदैन । संसारमा हरेक मानिसहरूले आफ्नो विचार प्रस्तुत गर्नका लागि भाषा प्रयोग गर्दछ । भाषा पनि जातजाति तथा स्थानअनुसार फरक-फरक पाइन्छ । सन् २०१६ मा एथ्नोलगले पेस गरेको तथ्याङ्कअनुसार संसारमा बोलिने भाषाहरूको सङ्ख्या ७०९७ रहेको छ (बन्धु, २०७३, पृ.१९३) । यसमध्ये नेपालमा पनि मूलतः चार भाषा परिवारका भाषाहरू बोल्ने गरेको पाइन्छ ।

नेपालको संविधान २०७२ ले नेपाललाई बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहुसांस्कृतिक मुलुकका रूपमा चिनाएको छ । वि.सं. २०६८ को जनगणनाअनुसार यहाँ १२५ जातजातिहरू रहेको र १२३ भाषाहरू बोल्ने गरेको पाइन्छ (खत्री, सन् २०२०, पृ. ११४) । नेपालमा बोलिने ती १२३ ओटा भाषाहरू संसारका विभिन्न भाषा परिवारहरूमध्ये कुसुन्डा भाषालाई छोडेर भारोपेली, चिनियाँ तिब्बती, द्रविडेली र आग्नेली गरी चारओटा परिवारका भाषाअन्तर्गत पर्दछन् । नेपालको जनगणना २०६८ अनुसार यहाँ १२३ भाषाहरू बोल्ने गरेको पाइए तापनि हाल भाषा आयोग (२०७७/७८) को वार्षिक प्रतिवेदनले थप ८ ओटा भाषा पहिचानमा आएको र वर्तमान समयमा जम्मा १३१ भाषाको विवरण सार्वजनिक गरेको छ ।

भारोपेली भाषा परिवारअन्तर्गत पर्ने नेपाली भाषा नेपालमा सबैभन्दा बढी सम्पन्न, व्यापक र विस्तृत क्षेत्रमा फैलिएको भाषा हो (पौडेल र धामी, २०७६, पृ. ९४) । यसको मूल स्रोत संस्कृत भाषा हो भन्ने कुरा समाजमा व्याप्त रहेको पाइन्छ । यो नेपालको सम्पर्क भाषाको रूपमा रहेको छ । नेपालका लगभग आधाजसो मानिसहरूले यही भाषालाई मातृभाषाको रूपमा प्रयोग गर्दै आएका छन् ।

वि.सं. २०६८ को जनगणनाको आधारमा नेपालमा मात्र नभएर संसारमा नै सबैभन्दा बढी वक्ता सङ्ख्या भएको भाषा परिवार भारोपोली परिवार हो । त्यसपछिको दोस्रो

ठुलो भाषा परिवार  भोटबर्मेली भाषा परिवारअन्तर्गत तामाङ, नेपाल, मगर, राई किराँती, गुरुङ, लिम्बु, शेर्पा र सुनुवार भाषा पर्दछन् । यी भाषाहरूमध्ये वि.सं. २०६८ को जनगणनाअनुसार मगर भाषा बोल्नेको सङ्ख्या २.९८ % रहेको पाइन्छ (आचार्य, सन् २०१९, पृ. २२६) ।

आमाको काखमा रमाउँदै होस् या परिवारमा तातेताते गर्दै पहिलोपटक प्राकृतिक र स्वतन्त्र तवरले सिकेको भाषा नै मातृभाषा हो । वर्तमान सन्दर्भमा समय, परिवेश र परिस्थितिवश सबै बच्चाले आमासँगै भाषा सिक्छन् भन्ने छैन । जेजसरी भए पनि बच्चाले पहिलो पटक सिकेको भाषालाई नै वास्तवमा पहिलो वा मातृभाषा मान्नुपर्छ (पौडेल र भट्टराई, २०७७, पृ. ३८) ।

नेपालमा आधाजसो मानिसहरूले नेपाली भाषालाई नै मातृभाषाको रूपमा प्रयोग गरे तापनि यसबाहेक अन्य भाषालाई मातृभाषाको रूपमा प्रयोग गर्नेहरूको सङ्ख्या पनि प्रशस्त भेटिन्छ । त्यसमध्ये मगर भाषा पनि एक हो (मगर, २०६८, पृ. ३४) ।

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक भएको कुरालाई मनन गर्दै नेपाल सरकारले नेपालको संविधान, २०७२ को भाग ३ धारा ३१ उपधारा ५ मा ‘नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ (श्रेष्ठ, २०७५/७६, पृ. १२३)’ भन्ने कुरा उल्लेख गरेको पाइन्छ । यति हुँदाहुँदै पनि हाम्रो देश नेपालमा नेपाली भाषा विषयलाई अनिवार्य विषयको रूपमा लागु गरेको हुनाले नेपाली भाषा अनिवार्य विषयको रूपमा पढ्नुपर्ने बाध्यता रहेको छ ।

भाषा सिकाइ भनेको भाषाको सिकाइ नभएर भाषिक सिपहरू (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को सिकाइ हो । भाषाका ती चारओटा सिपहरूमा सक्षम बनाउनका लागि सम्बन्धित भाषामा तयार पारिएका भाषिक सामग्रीहरूको प्रयोग गरिन्छ । सिकारुको पहिलो भाषामा आधारित सामग्रीहरूलाई प्रयोग गरी भाषिक सिप विकास गर्न जति सहज हुन्छ, दोस्रो भाषामा निर्मित सामाग्रीहरू प्रयोग गरी भाषिक सिप विकास गर्न त्यति कठिन हुन्छ ।

नेपालका कतिपय विद्यालय तथा विश्वविद्यालयहरूमा दोस्रो भाषाका रूपमा नेपाली सिक्ने/पढ्ने विद्यार्थीहरू पनि प्रशस्त मात्रामा भेट्न सकिन्छ । नेपाली भाषालाई दोस्रो

भाषाको रूपमा सिक्ने विद्यार्थीहरूमध्ये मगर (ढुट) मातृभाषा भएका विद्यार्थीहरू पनि एक हो । मगर (ढुट) मातृभाषीहरूले नेपाली भाषा सिक्ने क्रममा भाषिक सिपका विभिन्न तहमा त्रुटि गर्ने गर्दछन् । तीमध्ये उच्चारण अर्थात् बोलाइमा गर्ने त्रुटि पनि एक हो । भाषाका चारओटा सिपहरूमध्ये बोलाइ सिपको उच्च महत्त्व रहेको पाइन्छ । सबै उमेर समूहका मानिसहरूले भाषाको बोलाइ सिपको बढी प्रयोग गर्ने गर्दछन् । पढाइ र लेखाइ सिप प्राप्त गर्न नसकेका वक्ताहरूले पनि बोलाइ सिपको भने प्रयोग गरिरहेका हुन्छन् । यसरी बोलाइ सिपमा आधारित रहेर मगर मातृभाषीहरूले पनि स्तरीय नेपाली भाषा बोल्ने क्रममा प्रशस्त त्रुटि गरेको पाइन्छ ।

त्रुटि विश्लेषण कुनै पनि भाषा सिकारुको सिकाइ प्रक्रियाको अध्ययन गर्ने एउटा महत्त्वपूर्ण पद्धति हो । यो भाषाको त्रुटिपरक अध्ययनका दृष्टिले प्रायोगिक र सैद्धान्तिक दुवै कोणबाट महत्त्वपूर्ण र स्वतन्त्र विधाका रूपमा गतिशील छ । त्रुटि विश्लेषणात्मक अध्ययनबाट प्रत्यक्ष भाषा सिकाइका क्रममा सिकारुले गर्ने त्रुटिको यथार्थ ज्ञान हुन्छ भने सिकारुको सिकाइ प्रवृत्ति र सिकाइ क्रमको पनि तथ्यपूर्ण जानकारी प्राप्त हुन्छ (पौडेल, २०७३, पृ. १९९) । त्रुटिलाई वर्गीकरण गर्ने सिलसिलामा लेखक माधव प्रसाद पौडेलले आफ्नो पुस्तक 'प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू' मा त्रुटिलाई भाषिक एकाइगत त्रुटि, सिकाइ प्रक्रियागत त्रुटि, स्रोतगत त्रुटि, गम्भीरतागत त्रुटि, स्वरूपगत त्रुटि, जटिलतागत त्रुटि, मात्रागत त्रुटि र अनौचित्यगत त्रुटि गरी आठ भागमा वर्गीकरण गरेका छन् ।

भाषा सिकाइका क्रममा सिकारुले गरेका त्रुटिहरूलाई विश्लेषण गरी शिक्षण गरिएको भाषा सिकाइ प्रभावकारी र फलदायी हुने देखिन्छ । प्रस्तुत शोधमा धादिङ जिल्लाको सिद्धलेक गाउँपालिकाको आधारभूत तहमा अध्ययन गर्ने मगर मातृभाषीहरूले स्तरीय नेपाली उच्चारणमा गर्ने त्रुटिहरूको पहिचान र वर्गीकरण गरी शैक्षणिक सन्दर्भका आधारमा विश्लेषण गरिएको छ । तसर्थ धादिङ जिल्लाको सिद्धलेक गाउँपालिकाको आधारभूत तहमा अध्ययनरत मगर मातृभाषीहरूको स्तरीय नेपाली उच्चारणमा यस कार्यले थप सहयोग पुग्ने देखिएको छ ।

## समस्याकथन

मगर (ढुट) भाषा मातृभाषा भएका विद्यार्थीहरूले नेपाली भाषाको अन्य पक्षमा भन्दा पनि विशेषगरी उच्चारणमा बढी त्रुटि गर्ने गरेको पाइन्छ । तसर्थ मगर (ढुट) मातृभाषीहरूले स्तरीय नेपाली भाषाको उच्चारण गर्दा के-कस्ता त्रुटिहरू गर्दछन् भन्ने कुराको व्यवस्थित खोजी गरी उक्त त्रुटिहरूको निराकरण गर्नु अत्यावश्यक देखिन्छ । ती त्रुटिहरूले नेपाली भाषाको सिकाइमा प्रत्यक्ष प्रभाव पर्न गई सिकाइमा कमजोर बन्न पुग्दछ । यसर्थ मगर (ढुट) मातृभाषीहरूले स्तरीय नेपाली भाषाको उच्चारणमा के-कस्ता त्रुटिहरू गर्छन् भन्ने कुराको खोजी गर्नु नै यस शोधको प्रमुख समस्या हो ।

प्रस्तुत शोधपत्र देहायबमोजिमका प्रश्नहरूको तथ्यपरक समाधान खोजी गरी विश्लेषण गर्नमा केन्द्रित रहेको छ :-

क) मगर (ढुट) मातृभाषीहरूले स्तरीय नेपाली भाषाको उच्चारणमा के-कस्ता वर्णविन्यासगत त्रुटिहरू गर्छन् ?

ख) मगर (ढुट) मातृभाषीहरूले स्तरीय नेपाली उच्चारणमा के-कस्ता पदसङ्गतिगत त्रुटिहरू गर्छन् ?

ग) मगर (ढुट) मातृभाषीहरूले स्तरीय नेपाली भाषाको उच्चारणमा वाक्यरचनासम्बन्धी के-कस्ता त्रुटिहरू गर्छन् ?

## अध्ययनको उद्देश्य

वर्तमान सन्दर्भमा प्रायजसो मगर (ढुट) भाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषाको सिकाइमा विविध क्षेत्रमा त्रुटि गरेको पाइन्छ । त्यस्ता त्रुटिहरूको पहिचान गरी विश्लेषण गर्ने उद्देश्यले यस अध्ययन कार्यलाई अघि बढाइएको हो । प्रस्तुत शोधकार्यको मुख्य उद्देश्य समस्या कथनमा उल्लेख गरिएका समस्याहरूको समाधान गर्नु रहेको छ । बुँदागत रूपमा प्रस्तुत गर्नु पर्दा प्रस्तुत शोधका उद्देश्यहरू देहायबमोजिम रहेकाछन् :

क) मगर (ढुट) भाषीहरूले स्तरीय नेपाली भाषाको उच्चारणमा गर्ने वर्णविन्यासगत त्रुटिहरूको पहिचान गरी विश्लेषण गर्नु,

ख) मगर (ढुट) भाषीहरूले स्तरीय नेपाली भाषाको उच्चारणमा गर्ने पदसङ्गतिगत त्रुटिहरूको पहिचान गरी विश्लेषण गर्नु र

ग)	मगर (ढुट) भाषीहरूले स्तरीय नेपाली भाषाको उच्चारणमा गर्ने वाक्य रचनागत त्रुटिहरूको पहिचान गरी विश्लेषण गर्नु ।

## शोधको औचित्य

भाषिक सिपहरूको प्रभावकारी प्रयोग र विकासका लागि भाषा शिक्षणको औचित्य पुष्टी हुन्छ ।  भाषा सिकाइमा भाषाका चारओटै सिपहरू (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को समान महत्त्व रहेको हुन्छ । भाषाका चारओटा सिपहरूमध्ये बोलाइ सिपअन्तर्गत समेटिने उच्चारणको अलि बढी महत्त्व रहेको देखिन्छ । उच्चारण गर्न जान्नु भनेको नै बोलाइ सिपमा अगाडि बढ्नु हो । मानिसले उच्चारण गर्न जानेपछि उसमा बोलाइ सिपको विकास सम्भव हुन्छ । बोलाइ सिपको प्रयोग शिक्षित अशिक्षित सबैले गर्छन् । जुनसुकै उमेर समूहका मानिसले प्रयोग गर्ने भाषिक सिप बोलाइ सिप हो । त्यसैले उचित बोलाइ सिपको विकासको लागि उचित उच्चारण हुनु जरुरी छ । यसका साथै प्रभावकारी र सम्प्रेषणीय बोलाइ हुनका लागि शुद्ध उच्चारण हुनु अति आवश्यक छ ।

नेपालका विद्यालयहरूमा मगर (ढुट) मातृभाषी विद्यार्थीहरू उल्लेख्य मात्रामा रहेको छ । मगर जातिको बारेमा अध्ययन अनुसन्धान कार्य भइरहेको पाइए तापनि मगर (ढुट) भाषी विद्यार्थीहरूले स्तरीय नेपाली उच्चारणमा गर्ने त्रुटिको बारेमा गरिएको अनुसन्धान कार्य पाउन मुस्किल छ । यस शोधमा आधारभूत तह (कक्षा ५) मा अध्ययनरत मगर मातृभाषीहरूले स्तरीय नेपाली भाषाको उच्चारणअन्तर्गत वर्णविन्यासगत, पदसङ्गतिगत, र वाक्यरचनागत गर्ने त्रुटिहरूको बारेमा खोजी गरिएको छ र ती त्रुटिहरूको क्षेत्र तथा प्रकृति र प्रकारसम्बन्धी स्पष्ट सुझ प्रदान गरिएको छ । मगर (ढुट) भाषालाई नै मातृभाषाको रूपमा अँगाल्दै आइरहेका विद्यार्थीहरूको स्तरीय नेपाली भाषामा सिकाइ उपलब्धि कम भइरहेको परिप्रेक्ष्यमा यस अध्ययन कार्यले उनीहरूले स्तरीय नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिहरूको बारेमा उचित खोज गरी त्रुटि निराकरणका लागि महत्त्वपूर्ण सघाउ पुऱ्याउने गरी तयार गरिएको छ ।

प्रस्तुत शोधको प्राप्ति र निष्कर्ष आधारभूत तह (कक्षा ५) मा अध्ययन गर्ने मगर (ढुट) मातृभाषी विद्यार्थीहरू, भाषा शिक्षणका शिक्षकहरू, भाषिक अनुसन्धानकर्ता आदि सबैलाई प्रत्यक्ष-परोक्ष रूपमा उपयोगी हुनेछ भन्ने अपेक्षा गरिएको छ । स्थानीय तहको

पाठ्यक्रम निर्माण, द्विभाषिक र बहुभाषिक शिक्षण तथा प्रभावकारी कक्षा व्यवस्थापनार्थ यसको शैक्षणिक उपादेयता रहने, भविष्यमा मगर मातृभाषी विद्यार्थीको सम्बन्धमा गरिने जुनसुकै शोधकार्यलाई पनि उपयोगी हुने र उच्चारण सिपको आधारमा तयार गरिएको यस सामग्रीले बोलाइ सिपको बारेमा अध्ययन गर्न चाहने अध्ययताहरूलाई पनि सहयोग पुऱ्याउने भएकोले यस शोधको औचित्य सार्थक रहेको छ ।

## शोधको सीमाङ्कन

अध्ययन कार्यमा सम्पूर्ण पक्षलाई समेट्न कठिन हुन्छ । अध्ययन कार्यलाई अगाडि बढाउनका लागि अध्ययनको क्षेत्रलाई स्पष्ट किटान गर्नुपर्दछ । प्रस्तुत शोधलाई उपलब्धिमूलक र व्यवस्थित तरिकाले अगाडि बढाउन देहायबमोजिमका सीमा तोकिएको छ

- प्रस्तुत शोधमा धादिङ जिल्लाको सिद्धलेक गाउँपालिकाको आधारभूत तहका मगर (ढुट) मातृभाषी विद्यार्थीहरूलाई मात्र सहभागी गराइएको छ,
- कक्षा पाँचका मगर (ढुट) मातृभाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिको विश्लेषणमा केन्द्रित रहेको छ,
- उक्त जिल्लाको सिद्धलेक गाउँपालिकाका कालीदेवी मा.वि., जलेश्वरी मा.वि र मालिका आ.वि. गरी तीन विद्यालयहरूलाई मात्र छनोट गरिएको छ,
- उक्त तीन विद्यालयबाट जम्मा २२ जना मगर (ढुट) भाषी विद्यार्थीहरूलाई मात्र सहभागी गराइएको छ,
- यस शोधमा भाषिक एकाइगत त्रुटिअन्तर्गत पर्ने उच्चारणगत त्रुटि, रूपगत त्रुटि र पदावलीगत त्रुटिको मात्र पहिचान, व्याख्या तथा विश्लेषण गरिएको छ,
- मात्रागत त्रुटिअन्तर्गत पर्ने आंशिक/सीमित त्रुटि र व्यापक/समग्रात्मक त्रुटिको मात्र पहिचान, व्याख्या तथा विश्लेषण गरिएको छ,
- प्रस्तुत शोधमा वर्णविन्यासअन्तर्गत 'य' र 'ए' को प्रयोगसम्बन्धी त्रुटि, आकार र ओकारको प्रयोगसम्बन्धी त्रुटि, हलन्त र अजन्त शब्दको प्रयोगसम्बन्धी त्रुटिहरूको मात्र अध्ययन गरिएको छ,
- पदसङ्गतिअन्तर्गत कर्ता र क्रियाबिचको सङ्गतिगत त्रुटिहरूको मात्र अध्ययन गरिएको छ र

- वाक्य रचनाअन्तर्गत लिङ्ग, वचन र पुरुषसम्बन्धी त्रुटिहरूको मात्र अध्ययनलाई सीमित गरिएको छ ।

## शोधको रूपरेखा

- अध्याय एक : अध्ययनको पृष्ठभूमी
- अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा
- अध्याय तीन : शोधविधि र प्रक्रिया
- अध्याय चार : स्थान र जनसङ्ख्याको चिनारी
- अध्याय पाँच : मगर (ढुट) मातृभाषीहरूले नेपाली भाषाको उच्चारणमा गर्ने वर्णविन्यासगत त्रुटिहरू
- अध्याय छ : मगर (ढुट) मातृभाषीहरूले नेपाली भाषाको उच्चारणमा गर्ने पदसङ्गतिगत त्रुटिहरू
- अध्याय सात : मगर (ढुट) मातृभाषीहरूले नेपाली भाषाको उच्चारणमा गर्ने वाक्यरचनागत त्रुटिहरू
- अध्याय आठ : प्राप्ति तथा निष्कर्ष

  सन्दर्भसामग्री सूची

  परिशिष्ट

  व्यक्तिवृत्त

# अध्याय दुई

# पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक पर्याधार

## पूर्वकार्यको पुनरावलोकन

कुनै अनुसन्धान कार्य गर्नुपूर्व त्यससम्बन्धी विगतमा के-कस्ता अध्ययनहरू भएका छन् भनी खोजी गरेर ती अध्ययनहरूको समीक्षा गर्ने कार्य नै पूर्वकार्यको पुनरावलोकन हो । पूर्वकार्यको पुनरावलोकनले वर्तमानको अध्ययन कार्यलाई अघि बढ्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । प्रस्तुत शोधमा मगर भाषासँग सम्बन्धित विषयमा यस अघि विभिन्न लेखक तथा समालोचकहरूले व्यक्त गरेका अभिव्यक्तिहरूको आधारमा पूर्वकार्यको पुनरावलोकनलाई देहायबमोजिम प्रस्तुत गरिएको छ :

### पुस्तक पुनरावलोकन

सिङ्जाली (२०६७) को 'कन्भरसेसन इन मगर (ढुट) ल्याङ्ग्वेज (मगर ढुटमा बोलचाल)' कृतिमा पर्याप्त मात्रामा मगर भाषाका शब्दहरू र मगर भाषाको व्याकरणसँग सम्बन्धित पक्षहरू प्रस्तुत गरिएको पाइन्छ । यसमा मगर भाषालाई मगर ढुट, मगर खाम पाङ र मगर काइके गरी तीन प्रकारमा विभाजन गरिएको कुरा पनि उल्लेख छ (पृ. १) । त्यसका साथै मगर ढुटमा प्रयोग हुने आधा अक्षरको चिनारी गर्ने काम पनि भएको पाइन्छ । यस कृतिअन्तर्गतको 'लिङ्ग भेदमा क्रियापदको प्रयोग' शीर्षकमा नेपाली भाषामा पुलिङ्ग र स्त्रीलिङ्ग छुट्याउन क्रियापद पनि फरक-फरक प्रयोग गरिन्छ तर मगर भाषामा लिङ्गभेद गरेर क्रियापद प्रयोग गरिँदैन भन्ने कुरालाई प्रस्तुत गरिएको पाइन्छ । यसबाट मगर मातृभाषीहरूले नेपाली उच्चारणमा त्रुटि गर्नुको कारणहरूमध्ये मगर ढुटमा लिङ्गभेद गरेर क्रियापद प्रयोग नगरिनु पनि एक हो भन्ने कुरा स्पष्ट हुन्छ । अतः यस लेखले मगर भाषी विद्यार्थीको उच्चारणगत त्रुटि पहिचान र विश्लेषणमा विशेष सहयोग पुगेको छ ।

पौडेल र भट्टराई (२०७७) द्वारा लिखित 'नेपालको भाषानीति र योजना आधार' पुस्तकमा भाषानीतिको अवधारणात्मक परिचयको साथै भाषानीतिको आवश्यकता र महत्त्वलाई पनि प्रस्ट पारिएको छ । यस पुस्तकमा बहुभाषिक समुदायमा सबै भाषालाई वक्ताले उही स्थानका रूप र उस्तै स्तरबाट बोध नगर्ने भएकोले भाषा प्रयोगको तहगत अवस्थाअनुसार प्रधान भाषा, सहायक भाषा, पूरक भाषा, सम्पूरक भाषा, समतुल्य भाषा र

सम्पर्क भाषा गरी भाषाका ६ ओटा तह रहेको कुरा पनि चर्चा गरिएको पाइन्छ । यस पुस्तकमा वि.सं. २०६८ को जनगणनाको आधारमा १२३ भाषामध्ये १४ ओटा भाषामा मात्र १ % भन्दा बढी वक्ता सङ्ख्या रहेको र १०९ ओटा भाषाका वक्ता १ % भन्दा कम रहेको कुरा पनि यस पुस्तकमा उल्लेख गरिएको छ । उक्त पुस्तकमा भाषासम्बन्धी यस्ता विविध कुराहरू समावेश गरिएकोले प्रस्तुत शोधका लागि उपयोगी रहेको छ ।

**शोधपत्र पुनरावलोकन**

बस्याल (२०६८) ले 'स्याङ्जा जिल्ला मालुङ्गा गा.वि.स.का मगर जातिहरूको सामाजिक, आर्थिक, तथा सांस्कृतिक अवस्थाको अध्ययन' शीर्षकमा त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत पृथ्वीनारायण क्याम्पसमा आफ्नो शोध प्रस्तुत गरेका छन् । स्याङ्जा जिल्ला मालुङ्गा गा.वि.स. मा रहेका मगर जातिहरूको ऐतिहासिकताबारे चिनारी दिनु, त्यहाँका मगर जातिको सामाजिक तथा सांस्कृतिक अवस्थाको चित्रण गर्नु र यस अध्ययन क्षेत्रका मगर जातिको आर्थिक अवस्थाको बारेमा वर्णन गर्नु जस्ता उद्देश्य पूरा गर्ने हेतुले गरिएको यस शोधकार्यमा सामाजिक, आर्थिक अवस्थाको सूचाङ्कको रूपमा परिवारको आकार, जनसङ्ख्या, परिवारको प्रकार, विवाहको प्रकार जस्ता कुराहरूलाई समावेश गरिएको छ । यस शोधपत्रको 'छोरा छोरीप्रतिको दृष्टिकोण' शीर्षकमा मगर जातिमा छोरीलाई भन्दा छोरालाई बढी महत्त्व दिने र छोरीलाई 'अर्काको नासो' को उपनाम दिई फरक फरक व्यवहार गर्ने कुरा उल्लेख गरिएको छ । यसर्थ शिक्षाको क्षेत्रमा अलि कम मात्रामा लाग्ने गरेकोले पनि नेपाली उच्चारणमा त्रुटि देखा परेको कुरा स्पष्ट हुन्छ । तसर्थ यस शोधवाट यस अध्ययनका लागि सैद्धान्तिक आधार निर्माणमा मद्दत पुगेको छ ।

पराजुली (२०७१) द्वारा 'कक्षा नौमा अध्ययनरत चेपाङ भाषी विद्यार्थीहरूले नेपाली भाषाको वाक्यगठनमा गर्ने त्रुटिको अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको पाइन्छ । उक्त शोधको उद्देश्य नेपाली भाषाको वाक्यगठनमा कक्षा नौमा अध्ययनरत चेपाङ भाषी विद्यार्थीहरूले गर्ने त्रुटिहरू पहिल्याउनु, पहिले मातृभाषाका प्रभावले सिर्जना हुने त्रुटिहरू छुट्याउनु, कक्षा नौमा अध्ययनरत चेपाङभाषी विद्यार्थीहरूले वाक्यगठनमा गर्ने त्रुटिहरूको निराकरणका उपाय सुझाउनु रहेको छ । उक्त शोधमा चेपाङ मातृभाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषा सिक्ने क्रममा नेपाली भाषाको पर्याप्त वातावरण नपाएकोले

व्याकरणिक कोटिहरूमा कुनै न कुनै त्रुटि गरेको; विद्यार्थीका अधिकांश त्रुटिहरूसिकाइको अपूर्णताका कारण हुने गरेको; विद्यार्थीका असचेतता वा असावधानीका कारण पनि थुप्रै त्रुटि हुने गरेको; शिक्षक भाषा शिक्षणमा भाषिक सिपको शिक्षणमा भन्दा विषयवस्तुको ज्ञान दिनमा बढी केन्द्रित भएकोले पनि त्रुटिलाई बढावा दिएको; गृहकार्य, कक्षाकार्य, अतिरिक्त क्रियाकलाप, आन्तरिक मूल्याङ्कनको कमीको कारण पनि त्रुटि निराकरण हुन नसकेको; विद्यार्थीले नेपाली भाषाको आंशिक र गलत सामान्यीकरण गर्नुको कारणले पनि नेपाली भाषाको सिकाइमा त्रुटि गरेको; चेपाङ भाषामा वचन, लिङ्ग, पुरुष परिवर्तन भएपनि क्रियामा परिवर्तन नहुनाले पनि स्तरीय नेपाली भाषाका वाक्यगठनमा त्रुटि गरेको जस्ता निष्कर्ष निकालिएको छ । उक्त शोधको अध्ययनबाट प्रस्तुत शोधलाई सैद्धान्तिक अवधारणा निर्माण गर्न मद्दत पुगेको छ ।

घिमिरे (२०७३) द्वारा 'बङ्गाली मातृभाषी विद्यार्थीले नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिहरूको अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको छ । यस शोधको उद्देश्य बङ्गाली मातृभाषी विद्यार्थीले उच्चारणमा गर्ने त्रुटिहरूको पहिचान गर्ने, उक्त त्रुटिहरूको वर्गीकरण गर्ने, उक्त त्रुटिहरू हुने कारण पत्ता लगाउने र उक्त त्रुटिहरूको निराकरणका लागि उपायहरू पहिल्याउने रहेको छ । यस शोधमा अध्ययनको संरचना, जनसङ्ख्या र नमुना, नमुना छनोट प्रक्रिया, तथ्याङ्क सङ्कलनका साधन, तथ्याङ्क सङ्कलन प्रक्रिया, तथ्याङ्क सङ्कलन र व्याख्या प्रक्रिया जस्ता विधि तथा प्रक्रिया अवलम्बन गरिएको छ । यसमा बङ्गाली मातृभाषी विद्यार्थीहरूको नेपाली भाषाका ४७ ओटा वाक्यहरू र १५४ ओटा शब्दहरूको उच्चारणका साथै अनुच्छेद पठन र स्वतन्त्र अभिव्यक्तिका क्रममा आदरभेद र लिङ्गभेद नपाइएको, जुनसुकै पुरुषमा पनि एकै प्रकारका क्रियापदहरू प्रयोग गरेको, 'न' लाई 'ण' र 'ण' लाई 'न' उच्चारण गरेको, 'ह' वर्णको प्रयोग भएको शब्द उच्चारण गर्दा 'ह' वर्ण नै लोप भएको, 'त' को स्थानमा 'थ' र 'ध' को स्थानमा 'द' को प्रयोग गरेको जस्ता थुप्रै त्रुटिहरू उल्लेख गरिएको छ । यसमा विद्यार्थीहरूको असचेत मनस्थिति, अभ्यस्त भइसकेको आदत, विद्यालयमा मात्र त्रुटि सच्याउने अवसर, नेपाली विषयका शिक्षकले मात्र त्रुटि सच्याउने गरेको, अभ्यासको कमी लगायतका कारणबाट बङ्गाली मातृभाषी विद्यार्थीले नेपाली भाषाको उच्चारणमा त्रुटि गरेको निष्कर्षमा पुगेको यस अनुसन्धान कार्य उच्चारणसँग सम्बन्धित रहेकाले प्रस्तुत शोध कार्यमा यसले सैद्धान्तिक अवधारणाको निर्माण, अध्ययन विधि छनोट तथा अध्ययनको आधार निर्माण गर्न सहयोग पुऱ्याएको छ ।

राउत (२०७४) द्वारा 'दाङ जिल्लाका कक्षा पाँचमा अध्ययनरत थारुभाषी विद्यार्थीहरूले स्तरीय नेपाली उच्चारणमा गर्ने त्रुटिको अध्ययन' शीर्षकमा शोधपत्र तयार गरिएको छ । उक्त शोधको उद्देश्य दाङ जिल्लाका कक्षा पाँचमा अध्ययनरत थारुभाषी विद्यार्थीहरूले स्तरीय नेपाली उच्चारणमा गर्ने त्रुटिहरू पहिल्याउनु, उक्त जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका कक्षा पाँचमा अध्ययनरत थारुभाषी विद्यार्थीहरूले स्तरीय नेपाली उच्चारणमा गर्ने त्रुटिको तुलनात्मक अध्ययन गर्नु र उक्त त्रुटिहरू हुनाका कारणहरू पत्ता लगाउनु रहेको छ । उक्त शोधमा थारुभाषी विद्यार्थीहरूले नेपाली भाषाको उच्चारण गर्दा 'त' को ठाउँमा 'ट', 'ट' को ठाउँमा 'त', 'अ' को ठाउँमा 'आ', 'ण' को ठाउँमा 'न', 'थ' को ठाउँमा 'ठ', 'द' को ठाउँमा 'ड' को प्रयोग गरेको; लेख्य चिन्हको ख्यालै नगरी संवाद र अनुच्छेद वाचन गरेको जस्ता त्रुटिहरू नेपाली भाषाको उच्चारणमा देखा परेको निष्कर्ष निकालिएको छ । उक्त शोधको अध्ययनपश्चात् प्रस्तुत शोधको सैद्धान्तिक आधार तयार गर्न र शोधकार्यको उद्देश्य निर्माण गर्न मद्दत पुगेको छ ।

ढेँगा (२०७५) द्वारा 'मगर भाषी विद्यार्थीहरूको स्तरीय नेपाली उच्चारण क्षमता' शीर्षकमा शोधपत्र तयार गरिएको पाइन्छ । उक्त शोध मगर भाषी विद्यार्थीहरूको स्तरीय नेपाली उच्चारण क्षमताको अध्ययन गर्ने, लैङ्गिकताका आधारमा मगर भाषी विद्यार्थीहरूको स्तरीय नेपाली उच्चारण क्षमताको तुलना गर्ने र विद्यालय प्रकृतिका आधारमा मगर भाषी विद्यार्थीहरूको स्तरीय नेपाली उच्चारण क्षमताको तुलना गर्ने उद्देश्यमा केन्द्रित रहेको छ । उक्त शोधमा 'त' वर्णको उच्चारण, 'अह्रायो' शब्दको उच्चारण, 'छ' र 'क्ष' वर्ण प्रयुक्त शब्दको उच्चारण, 'भावना' र 'निर्दयी' शब्दको उच्चारण, 'त' र 'ट' प्रयुक्त शब्दहरूमध्ये 'टुङ्गो' शब्दको उच्चारण, 'उपद्रो' र 'शंका' शब्दको उच्चारण आदिमा त्रुटि गरेको, लैङ्गिकताको आधारमा वर्णगत उच्चारणको अवस्थालाई हेर्दा छात्रको भन्दा छात्राहरूको उच्चारण अवस्था राम्रो रहेको र विद्यालय प्रकृतिका आधारमा वर्णगत उच्चारणको अवस्था हेर्दा सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयको उच्चारण अवस्था राम्रो रहेको निष्कर्ष निकालिएको छ । उक्त शोधको अध्ययन पश्चात् प्रस्तुत शोधको उद्देश्यको निर्माण र अध्ययनको आधार निर्माण गर्न उपयोगी रहेको छ ।

यादव (२०७५) द्वारा 'कक्षा आठमा अध्ययनरत मैथिलीभाषी विद्यार्थीहरूले स्तरीय नेपाली उच्चारणमा गर्ने त्रुटिहरूको अध्ययन' शीर्षकमा शोधपत्र तयार गरिएको पाइन्छ ।

उक्त शोधको उद्देश्य कक्षा आठमा अध्ययनरत मैथिलीभाषी विद्यार्थीहरूले स्तरीय नेपाली उच्चारणमा गर्ने त्रुटिहरू पत्ता लगाउनु, कक्षा आठमा अध्ययनरत मैथिलीभाषी विद्यार्थीहरूले वाक्यगत उच्चारणमा गर्ने त्रुटिहरू पत्ता लगाउनु, लैङ्गिकताका आधारमा कक्षा आठमा अध्ययनरत मैथिलीभाषी विद्यार्थीहरूले स्तरीय नेपाली उच्चारण र वाक्यगत उच्चारणमा गर्ने त्रुटिहरू पत्ता लगाउनु तथा विद्यालय प्रकृतिको आधारमा कक्षा आठमा अध्ययनरत मैथिलीभाषी विद्यार्थीहरूले स्तरीय नेपाली उच्चारणमा र वाक्यगठनमा गर्ने त्रुटिहरू पत्ता लगाउनु भनी किटान गरिएको छ । उक्त शोधमा शब्दको सुरुमा प्रयोग भएको आधा 'स', चन्द्रबिन्दु लागेका शब्दहरू, 'य' वर्ण, संयुक्त व्यञ्जन वर्ण, 'क्ष' र 'छ' वर्ण, प्राणत्व, 'ह' वर्ण, आकार र अकार आदि सम्बन्धी उच्चारणमा त्रुटि गरेको; 'ण' लाई 'न', 'ड' र 'ढ' लाई 'र' उच्चारण गरेको निष्कर्ष निकालिएको छ । उक्त शोधको अध्ययन पश्चात् प्रस्तुत शोधको सैद्धान्तिक अवधारणा निर्माण गर्न र शोधको रूपरेखा निर्माण गर्न सहयोग पुगेको छ ।

सर्वरिया (२०७५) द्वारा 'कक्षा दसका मैथिली मातृभाषी विद्यार्थीहरूले नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिहरूको अध्ययन' शीर्षकमा जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरीमा आफ्नो शोध प्रस्तुत गरेका छन् । उनले प्रस्तुत गरेका उक्त शोध कक्षा दसका मैथिली मातृभाषी विद्यार्थीहरूले नेपाली भाषाको उच्चारण गर्दा गर्ने त्रुटिहरूको पहिचान गर्ने, त्रुटिहरूको मुख्य कारण पत्ता लगाउने, त्रुटिहरूका प्रकारहरू कस्ता कस्ता छन् पत्ता लगाउने, मैथिली मातृभाषी विद्यार्थीहरूले नेपाली भाषा उच्चारण गर्दा गर्ने त्रुटिहरूको निराकरणका उपायहरू पत्ता लगाउने जस्ता उद्देश्यमा केन्द्रित रहेको छ । उक्त शोधमा मैथिली मातृभाषीहरूको उच्चारणमा आदरभेद र लिङ्गभेद नपाइएको; जुनसुकै पुरुषमा पनि एकै प्रकारका क्रियापदहरू प्रयोग गरेको; 'य' लाई 'अ', 'ड' लाई 'ढ', 'ट' लाई 'ठ', 'द' लाई 'ध', 'ए' लाई 'य' उच्चारण गरेको र पहिलो भाषाको प्रभावले दोस्रो भाषाको सिकाइलाई जटिल बनाएको कारण नेपाली भाषाको उच्चारणमा त्रुटि देखा परेको निष्कर्ष निकालिएको छ । उक्त शोधको अध्ययन पश्चात् प्रस्तुत शोधको रूपरेखा निर्माण गर्न र अध्ययन विधि छनोटका लागि आधार प्राप्त भएको छ ।

तामाङ (२०७६) द्वारा 'कक्षा पाँचमा अध्ययनरत तामाङभाषी विद्यार्थीहरूले नेपाली भाषा उच्चारणमा गर्ने त्रुटि' शीर्षकमा शोधपत्र तयार गरिएको पाइन्छ । उक्त शोध कक्षा पाँचमा अध्ययनरत तामाङ भाषी विद्यार्थीहरूले नेपाली भाषा उच्चारणमा गर्ने त्रुटिहरू पत्ता

लगाउने, विद्यालय प्रकृतिको आधारमा कक्षा पाँचमा अध्ययनरत तामाङ भाषी विद्यार्थीहरूले नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिहरू र ती त्रुटिका कारणहरू पत्ता लगाउने, कक्षा पाँचमा अध्ययनरत तामाङभाषी विद्यार्थीहरूले नेपाली भाषा उच्चारणमा गर्ने त्रुटिहरूको निराकरणका लागि उपायहरू सुझाउने उद्देश्यमा केन्द्रित रहेको छ । उक्त शोधमा तामाङभाषी विद्यार्थीहरूले प्राणत्व, घोषत्व, अनुनासिक, अ, ह, स, द, वर्णहरूको उच्चारणमा बढी त्रुटि गरेको; रेफ लागेको शब्दलाई रेफ नलगाई उच्चारण गरेको; लेख्य चिन्हको ख्याल नगरी उच्चारण गरेको जस्ता त्रुटिहरू पाइएको र संस्थागत विद्यालयका विद्यार्थीहरूको नेपाली उच्चारण बढी शुद्ध रहेको निष्कर्ष निकालिएको छ । उक्त शोधको अध्ययन पश्चात् प्रस्तुत शोधको सैद्धान्तिक आधार र उद्देश्य निर्माणमा सहयोग पुगेको छ ।

भट्ट (२०७६) द्वारा 'कक्षा पाँचका दार्चुलेली भाषी विद्यार्थीहरूले नेपाली उच्चारणमा गर्ने त्रुटि' शीर्षकमा शोधपत्र तयार पारिएको पाइन्छ । उक्त शोध कक्षा पाँचमा अध्ययनरत दार्चुलेली भाषी विद्यार्थीहरूले नेपाली उच्चारणमा गर्ने त्रुटि पत्ता लगाउने र उक्त त्रुटिको विश्लेषण गर्ने उद्देश्यमा केन्द्रित रहेको छ । उक्त शोधमा ९२ % विद्यार्थीहरूले 'वंश' शब्द र ९० % ले 'भगवान' शब्दको उच्चारणमा त्रुटि गरेको, ८५ % विद्यार्थीहरूले 'पढ्न' शब्दलाई 'परन' उच्चारण गरेको निष्कर्ष निकालिएको छ । उक्त शोधको अध्ययन पश्चात् प्रस्तुत शोधको सैद्धान्तिक आधार निर्माण गर्न र अध्ययन गर्न सहयोग पुगेको छ ।

मगर (२०७७) ले 'मगर मातृभाषी विद्यार्थीहरूले नेपाली भाषाको पदसङ्गतिमा गर्ने त्रुटिहरूको अध्ययन' शीर्षकमा सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैँचा, मोरङमा आफ्नो शोध प्रस्तुत गरेका छन् । उक्त शोधपत्र मगर मातृभाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषा सिक्दा पदसङ्गतिमा गर्ने त्रुटिहरूको पहिचान गर्ने, उक्त त्रुटिहरू हुनुका कारणहरू पत्ता लगाउने, ती त्रुटिहरूका निराकरणका लागि सुझाव प्रस्तुत गर्ने उद्देश्यमा केन्द्रित रहेको छ । यसमा नमुना जनसङ्ख्या र छनोट प्रक्रिया, अध्ययन क्षेत्र, तथ्याङ्क सङ्कलनका साधन र तरिका जस्ता विधिहरूको प्रयोग गरिएको छ । उक्त शोधमा मगर मातृभाषी विद्यार्थीले नेपाली भाषाको पदसङ्गतिमा गर्ने त्रुटिहरूको पहिचान, व्याख्या र विश्लेषण गरी मगर भाषामा क्रियापदले लिङ्ग निर्धारण नगरेको तथा विशेष्य र भेद्यको लिङ्गले विशेषण वा भेदकलाई असर नगरेको देखिएकोले स्रोतभाषा र लक्ष्यभाषामा लिङ्ग सङ्गतिमा त्रुटि हुन पुगेको; नेपाली भाषा र मगर भाषाका आ-आफ्नै भाषिक विशेषता भएका कारण वचन

सङ्गति असमान हुने हुँदा मगर मातृभाषी विद्यार्थीहरूले नेपाली भाषामा त्रुटि गरेको; मगर भाषाको क्रियापद स्त्रीलिङ्ग र पुलिङ्गमा समान रहेकोले स्त्रीलिङ्गी बनाउने निर्देशनका समस्यामा त्रुटि गरेको र मगर भाषामा आदरको तह नभएकोले नेपाली भाषाको आदर सङ्गतिमा त्रुटि हुन गएको जस्ता निष्कर्ष निकालिएको छ । उक्त शोधको अध्ययन पश्चात् प्रस्तुत शोध कार्यमा सैद्धान्तिक आधार तयार पार्न, अध्ययनको आधार निर्माण गर्न र अध्ययन विधि छनोट गर्न सहयोग पुगेको छ ।

**अनुसन्धानात्मक सामग्रीको पुनरावलोकन**

नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय (२०५८) द्वारा प्रकाशित 'आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८' मा आदिवासी जनजातिको भाषा, लिपि, संस्कृति, साहित्य, कला, इतिहासको संरक्षण र प्रवर्द्धन गर्ने प्रमुख उद्देश्य राखेको छ भने यसको विविध काम, कर्तव्य र अधिकारहरूमध्ये 'कम्तीमा प्राथमिक तहसम्म आदिवासी/जनजातिको मातृभाषा पढाउने गरी विद्यालय स्थापना गर्ने' पनि एक रहेको छ । त्यसका साथै आदिवासी/जनजातिको भाषा, लिपि, साहित्य, इतिहास, कला, संस्कृति, परम्परागत सिप तथा प्रविधिको प्रवर्द्धन तथा संरक्षणका लागि आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने वा गराउने पनि यसको काम, कर्तव्य र अधिकारभित्र पर्दछ । यसैअनुसार कार्यान्वयन गरिएमा भाषिक सिपहरूको विकास गर्न पनि सहज हुने देखिन्छ । यस पुस्तकमा आदिवासी/जनजातिको मातृभाषाको बारेमा दिइएको र प्रस्तुत शोधकार्य पनि आदिवासी/जनजातिअन्तर्गत पर्ने मगर जातिको मातृभाषाको बारेमा रहेकोले उक्त पुस्तकलाई पूर्वकार्यका रूपमा अध्ययन गरिएको छ ।

बहा : जर्नल (२०६२) मा लेखक बैरागी काइँलाद्वारा 'आदिवासी जनजातिको परिप्रेक्ष्यमा पहिचानको राजनीति र भाषा' शीर्षकमा अध्ययनमूलक लेख तयार पारिएको छ । यसमा राष्ट्रिय भाषा नीति सुझाव आयोग (२०५०) को प्रतिवेदन (परिशिष्ट चार) ले नेपालमा बोलिने भाषाहरूको अवस्था समान नभएको देखाउन तिनको लेख्य परम्परागत स्थितिलाई चार वर्गमा वर्गीकरण गरेर तिनको सङ्कटग्रस्त अवस्थाको परिदृश्यलाई स्पष्ट पारेको सन्दर्भलाई प्रस्तुत गरिएको छ । मगर भाषा असुरक्षित वर्गमा पर्ने र नेपाल जनजाति महासंघले पनि मगर भाषालाई सुविधा वञ्चित समूहमा पर्ने कुरालाई यस लेखमा प्रस्ट्याइएको छ । भाषाको प्रयोग, संरक्षण र संवर्द्धनमा वक्ता, समुदाय र राज्यको ठूलो

भूमिका रहने कुरा पनि यसमा पाइन्छ । यस जर्नलमा मगर भाषाको बारेमा दिइएको र प्रस्तुत शोधकार्य पनि मगर भाषाको बारेमा रहेकोले उक्त जर्नललाई पूर्वकार्यका रूपमा अध्ययन गरिएको छ ।

हिल्ती (सन् २०१३) द्वारा लिखित 'सोसिओलिङ्ग्वीस्टिक सर्वे अफ इस्टर्न मगर इन नेपाल' मा पूर्वतिरका मगरहरू (उत्तरदाता) मध्ये ७९ प्रतिशतले नवलपरासीको मगर भाषा उनीहरूले बोल्ने मगर भाषा भन्दा थोरै भिन्न छ भनी बताएको कुरा उल्लेख गरेका छन् । मगर भाषा नै फरक-फरक हुने भएकोले पनि मगर भाषीहरूलाई नेपाली भाषा सिकाइमा प्रभाव परेको कुरा यसबाट पुष्टि भएको छ । उक्त लेखमा मगर भाषाको बारेमा दिइएको र प्रस्तुत शोधकार्य पनि मगर भाषाको बारेमा रहेकोले उक्त लेखलाई पूर्वकार्यका रूपमा अध्ययन गरिएको छ ।

निरौला (सन् २०१७/१८) द्वारा 'प्रवासन' नामक जर्नलमा 'नेपालमा मातृभाषाको अवस्था' शीर्षकको अनुसन्धानात्मक लेख तयार पारिएको छ । यस लेखको उद्देश्य नेपालमा मातृभाषाको अवस्थाबारे प्रकाश पार्नु, सङ्घीय नेपालको भाषिक समस्याहरूको पहिचान गर्नु र नेपालमा अपनाइने भाषा नीति र भाषिक सङ्कटको अवस्थाबारे विश्लेषण गर्नु रहेको छ (पृ. २) । नेपाल सानो मुलुक भए पनि धेरै थरिका भाषाहरू बोलिने र कतिपय भाषाहरू लोप भइसकेको कुरा यसमा गरिएको छ । उक्त लेखमा मातृभाषाको बारेमा दिइएको र प्रस्तुत शोधकार्य पनि मगर मातृभाषाको बारेमा रहेकोले उक्त लेखलाई पूर्वकार्यका रूपमा अध्ययन गरिएको छ ।

आचार्य (सन् २०१९) को अनुसन्धानात्मक लेख 'नेपालमा बोलिने भाषाहरूको परिचय' मा मगर भाषा नेपालका पाल्पा, तनहुँ, नवलपरासी, स्याङ्जा, उदयपुर, सिन्धुली, रोल्पा, दैलेख, सल्यान, सुर्खेत आदि जिल्लाहरूमा बोलिने कुराको चर्चा गरिएको पाइन्छ । यस लेखमा मगर भाषा मगर ढुट, मगर खाम गरी छुट्टाछुट्टै प्रकारको रहेको कुरा पनि उल्लेख गरिएको पाइन्छ (सन् २०१९, पृ. २२६) । यसमा वि.सं. २०६८ को जनगणनाअनुसार मगर भाषीको सङ्ख्या २.९८ % रहेको कुरा पनि उल्लेख गरिएको पाइन्छ । उक्त लेखमा लेखक आचार्यले मगर भाषाको बारेमा दिइएको र प्रस्तुत शोधकार्य पनि मगर भाषाको बारेमा रहेकोले उक्त लेखलाई पूर्वकार्यका रूपमा अध्ययन गरिएको छ ।

रिमाल (२०७५) द्वारा 'शिक्षामा मातृभाषाको प्रयोगसम्बन्धी एकीकृत अध्ययन प्रतिवेदन' तयार पारिएको छ । उक्त प्रतिवेदनमा परिच्छेद एकअन्तर्गत आर्थिक वर्ष २०७४/०७५ मा भाषा आयोगको कार्यक्रमअन्तर्गत लालझाडी गाउँपालिकामा राना भाषाको अवस्थाको अध्ययन गर्ने कार्यक्रम रहेको कुरा उल्लेख गरिएको छ । यस प्रतिवेदनमा मिति २०७४/११/२१ गते भाषा आयोगबाट गएको विज्ञसहितको टोलीले लालझाडी गाउँपालिकामा शिक्षामा मातृभाषाको प्रयोगसम्बन्धी अध्ययनको लागि अभिमुखीकरण आयोजना गरेका, भाषाका विविध पक्ष तथा क्षेत्रको विकास र उन्नयन यसको लक्ष्य रहेको जस्ता कुराहरू पनि समावेश गरिएको छ । समुदाय तथा विद्यालयमा मातृभाषाको प्रयोग तथा छनोटको आधार पहिचान गर्ने, मातृभाषाको माध्यमबाट पठनपाठन गर्न बहुभाषिक शिक्षाको सम्भाव्य आधार तथा नमुना खोजी गर्ने, विषयको रूपमा मातृभाषाको प्रयोग गर्ने आधार पहिचान गर्ने, शिक्षामा मातृभाषाको प्रयोगको सम्भाव्यताको आधार पहिचान गर्ने जस्ता उद्देश्य यस अध्ययन प्रतिवेदनको रहेको छ । यस प्रतिवेदनमा मातृभाषाको माध्यमबाट गरिने शिक्षणमा देखिएका समस्या समाधानका लागि कक्षाकोठाको प्रभावकारी व्यवस्थापन, बहुभाषिक कक्षा सञ्चालन गर्न सक्ने तालिम प्राप्त शिक्षकको व्यवस्थापन, प्रभावकारी शिक्षण सिकाइका लागि पर्याप्त शैक्षिक सामग्री निर्माण र सङ्कलन जस्ता कुराहरूमा विशेष ध्यान दिनुपर्ने कुरा उल्लेख गरिएको छ । यस प्रतिवेदनमा मातृभाषासम्बन्धी विविध कुराहरू समेटिएकोले प्रस्तुत शोधकार्यको लागि उपयोगी छ ।

लम्साल (२०७५) द्वारा लिखित 'नेपालमा भाषिक अपसरण अध्ययन प्रतिवेदन' मा नेपालमा १२३ भाषा बोलिने, ४४.६४ % ले नेपाली भाषालाई मातृभाषाको रूपमा बोलिने र ३२.७७ % ले नेपाली भाषालाई दोस्रो भाषाको रूपमा बोलिने गरेको कुरा उल्लेख गरिएको छ । भाषिक अपसरणको अवस्थाको खोज गर्ने, भाषिक अपसरणको पुस्तागत प्रभाव पहिचान गर्ने, भाषिक अपसरणको कारणको पहिचान गर्ने, भाषिक अपसरणको प्रभावको लेखाजोखा गर्ने जस्ता उद्देश्य रहेको यस प्रतिवेदनले नेपालको संविधान २०७२ को भावनाअनुसारको नयाँ सङ्घीय नीति परिभाषित गर्न र कार्यान्वयन गर्न सघाउ पुऱ्याउने कुरा यसमा चर्चा गरिएको छ । यस प्रतिवेदनमा भाषासम्बन्धी थुप्रै कुराहरू पाइने भएकोले उक्त प्रतिवेदन प्रस्तुत शोधपत्रको लागि उपयोगी रहेको छ ।

लोप्चन (२०७५) द्वारा लिखित 'शिक्षामा मातृभाषाको प्रयोगको सम्भाव्यता' नामक अनुसन्धानमा नेपालको जनगणना २०६८ अनुसार नेपालमा १२३ भाषाहरू रहेको, शिक्षामा मातृभाषा भन्नाले मातृभाषामा आधारित बहुभाषिक शिक्षा बुझिने, पाठ्यक्रम विकास केन्द्रबाट २५ मातृभाषाका पाठ्यपुस्तक विकास भई पठनपाठन भइरहेको जस्ता कुराहरू उल्लेख गरिएको छ । समुदाय तथा विद्यालयमा मातृभाषाको प्रयोग/छनोटको आधार पहिचान गर्ने, मातृभाषाको माध्यमबाट पठनपाठन गर्न बहुभाषिक शिक्षाको सम्भाव्यताको आधार तथा नमुना खोजी गर्ने, विषयको रूपमा मातृभाषाको प्रयोग गर्ने आधार पहिचान गर्ने जस्ता उद्देश्य रहेको यस अनुसन्धानमा स्थलगत अध्ययन तथा सर्वेक्षणका लागि स्थानीय तहमा स्थानीय तहका प्रमुख, जनप्रतिनिधि, शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख, स्रोतव्यक्तिसहित सम्पूर्ण विद्यालयका प्र.अ. वा शिक्षक १/१ जनालाई मातृभाषाको स्तर पहिचानका लागि सर्वेक्षकमा छनोट गरी तथ्याङ्क सङ्कलनमा सहभागी गराई अध्ययन कार्य गरिएको कुरा उल्लेख गरिएको छ । यस अनुसन्धानको अवधारणा भाषिक आधारमा स्थानीय तहको छनोट गरी भाषिक समुदाय र विद्यालयको भाषिक प्रयोग स्थितिको अध्ययन र विश्लेषणमा केन्द्रित गरिएको कुरा पनि उल्लेख गरिएको छ । तसर्थ उक्त अनुसन्धान प्रस्तुत अध्ययनको लागि महत्त्वपूर्ण र उपयोगी रहेको छ ।

नेपाल राष्ट्रिय मगर संघ (२०७६) द्वारा प्रकाशित 'मगर सन्देश' अङ्क ५ मा नेपालका ५९ आदिवासी जनजातिमध्ये सबैभन्दा धेरै जनसङ्ख्या मगर जातिको रहेको छ । यस कृतिमा वि.सं. २०६८ को जनगणनाअनुसार ७.१२ % अर्थात् १८,८६,७३३ मगर समुदाय रहेको कुरा उल्लेख गरिएको छ । यस कृतिमा मगरहरूको संस्कृतिको बारेमा उल्लेख गर्नुका साथै नेपाल राष्ट्रिय महासंघको विधान २०६५ (पहिलो संसोधन, २०७५) पनि उल्लेख गरिएको छ । यसमा मगर जाति नेपालको आदिवासी जनजातिमध्ये सङ्ख्यात्मक दृष्टिले सबैभन्दा ठुलो जाति रहेको कुरा समेत उल्लेख गरिएको पाइन्छ (पृ. १-१३३) । यस कृतिले पनि प्रस्तुत अध्ययनको लागि सहयोग पुऱ्याएको छ ।

भाषा आयोग (२०७७) द्वारा प्रकाशित वार्षिक प्रतिवेदन (चौथो) मा मानव अभिव्यक्ति र अनुभूतिको प्रमुख आधार भाषा रहेको, नेपालको संविधानले भाषालाई उच्च प्राथमिकता दिई धारा २८७ मा भाषा आयोगको व्यवस्था गरेबमोजिम नेपाल सरकारले संवत् २०७३ मा आयोगको गठन गरेको जस्ता कुराहरूको चर्चा गरिएको पाइन्छ । यस

प्रतिवेदनमा आयोगको सरकारी कामकाजको भाषाका रूपमा मान्यता पाउन पूरा गर्नुपर्ने आधारहरूको निर्धारण गरी नेपाल सरकारसमक्ष भाषाको सिफारिस गर्ने, भाषाहरूको संरक्षण, संवर्द्धन र विकासका लागि अवलम्बन गर्नुपर्ने उपायहरू नेपाल सरकारसमक्ष सिफारिस गर्ने जस्ता काम, कर्तव्य र अधिकार रहेको कुरा उल्लेख गरिएको छ । यस प्रतिवेदनमा संवत् २०६८ को जनगणनाले नेपालमा १२३ भाषाहरू बोलिने देखाएको, आयोगले थप ६ ओटा भाषाहरू पहिचान गरी प्रतिवेदनमार्फत सार्वजनिक गरेको कुरा पनि प्रस्तुत गरिएको छ । यसमा नेपालमा भारोपेली परिवारका भाषाका वक्ताहरू ८२.०६ %, चिनियाँतिब्बती परिवारका भाषाका वक्ताहरू १७.४६ % र ०.४२ % वक्ताहरू उराँव, सन्थाल र कुसुण्डा भाषा बोल्ने गरेको कुरा पनि उल्लेख गरिएको छ । यसमा पनि भाषाको बारेमा चर्चा गरिएकोले प्रस्तुत शोधको लागि उपयोगी रहेको छ ।

भाषा आयोग (२०७७/७८) द्वारा प्रकाशित 'भाषा आयोगको वार्षिक प्रतिवेदन' मा संवत् २०६८ को जनगणनाले नेपालमा १२३ भाषाहरू बोल्ने गरेको, भाषा आयोगले ८ ओटा भाषाहरू पहिचान गरी प्रतिवेदनमार्फत सार्वजनिक गरेको जस्ता कुराहरू उल्लेख गरिएको छ । संवत् २०६८ को तथ्याङ्कलाई विश्लेषण गर्दा नेपाली भाषाका मातृभाषीहरू ४४.६४ % र दोस्रो भाषाका रूपमा नेपाली भाषा प्रयोग गर्नेको सङ्ख्या ३२.२८ % रहेको कुरा पनि यस प्रतिवेदनमा उल्लेख गरिएको पाइन्छ । यस प्रतिवेदनमा आर्थिक वर्ष २०७७/७८ मा दोस्रो भाषाको रूपमा नेपाली भाषाको प्रयोगसम्बन्धी मैथिली र मगर भाषाको सघनता रहेको क्षेत्रमा स्थलगत अध्ययन गर्ने कार्य सम्पन्न भई एकीकृत प्रतिवेदन तयार गरिएको कुरा पनि उल्लेख गरिएको छ । उक्त प्रतिवेदनमा हालसम्म २७ ओटा भाषामा लोकवार्ता सङ्कलन कार्य सम्पन्न गरिएको, २१ ओटा भाषाका भाषिक सन्देशहरूको लेखन र प्रारम्भिक स्वराङ्कन गर्ने कार्यसमेत पूरा भएको कुरा समावेश गरिएको छ । उक्त प्रतिवेदन सरकारी कामकाजको भाषासित सम्बन्धित सिफारिसहरू, भाषाको संरक्षण, संवर्द्धन र विकाससित सम्बन्धित सिफारिसहरू, मातृभाषाहरूको विकासको स्तर मापन र शिक्षामा प्रयोग सम्भाव्यताका सम्बन्धमा सुझावको बारेमा पनि चर्चा गरिएको छ । यसर्थ प्रस्तुत शोधको लागि यस प्रतिवेदन उपयोगी रहेको छ ।

भट्टराई (२०७८) द्वारा नौलो आयाम पत्रिकामा 'बढ्दो अङ्ग्रेजी मोह र मातृभाषाप्रतिको विकर्षण' शीर्षकमा एउटा लेख तयार पारिएको छ । यसमा नेपालको

संविधान २०७२ ले मातृभाषाको सम्बन्धमा विविध व्यवस्थाहरू गरिएको भए पनि शिक्षाको माध्यम र संविधानको व्यवस्थाका बिचमा भने तालमेल गराइएको नपाइने कुरा उल्लेख गरिएको पाइन्छ । यस लेखमा कतिपय स्थानीय तहहरूले मातृभाषामा भन्दा अङ्ग्रेजी भाषाको माध्यमबाट मात्र शिक्षा प्रदान गर्ने पद्धतिमा चाख देखाउँदा मातृभाषामा आघात परेको कुराको पनि चर्चा गरिएको पाइन्छ । अङ्ग्रेजी भाषाप्रतिको मोह बढ्दै गएको कारण आफ्नो भाषा जान्नेले पनि बोल्न हिच्किचाउने गरेको र त्यसैको फलस्वरूप मातृभाषा सङ्कटमा पर्न गएको कुरा पनि यहाँ पाइन्छ । यसमा प्रायजसो अभिभावकहरूले आफ्नो बालबालिकाहरूले अङ्ग्रेजी  भाषामा कुरा गर्दा गर्व गर्ने गरेकोले पनि घरैबाट मातृभाषाप्रतिको आकर्षण घट्न गएको कुरा उल्लेख गरिएको पाइन्छ (पृ. २३८-२४०) । मातृभाषासँग सम्बन्धित उक्त लेख यस शोधका लागि अध्ययन गरिएको छ ।

भाषा आयोग (२०७८) द्वारा प्रकाशित 'सरकारी कामकाजको भाषाका आधारहरूको निर्धारण तथा भाषासम्बन्धी सिफारिसहरू' मा नेपालको संविधानको धारा २८७ मा भएको व्यवस्थाअनुसार २०७३ मा भाषा आयोगको गठन भएको, संविधानको धारा ७ उपधारा १, २ र ३ मा भाषासम्बन्धी व्यवस्था भएको कुरा उल्लेख गरिएको छ । उक्त प्रतिवेदनमा स्थानीय तहको सरकारी कामकाजको भाषा हुनका लागि स्थानीय तहभित्र सरकारी अभिलेख राख्ने र सूचना सम्प्रेषणको काममा प्रयोग हुने, स्थानीय तहभित्र विद्यालयहरूमा शिक्षाको माध्यमको रूपमा प्रयोग भइरहेको जस्ता कुराहरू हुनुपर्दछ भनी उल्लेख गरिएको छ । उक्त लेख यस शोधका लागि पूर्वकार्यको रूपमा अध्ययन गरिएको छ ।

## सैद्धान्तिक अवधारणा

सिकारुले सिकाइको क्रममा गर्ने कमी कमजोरी नै त्रुटि हो भने भाषा सिकाइको क्रममा भाषाका सिकारुहरूले गर्ने त्रुटि भाषिक त्रुटि हो । सिकाइको क्रममा त्रुटि हुनु स्वाभाविक मानिन्छ । सिकारुले गर्ने त्रुटिबाट सिकारुले कुनकुन कुराहरू सिक्न बाँकी छ भन्ने कुराको जानकारी हुन्छ । उक्त जानकारीबाट शिक्षकले सिकाइ क्रियाकलापलाई अघि बढाउन जरुरी हुन्छ । यसरी सिकारुमा भएको त्रुटि पत्ता लगाई त्यसैअनुसार शिक्षण गर्दागर्दै सिकारुले ज्ञान प्राप्त गर्दछ । यसरी गरिएको शिक्षणबाट सिकाइको विकास हुन्छ । भाषिक त्रुटिलाई व्यवहारवादी तथा मनोवादीहरूले छुट्टाछुट्टै ढङ्गले व्याख्या गरेका छन् ।

संरचनावादीहरू त्रुटिलाई अभ्यासको कमी तथा आदत र असफलताको द्योतक मान्दछन् भने मनोवादीहरू त्रुटिलाई भाषा सिकाइको स्वाभाविक प्रक्रिया मान्छन् ।

त्रुटि विश्लेषणलाई दोस्रो भाषा शिक्षण सिकाइमा मात्रै नभई एउटै भाषाभित्रका विभिन्न भाषिकाको प्रभावमा परेका शिक्षार्थीहरूलाई स्तरीय वा मानक भाषा सिकाउन समेत उपयोगी मानिन्छ । यस सिद्धान्तअनुसार सिकारुले सिकाइका क्रममा स्वाभाविक रूपमा त्रुटिहरू गर्छ । त्यसैले यसलाई सिकाइगत प्रक्रिया ठान्नु उपयुक्त हुन्छ (भण्डारी र नेपाल, २०६७, पृ. १२७) । मगर भाषी विद्यार्थीहरूलाई स्तरीय नेपाली भाषा सिकाउन मात्र नभई नेपाली भाषाकै भाषिका प्रयोग गरिरहेका विद्यार्थीहरूलाई स्तरीय नेपाली सिकाउन पनि त्रुटि विश्लेषण सिद्धान्त उपयोगी देखिन्छ । मगर भाषी विद्यार्थीहरूलाई त झनै स्तरीय नेपाली भाषा सिकाउन त्रुटि विश्लेषणको सिद्धान्त उपयोगी नहुने कुरै भएन । भाषा सिक्ने क्रममा सिकारुले त्रुटि गर्नु स्वाभाविक नै हो । जो कोहीले पनि भाषा सिक्ने क्रममा त्रुटि अवश्य गरेकै हुन्छ । त्यस्ता त्रुटिहरूलाई स्वाभाविक मान्नुपर्ने देखिन्छ । आफूले गरेको त्रुटि सच्याउने मौका पाएपछि नै सिकारुले भाषा सिक्दछ ।

दोस्रो भाषा सिकाइका क्रममा सिकारुले गर्ने त्रुटिलाई विभिन्न आधारमा वर्गीकरण गरेको पाइन्छ । यस सम्बन्धमा माधव प्रसाद पौडेलले आफ्नो पुस्तक 'प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू' मा त्रुटिलाई ८ भागमा वर्गीकरण गरेका छन् । यही वर्गीकरणलाई यस शोधको मूल सैद्धान्तिक पर्याधार मानी यसै आधारको कसीमा तथ्यहरूको व्याख्या-विश्लेषण गरिएको छ । विश्लेषणका लागि देहायको सैद्धान्तिक आधारलाई प्रयोग गरिएको छ :

**(क) भाषिक एकाइगत त्रुटि**

सिकारुका अभिव्यक्तिमा भाषाका विभिन्न तह, पक्ष वा कोटि उपकोटिमा देखिने त्रुटिहरू नै भाषिक एकाइगत त्रुटि हो । यस्ता त्रुटिहरूलाई देहायबमोजिम उल्लेख गर्न सकिन्छ :

**(अ) उच्चारणगत त्रुटि**

भाषा सिकाइका क्रममा बोलाइ सिपअन्तर्गत गर्ने त्रुटि उच्चारणगत त्रुटि हो अर्थात् उच्चारणको अनुतान, आघात, आरोह, अवरोह, गति, यति, चिन्ह प्रयोगको ख्याल, हलन्त,

अजन्त आदिमा देखिने त्रुटि नै उच्चारणगत त्रुटि हो । जस्तैः 'रेफ' वा हलन्त 'र्' को उच्चारण गर्नुपर्नेमा अजन्त 'र' को उच्चारण गर्नु उच्चारणगत त्रुटि हो । त्यसैगरी टवर्गलाई तवर्गमा लगेर उच्चारण गर्ने, 'र' को उच्चारण गर्नुपर्नेमा 'ल' को उच्चारण गर्नु, 'य' को उच्चारण गर्नुपर्नेमा 'ए' को उच्चारण गर्नु, शब्दान्तमा प्रयोग भएको अजन्त लेख्य वर्णको उच्चारण गर्दा हलन्त उच्चारण गर्नुपर्नेमा अजन्त नै उच्चारण गर्नु जस्ता त्रुटिहरू पनि उच्चारणगत त्रुटिअन्तर्गत पर्दछन् ।

### (आ) रूपगत त्रुटि

शब्दको रूपायन वा ब्यूत्पादन गर्दा हुन आउने त्रुटि नै रूपगत त्रुटि हो । जस्तै : छोरोहरू (छोराहरू), ऊहरू (उनीहरू) । भाषाका विभिन्न रूप हुन्छन्; जसलाई बद्ध र मुक्त रूप भनेर विभाजन गरिएको पाइन्छ । भाषाका त्यही बद्ध र मुक्त रूपको सही संयोजन गर्न नजान्दा भाषाको प्रयोगमा रूपगत त्रुटि हुन पुग्दछ ।

### (इ) शब्दभण्डारगत त्रुटि

सही शब्दको प्रयोग नगर्नु, शब्दवर्गको उपयुक्त प्रयोग गर्न नसक्नु, एउटा अर्थ बोकेको शब्दलाई अर्को अर्थमा प्रयोग गर्नु जस्ता त्रुटि नै शब्दभण्डारगत त्रुटि हो । जस्तै : फुल (फूल) । सिकारुमा शब्दभण्डारको कमी वा न्यूनताका कारण यस्ता त्रुटिहरू हुन सक्छन् (पौडेल, २०७३, पृ. २०५) । स्तरीय भाषा सिकाइका क्रममा देखिने त्रुटिका क्षेत्रहरूमध्ये शब्दभण्डारगत त्रुटि पनि एक हो ।

### (ई) पदावलीगत त्रुटि

पदावलीमा प्रयोगमा आउने पदहरूबिच सङ्गति नमिल्नु पदावलीगत त्रुटि हो । शब्द वा पदभन्दा माथिल्लो भाषिक एकाइ अथवा विशेषण र विशेष्य, टुक्का, उखान, लोकोक्ति, समुचयात्मक शब्द समूह आदिका बीचमा लिङ्ग, वचन, पुरुष, आदर आदिको सङ्गति नमिल्नु, सन्निधान नमिल्नु जस्ता कुरालाई पदावलीगत त्रुटिका रूपमा लिन सकिन्छ (पौडेल, २०७३ : पृ. २०५) । जस्तै : हरिको आमा (हरिकी आमा), होचो केटाहरू (होचा केटाहरू) आदि । उखान, टुक्का अर्थात् कुनै पनि सङ्कथनमा लिङ्ग, वचन, पुरुष, आदर आदिको सङ्गति नमिल्नु पदावलीगत त्रुटि हो ।

### (उ) वाक्यगत त्रुटि

वाक्यमा प्रयुक्त पदहरूको क्रम नमिल्नु, वाच्यात्मक अन्विति नमिल्नु, विशेषण, विशेष्य र क्रियापदको सङ्गति नमिल्नु वाक्यगत त्रुटि हो । यसमा कर्ता र क्रियागत, पदक्रमगत, उद्देश्य र विधेयगत जटिलता देखिन्छ । जस्तै : राम आयो घर (राम घर आयो) । यस्ता त्रुटि विशेषगरी दोस्रो भाषाको सिकारुले गर्ने गर्दछन् ।

### (ऊ) अर्थगत त्रुटि

शब्द र अर्थको तालमेल नमिल्नु, अर्थको अनावश्यक पुनरावृत्ति हुनु, शब्द-शब्दबिचमा अन्विति नमिल्नु आदि त्रुटिहरू अर्थगत त्रुटि हो । जस्तै : मैले तपाईंलाई कतै हेरेकी थिएँ (मैले तपाईंलाई कतै देखेकी थिएँ) ।

### (ऋ) सङ्कथनगत त्रुटि

वाक्य-वाक्यका बिचमा सर्वनाम, आदर, काल, पक्ष, भाव, वचन आदि क्षेत्रमा देखिने त्रुटिले वाक्यात्मक तहभन्दा माथिल्लो तहमा असर पुऱ्याउँछ भने त्यो नै सङ्कथनगत त्रुटि हो । जस्तै : रीता गत शनिबार इलाम घुमेर फर्किइन् । उनले त्यहाँबाट गुणस्तरयुक्त चियापत्ति ल्याउनेछिन् (ल्याएकी थिइन्) ।

### (ए) शैलीगत त्रुटि

व्यक्त गरिएको भाषाको शैलीमा देखिने विचलन, असमञ्जस आदि नै शैलीगत त्रुटि हो ।

### (ख) सिकाइ प्रक्रियागत/विकासशील त्रुटि

सिकाइको क्रममा त्रुटि हुनु स्वाभाविक हो । त्रुटि गर्दागर्दै भाषा सिकाइ प्रक्रिया अगाडि बढ्ने हो । तसर्थ त्रुटिलाई भाषा सिकाइको विकासशील अवस्थाको द्योतक मानिन्छ । एस.पिट. कर्डर (सन् १९७३) ले सिकाइ प्रक्रियागत त्रुटिलाई देहायबमोजिम वर्गीकरण गरेका छन् :

### (अ) व्यवस्थित त्रुटि

भाषाका खासखास पक्षमा देखिने एकनासको त्रुटि नै व्यवस्थित त्रुटि हो । यसलाई तीन वर्गमा विभाजन गरिएको छ । ती हुन् :

- **अपूर्ण सिकाइगत त्रुटि**

  सिकाइ पूरा भइनसकेको अवस्थामा गर्ने त्रुटिहरू अपूर्ण सिकाइगत त्रुटि अन्तर्गगत पर्दछ । जस्तै : रामले गृहकार्य नलेख्छ (लेख्दैन) ।

- **अतिसामान्यीकरण त्रुटि**

  खास सन्दर्भ, परिवेश वा अवस्थामा लागु हुने नियमको अतिक्रमण गरी त्यसको उल्लङ्घन वा अनभिज्ञताले जहाँ पायो त्यहीँ जानेको नियम लागु गर्दा हुने त्रुटि नै अतिसामान्यीकरण त्रुटि हो । जस्तै :

  'जा' बाट 'जायो' बनाउनु ।

- **सरलीकरणगत त्रुटि**

  भाषिक नियमलाई सरलीकरण गरेर प्रयोग गर्न खोज्दा हुने त्रुटि नै सरलीकरणगत त्रुटि हो । जस्तै : हामीले लेख्यो (हामीले लेख्यौँ) ।

### (आ) अव्यवस्थित त्रुटि

वैयक्तिक प्रकृतिका त्रुटि; जुन यस्तै खालका भनेर अनुमान गर्न समेत नसकिने खालको त्रुटि नै अव्यवस्थित त्रुटि हो । अर्थात् कुनै निश्चित नियममा बाँध्न नसकिने विविध खालका त्रुटिहरूलाई अव्यवस्थित त्रुटि मान्न सकिन्छ र यिनलाई अर्को तरिकाले अनियमित त्रुटि पनि भन्न सकिन्छ । यस्ता त्रुटिहरू सिकाइको प्रारम्भिक अवस्थाका त्रुटिहरू मानिन्छन् (पौडेल, २०७३ : पृ. २०७) । नेपालीबाहेकका भाषा नै मातृभाषा रहेको विद्यार्थीहरूले यस्तो किसिमको त्रुटिहरू पनि गर्ने गर्दछन् ।

### (इ) उत्तरव्यवस्थित त्रुटि

सिकारुको असावधानी तथा असचेतताबाट हुने त्रुटि उत्तरव्यवस्थित त्रुटि हो । भाषिक प्रयोगमा सिकारु सचेत भएमा यस्ता त्रुटिहरू नहुन सक्छन् ।

**(ग) स्रोतगत त्रुटि**

सिकारुको भाषिक पृष्ठभूमिका कारणले उत्पन्न हुने त्रुटि नै स्रोतगत त्रुटि हो । यसलाई २ भागमा विभाजन गर्न सकिन्छ । ती हुन् :

**(अ) भाषान्तरिक त्रुटि**

लक्ष्य भाषाको नियम र व्यवस्थासम्बन्धी हुने त्रुटि भाषान्तरिक त्रुटि हो । जस्तै : राम बजार जायो (गयो) ।

**(आ) अन्तरभाषिक त्रुटि**

स्रोत भाषाको प्रभाव परी देखिएको त्रुटि अन्तरभाषिक त्रुटि हो । जस्तै : ऊहरू खेल्न जान्छ (ऊ) ।

**(घ) गम्भीरतागत त्रुटि**

अर्थ सम्प्रेषणमा गम्भीर बाधा पार्छ कि पार्दैन भन्ने सन्दर्भमा पनि त्रुटिलाई वर्गीकरण गरिएको पाइन्छ । ती हुन् :

**(अ) अर्थघातक त्रुटि**

अर्थको अनर्थ हुन सक्ने खालको त्रुटि नै अर्थघातक त्रुटि हो । जस्तै : यो कपडा कल्ले सिलाउँछ ?/यो कपडा कलले सिलाउँछ ।

**(आ) अर्थ अघातक त्रुटि**

अर्थ सम्प्रेषणमा खासै बाधा नपार्ने त्रुटि अर्थ अघातक त्रुटि हो । जस्तै : फ्याल्छ/फाल्छ ।

**(ङ) स्वरूपगत त्रुटि**

भाषाको स्वरूपको आधारमा पनि त्रुटिलाई वर्गीकरण गरिएको पाइन्छ । ती हुन् :

**(अ) लोप जनित त्रुटि**

कुनै वर्णको लोप हुने प्रकृतिको त्रुटि नै लोप जनित त्रुटि हो । जस्तै : सयोगी (सहयोगी) ।

**(आ) थपोट जनित त्रुटि**

आवश्यकभन्दा बढी वर्णहरू थपिने त्रुटि नै थपोट जनित त्रुटि हो । जस्तै : गइ हालेछ (गएछ) ।

**(इ) आदेश जनित त्रुटि**

कुनै पनि शब्दमा प्रयुक्त वर्णको सट्टामा अर्को वर्ण प्रयोग गरिने त्रुटि आदेश जनित त्रुटि हो । जस्तै : कार्जे (कार्य) ।

**(च) जटिलतागत त्रुटि**

भ्रम, अनविज्ञता र असमञ्जसको जटिल स्थिति सिर्जना भई देखा पर्ने त्रुटि नै जटिलतागत त्रुटि हो । ती यसप्रकार छन् :

**(अ) 'लाई' विभक्ति लागेपछि क्रियापदसँग आदर वा वचनको सङ्गति भङ्ग हुने कुरा थाहा नपाउनु;** जस्तै : उनीहरूलाई यस कार्यक्रममा सहभागी गराइन्छन् (गराइन्छ) ।

**(आ) 'को' विभक्ति लागेपछि त्यस शब्दसँग क्रियापदको प्रत्यक्ष सङ्गति नहुने कुरा थाहा नपाउनु;** जस्तै : खेलकुद कार्यक्रमहरूको आयोजना हुनेछन् (हुनेछ) ।

**(इ) असमापिका उपवाक्य संयोजित भएका वाक्यमा सङ्गति स्थापित गर्न अलमलिनु;** जस्तैः दशओटा किताब बोक्न सकिन्छन् (सकिन्छ) ।

**(ई) दोहोरो सङ्गतिबारे अनभिज्ञ हुनु;** जस्तै : उनीहरू यतै आइ रहेका देखेँ (आइरहेको देखेँ) ।

**(उ) नामिक क्रियामा लिङ्ग, वचन, आदर र पुरुषको सङ्गति मिलाउन खोज्नु;** जस्तै : मलाई तपाईँका विचारहरू मन परे (मन पर्‍यो) ।

**(ऊ) स्त्रीलिङ्गी बहुवचनमा पनि लिङ्ग सङ्गति जनाउन खोज्नु;** जस्तै : केटीहरू नाचिन् (नाचे) ।

**(ऋ) सचेतताको कमी अथवा अति सचेत प्रयोग गर्न खोज्नु;** जस्तै : दुई जनाले कथा भनेका देखिए (भनेको देखियो) ।

**(छ) मात्रागत त्रुटि**

सिकारुले भाषिक सिकाइका क्रममा के-कति मात्रामा त्रुटि गर्छन् भन्ने आधारमा पनि त्रुटिलाई वर्गीकरण गरिएको पाइन्छ । ती देहायबमोजिम छन् :

**(अ) आंशिक/सीमित त्रुटि**

वाक्यको कुनै अंशमा मात्र भएको त्रुटि नै आंशिक/सीमित त्रुटि हो । जस्तै : दिदी आयो ।

**(आ) व्यापक/समग्रात्मक त्रुटि**

एकभन्दा बढी वाक्यमा देखिने त्रुटि नै व्यापक/समग्रात्मक त्रुटि हो । जस्तै : मेरो छोरीले खाना पकाउँछ । छोरीले खाना पस्केर भाइलाई दिन्छ । भाइले आफै खान नमानेपछि छोरीले खुवाइदिन्छ ।

**(ज) अनौचित्यगत त्रुटि**

व्याकरणात्मक दृष्टिले सही भए पनि सन्दर्भगत दृष्टिले अनुचित देखिने त्रुटि अनौचित्यगत त्रुटि हो । 'भ्रष्टचारी महासयहरूलाई प्रहरीले आफ्नो कब्जामा राखेका छन्'; भन्नु यसको उदाहरण हो ।

## भाषा शिक्षणमा त्रुटि विश्लेषणको प्रयोग र आवश्यकता

एस.पिट. कर्डरकाअनुसार त्रुटि विश्लेषणात्मक अध्ययनबाट भाषा सिकाइका क्रममा सिकारुमा भएका सम्बन्धित भाषाको ज्ञान र सिपको मात्रा थाहा हुन्छ । यसबाट सिकारुले के-के कुरा सिकेको छ र के-के कुराहरू सिक्न बाँकी छ भन्ने कुरा पत्ता लगाइन्छ ।

भाषा शिक्षणमा त्रुटि विश्लेषणको प्रयोग र आवश्यकतालाई देहायबमोजिमका बुँदाहरूमार्फत प्रस्तुत गर्न सकिन्छ :

- सिकारुले भाषा सिकाइमा प्रयोग गर्ने रणनीतिहरू पत्ता लगाउन,
- सिकारुका भाषा सिकाइमा हुने त्रुटिको प्रकृति र प्रकारहरूको लेखाजोखा गर्न,
- सिकारुले भाषा प्रयोगमा गर्ने त्रुटिका कारणहरू पत्ता लगाउन,
- त्रुटि निराकरणका लागि विभिन्न उपाय, प्रविधि तथा सामग्रीहरूको विकास गर्न,
- पहिलो तथा दोस्रो भाषा सिकाइ प्रक्रियालाई सरल, सहज, स्तरीय तथा प्रभावकारी बनाउन,
- विमातृभाषिक विद्यार्थीको भाषा सिकाइको प्रक्रिया पहिल्याउन,
- भाषाका विविध भेद जानेका मातृभाषिक विद्यार्थीहरूको भाषाको मानक रूप पत्ता लगाउन,
- भाषाको प्रयोगमा स्तरीयता ल्याउन,
- सिकारुले गरेका त्रुटिका आधारमा उनीहरूलाई उचित पृष्ठपोषण प्रदान गर्न,
- त्रुटिको पहिचान, वर्गीकरण र व्याख्या गरी त्रुटि निराकरणका उपायहरू अवलम्बन गर्न,
- त्रुटि विश्लेषणका उपलब्धिहरूलाई भाषा शिक्षण र सिकाइ प्रक्रियामा उपयोग गर्न,
- त्रुटि विश्लेषणका आधारभूत मान्यताका आधारमा भाषा पाठ्यक्रम, पाठ्यपुस्तक लेखन तथा सम्पादन गराउन,
- प्रयत्न र भूलका माध्यमबाट भाषा सिकाइ हुने मान्यतालाई बढवा दिन,
- सिकारुको भाषा सिकाइको प्रक्रिया तथा वास्तविक अवस्था पहिचान गर्न,
- भाषा सिकाइमा त्रुटि हुने मान्यतालाई स्थापित गर्न आदि।

## त्रुटि विश्लेषणका प्रक्रियाहरू

भाषा सिकाइका क्रममा विभिन्न त्रुटिहरू देखा पर्दछन् । ती त्रुटिहरूको व्याख्या विश्लेषण गरेर, त्यसको निराकरण गरेर स्तरीय भाषा सिक्न/सिकाउन सकिन्छ । त्यस्ता

भाषिक त्रुटिहरूको विश्लेषण गर्न निश्चित प्रक्रियाहरू अवलम्बन गर्न सकिन्छ । त्रुटि विश्लेषणका प्रक्रियाहरू देहायबमोजिम छन् :

**(क) त्रुटिको पहिचान**

सिकाइका क्रममा त्रुटि कहाँ भएको छ र कसरी भएको छ भन्ने कुरा छुट्याउने वा खुट्याउने कार्यलाई त्रुटिको पहिचान भनिन्छ । शिक्षार्थीले आफ्नो भाषालाई सुधार्नका निमित्त आफूले गरेका त्रुटिको क्षेत्र चिन्न सक्नुपर्दछ र शिक्षकले पनि शिक्षार्थीलाई त्रुटि सच्याउन सघाउ पुऱ्याउनका निम्ति उसले के त्रुटि गरेको छ, कहाँ त्रुटि गरेको छ भन्ने कुराबारे जानकारी दिनुपर्छ । यसरी त्रुटिको समाधानका लागि त्रुटिको पहिचान गर्नु प्रथम र महत्त्वपूर्ण चरणका रूपमा लिइन्छ (अधिकारी, २०७३/०७४, पृ. १२१) । सिकारुले गर्ने त्रुटिको पहिचान गरेपछि मात्र त्रुटि विश्लेषणको प्रक्रिया अघि बढाउन सकिन्छ ।

**(ख) त्रुटिको वर्णन**

त्रुटिको पहिचान गरिसकेपछि त्रुटिको वर्णन गर्नुपर्ने हुन्छ । त्रुटि विश्लेषणले सिकारुको त्रुटि औँल्याउनुपर्ने हुन्छ । त्यसपछि उसलाई त्रुटि सच्याउने प्रक्रियासित परिचित गर्नुपर्दछ । तत्पश्चात् निश्चित नियमहरूका आधारमा वाक्यको अर्थ संरचनासहित त्यसको वाक्य संरचना सम्बन्धको निक्यौंल गर्ने व्याकरणको ढाँचालाई स्पष्ट पार्न पर्याप्त तथ्याङ्कहरूको खाँचो हुन्छ । एउटै त्रुटि बारम्बार दोहोरियो भने मात्र शिक्षार्थीले निश्चित नियमहरूको अवलम्बन गरेको छ भन्ने निष्कर्ष निकाल्न र त्यस आधारमा उसको भाषिक स्वरूपको वर्णन गर्न सकिन्छ (अधिकारी, २०७३/०७४, पृ. १२१) । त्रुटि विश्लेषण प्रक्रियामा त्रुटिको पहिचानपश्चात् त्रुटिको वर्णन गर्नुपर्ने हुन्छ ।

**(ग) त्रुटिको व्याख्या**

शिक्षार्थीले भाषा प्रयोग गर्दा निर्दिष्ट भाषाका नियमहरूबाट के-कति टाढा पुगेको छ वा कुन नियमको उल्लङ्घन गरेको छ भन्ने कुराको लेखाजोखा गर्ने कार्यलाई त्रुटिको व्याख्या भनिन्छ । त्रुटिको व्याख्यामा भाषिक नियमहरूको उल्लङ्घन, उपेक्षा वा अस्वीकार गरेको कुरालाई विवेचनासमेत व्याख्याविश्लेषण गरिन्छ (अधिकारी, २०७३/०७४, पृ. १२१) ।

# अध्याय तीन
# शोधविधि र प्रक्रिया
## शोधविधि

प्रस्तुत शोध गुणात्मक अनुसन्धान ढाँचामा आधारित रहेर सम्पन्न गरिएको छ। शब्दगत तथ्यलाई आधार बनाई गरिने अनुसन्धानलाई गुणात्मक अनुसन्धान भनिन्छ। तथ्यपरक नमुना छनोट, वाक्य, शब्द तथा तर्कमा आधारित नमुना छनोट, कमभन्दा कम साङ्ख्यिकीको प्रयोग, कमभन्दा कम एकाइको छनोट गुणात्मक अनुसन्धानका विशेषता हुन् (भट्टराई, २०७५/०७६, पृ. ८०)। यो अध्ययनलाई तालिका, प्रतिशताङ्क र विश्लेषणको पद्धतिसहित गुणात्मक विधिलाई जोडेर सम्पन्न गरिएको छ। यस अध्ययनमा शोधार्थी स्वयम् सम्बन्धित क्षेत्रमा गई अवलोकन तथा खुला प्रश्नावलीको उपयोग गरी गुणात्मक अनुसन्धान कार्य सम्पन्न गरिएको छ। यस अध्ययन कार्यमा शिक्षक तथा विद्यार्थीहरूको प्रतिक्रियालाई जस्ताको तस्तै उतारी विश्लेषण समेत गरिएको छ।

### अध्ययनको जनसङ्ख्या

प्रस्तुत शोधमा धादिङ जिल्लाको सिद्धलेक गाउँपालिकाको जलेश्वरी माध्यमिक विद्यालय, सिद्धलेक-४, मालिका आधारभूत विद्यालय, सिद्धलेक-४ र कालीदेवी माध्यमिक विद्यालय, सिद्धलेक-४ गरी तीनओटा विद्यालयहरू उद्देश्यमूलक नमुना छनोटका आधारमा छनोट गरिएको छ। ती तीनओटा विद्यालयहरूमा अध्ययनरत जलेश्वरी मा.वि.का छात्रा ४ जना, छात्र ४ जना गरी जम्मा ८ जना, मालिका आ.वि.का छात्रा ६ जना, छात्र ३ जना गरी जम्मा ९ जना र कालीदेवी मा.वि. का छात्रा ३, छात्र २ गरी जम्मा ५ जना मगर (ढुट) मातृभाषीहरू रहेका छन्। छनोटमा परेका ती तीनओटा विद्यालयहरूबाट जम्मा छात्राको सङ्ख्या १३ जना र छात्रको सङ्ख्या ९ जना गरी प्रस्तुत शोधमा कुल २२ जना मगर (ढुट) मातृभाषीहरू जनसङ्ख्याको रूपमा रहेका छन्।

### नमुना छनोट प्रक्रिया

अनुसन्धान कार्यका लागि लक्षित जनसङ्ख्याबाट एकै प्रकारका विशेषता भएको सानो समूहको छनोट गर्नु नै नमुना छनोट हो। नमुना छनोटले अनुसन्धानलाई सरल,

सहज र विश्लेषणीय बनाउँछ । नमुनाले कम समय र खर्चमा अनुसन्धान सम्पन्न गर्न सहयोग गर्छ ।

प्रस्तुत शोध कार्यलाई व्यवस्थित र भरपर्दो बनाउनका लागि नमुना छनोटलाई प्रयोगमा ल्याइएको छ । नमुना छनोट गर्दा समयको परिधि, भौगोलिक कारण, आर्थिक कठिनाई आदि कारणले गर्दा धादिङ जिल्लाका कक्षा पाँचमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरू समेट्न कठिन देखिन्छ । यसर्थ प्रस्तुत शोधमा धादिङ जिल्ला सिद्धलेक गाउँपालिकाअन्तर्गत मगर (ढुट) मातृभाषी विद्यार्थीहरूको बाहुल्य भएको कालीदेवी मा.वि., मालिका आ.वि. र जलेश्वरी मा.वि.लाई उद्देश्यमूलक नमुना छनोटको आधारमा नमुनाको रूपमा छनोट गरिएको छ । ती तीन ओटा विद्यालयहरूमध्ये जलेश्वरी मा.वि. मा कक्षा ५ मा २७ जना विद्यार्थी अध्ययनरत छन् । उक्त विद्यालयमा कक्षा ५ मा अध्ययनरत विद्यार्थीहरूमध्ये छात्राको सङ्ख्या ११ र छात्रको सङ्ख्या १६ रहेको छ । तीमध्ये पनि मगर भाषी विद्यार्थीहरू छात्रा ४ जना र छात्र ४ जना गरी जम्मा ८ जना रहेका छन् । मालिका आ.वि. मा कक्षा ५ मा अध्ययनरत विद्यार्थीहरू छात्रा ६ जना र छात्र ५ जना गरी जम्मा ११ जना रहेका छन् । तीमध्ये पनि मगर (ढुट) भाषी विद्यार्थीहरू छात्रा ६ जना र छात्र ३ जना गरी जम्मा ९ रहेका छन् । त्यसैगरी कालीदेवी मा.वि. मा कक्षा ५ मा अध्ययनरत छात्रा ५ जना र छात्र ५ जना गरी जम्मा १० जना विद्यार्थीहरू रहेका छन् । तीमध्ये मगर (ढुट) भाषी विद्यार्थीहरू छात्रा ३ जना र छात्र २ जना गरी जम्मा ५ जना रहेका छन् । यहाँ उल्लिखित विद्यालयहरूमा आधारभूत तहका कक्षा ५ मा अध्ययनरत मगर (ढुट) भाषी विद्यार्थीहरूमध्ये तीन विद्यालयबाट छात्रा १३ र छात्र ९ जना गरी कुल २२ जना विद्यार्थीहरूलाई उद्देश्यमूलक नमुना छनोट विधिमा आधारित रहेर गुणात्मक अनुसन्धान प्रक्रियाको अवलम्बन गरिएको छ । धादिङ जिल्लाका ती तीनओटा विद्यालयहरूमा मगर (ढुट) मातृभाषीहरूको राम्रो बाहुल्यता भएको र त्यहाँ दोस्रो भाषासिकाइका क्रममा बढी त्रुटि गर्ने देखिएकोले ती तीनओटा विद्यालयहरूलाई उद्देश्यमूलक नमुना छनोटका आधारमा छनोट गरिएको हो । यी तीनओटा विद्यालय तथा ती विद्यालयबाट दुई जना मगर (ढुट) मातृभाषी शिक्षकलाई पनि उद्देश्यमूलक छनोटका आधारमा अध्ययनमा समावेश गरिएको छ ।

**तथ्याङ्कको स्रोत**

प्रस्तुत शोधमा प्राथमिक र द्वितीयक दुवै स्रोतका तथ्याङ्कको उपयोग गरिएको छ ।

### (अ) प्राथमिक स्रोत

अनुसन्धानकर्ताद्वारा प्रथम पटक सङ्कलन गरिएका तथ्याङ्कलाई प्राथमिक तथ्याङ्क भनिन्छ । यस्ता तथ्याङ्कका स्रोतहरू नै प्राथमिक स्रोत हुन् अर्थात् अनुसन्धानकर्ता आफैँ सम्बन्धित क्षेत्रमा गई सङ्कलन गरेका सूचनालाई प्राथमिक स्रोतका तथ्याङ्क भनिन्छ । प्रश्नावली, अवलोकन, अन्तर्वार्ता आदिका माध्यमबाट यस्ता स्रोतका सूचना सङ्कलन गरिन्छ (निउरे र घिमिरे, २०७२, पृ. ७२) । यस अध्ययनलाई सम्पन्न गर्नका लागि तोकिएका विद्यालयमा गई प्रश्नावली बनाई प्राथमिक स्रोत सामग्री सङ्कलन गरिएको छ । यस अध्ययन कार्य सम्पन्न गर्नका लागि आवश्यक पर्ने तथ्याङ्क सङ्कलन गर्न असंरचित अन्तर्वार्ता तथा प्राप्त कुराकानीलाई अपनाइएको छ । प्रस्तुत शोधकार्य धादिङ जिल्लाको आधारभूत तहका मगर (ढुट) मातृभाषी विद्यार्थीहरूले स्तरीय नेपाली उच्चारणमा गर्ने त्रुटिको विश्लेषणमा केन्द्रित रहेकोले यसमा सम्बन्धित शिक्षक तथा विद्यार्थीहरूसँगको अवलोकन, स्थलगत अवलोकन तथा अन्तर्वार्ताबाट प्राप्त सूचनाहरू प्राथमिक स्रोतका रूपमा रहेका छन् ।

### (आ) द्वितीयक स्रोत

यस अध्ययन कार्य सम्पन्न गर्नका निमित्त द्वितीयक स्रोतको पनि प्रयोग गरिएको छ । द्वितीयक स्रोतलाई सहायक स्रोत पनि भनिन्छ । यस्तो स्रोतमा अनुसन्धानकर्ताको प्रत्यक्ष संलग्नता हुँदैन (भट्टराई, २०७५/०७६, पृ. ७७) । यस अध्ययनसँग सम्बन्धित विभिन्न लेखकहरूका सैद्धान्तिक र व्यावहारिक पुस्तकहरू, शोधग्रन्थहरू र अनुसन्धानमूलक जर्नलहरू द्वितीयक स्रोतका रूपमा रहेका छन् ।

## सामग्री निर्माण

प्रस्तुत शोध कार्यलाई व्यवस्थित, विश्वसनीय, वैध र प्रमाणिक बनाउनका निमित्त विविध स्रोत तथा प्रक्रियाबाट सामग्री निर्माण गरी तथ्याङ्क सङ्कलन गरिएको छ । त्यस्ता सामग्री निर्माणका लागि सर्वप्रथमतः नेपाली भाषामा निर्मित छोटो अनुच्छेद लिइयो । उक्त अनुच्छेदलाई छनोट गरिएका विद्यालयहरूमा गएर कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूलाई सस्वर वाचन गर्न लगाइयो । विद्यार्थीहरूद्वारा गरिएको उक्त सामग्रीको सस्वर वाचनलाई टेपबद्ध (मोबाइलमा रेकर्ड) गरिएको छ । त्यसैको आधारमा सम्भाव्य त्रुटिको क्षेत्र पहिचान

गरी प्रश्नावली निर्माण गरिएको छ । सस्वर वाचन गराइएको अनुच्छेदलाई परिशिष्टमा समावेश गरिएको छ ।

## तथ्याङ्क सङ्कलनका साधनहरू

प्रस्तुत शोधमा अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्कहरू सङ्कलनका लागि प्रश्नावली तयार पारी मौखिक रूपमा प्रश्नोत्तर गरिएको छ । त्यसपछि मौखिक प्रश्नोत्तरबाट प्राप्त तथ्याङ्कलाई लिखित रूपमा उतारिएको छ ।

## पूर्व परीक्षण

शेधकार्यका क्रममा तयार पारिएका प्रश्नावली के-कति उपयुक्त छन् भन्ने जानकारीका लागि पूर्व परीक्षण गरिएको छ । पूर्व परीक्षणका क्रममा गोल्मारानी आधारभूत विद्यालय, सिद्धलेक-६, धादिङमा अध्ययनरत कक्षा पाँचका ७ जना विद्यार्थीहरूमा पूर्व परीक्षण गरिएको छ । उक्त पूर्व परीक्षणबाट आएको नतिजाको कठिनाई स्तर निर्धारण गरी सामग्रीको औचित्य पहिल्याइएको छ । तत्पश्चात् सामग्रीमा आवश्यकताअनुसार सुधार गरेर मात्र उक्त प्रश्नावलीलाई सम्बन्धित विद्यार्थीहरूमा प्रयोगमा ल्याइएको छ । यस अध्ययनमा गुणात्मक अनुसन्धान विधिअन्तर्गत खुला प्रश्नावलीका आधारमा तथ्याङ्क सङ्कलन र विश्लेषण गरिएको छ ।

## तथ्याङ्क सङ्कलन प्रक्रिया

नमुनाका रूपमा छनोट गरिएका विद्यालयलाई पूर्वजानकारी गराई सहमति लिइएको छ । त्यसपछि छनोट गरिएका विद्यार्थीहरूको अवलोकन पश्चात् अन्तर्वार्ता लिइएको छ । अन्तर्वार्ताका लागि तल चर्चा गरिएका त्रुटि परीक्षण गर्न खुला प्रश्नावली बनाएर छानिएका विद्यार्थीहरू माझ गुणात्मक अनुसन्धान विधिको गहिरो अध्ययन प्रक्रियाको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ । यस अनुसन्धान प्रक्रियामा अनुसन्धानकर्ताले वस्तु, प्रक्रिया, समस्या तथा घटनाहरूको यथास्थितिमा वा प्राकृतिक अवस्थामा अध्ययन गर्ने प्रक्रिया (खनाल, २०७३, पृ. १२३) लाई अपनाइएको छ । यसरी सङ्कलित तथ्यहरूको पहिचान, सत्यापन, सङ्केतीकरण, वर्गीकरण र अभिलेखीकरण प्रक्रियामा पनि गुणात्मक

प्रक्रियालाई अवलम्बन गरिएको छ । प्राप्त तथ्यको पुष्टिका लागि प्राप्त त्रुटिहरूको आवृत्ति प्रतिशताङ्क गणना तथा तालिकीकरणलाई समावेश गरिएको छ ।

## व्याख्या विश्लेषण वा अर्थापन पद्धति

प्राप्त तथ्यहरूको व्याख्या विश्लेषणका लागि वर्णनात्मक र विश्लेषणात्मक विधिको उपयोग गरिएको छ । त्रुटि विश्लेषणको सैद्धान्तिक आधारको सापेक्षतामा व्याख्या विश्लेषण गरी निष्कर्ष निकालिएको छ । शोध समस्याका आधारमा वर्णविन्यासगत, पदसङ्गतिगत र वाक्यरचनागत त्रुटिहरूको व्याख्या विश्लेषण गर्न प्रत्येक प्रश्नको छुट्टाछुट्टै अध्यायहरू राखिएको छ । वर्णविन्यासगत त्रुटिहरूलाई सम्बन्धित तहको पाठ्यक्रम र पाठ्यपुस्तकले निर्देशित गरेको वर्णविन्यासको नियमअनुसार व्याख्या-विश्लेषण गरिएको छ । पदसङ्गतिगत त्रुटिलाई कर्ता र क्रिया, नाम र सर्वनामका बिच सङ्गतिको आधारमा व्याख्या विश्लेषण गरिएको छ भने वाक्यरचनागत त्रुटिहरूलाई लिङ्ग, वचन, पुरुषजस्ता व्याकरणिक कोटिको आधारमा व्याख्या-विश्लेषण गरिएको छ । यसको आधिकारिक प्राथमिक स्रोत सामग्रीलाई खोज गरी थप विश्लेषण गरिएको छ ।

## त्रुटि विश्लेषणका सैद्धान्तिक आधारको सीमाङ्कन

यस शोध कार्यमा अध्याय दुईमा रहेको ‘पूर्वकार्यको समीक्षा र सैद्धान्तिक पर्याधार’ अन्तर्गत ‘सैद्धान्तिक पर्याधार’ शीर्षकमा आधारित रहेर उल्लेख गरिएको त्रुटि विश्लेषणका सैद्धान्तिक आधारहरूमध्ये देहायबमोजिमका आधारहरूमा मात्र सिमित रहेर त्रुटिको पहिचान, व्याख्या तथा विश्लेषण गरिएको छ :


- भाषिक एकाइगत त्रुटिअन्तर्गत पर्ने उच्चारणगत त्रुटि, रूपगत त्रुटि र पदावलीगत त्रुटिको मात्र पहिचान, व्याख्या तथा विश्लेषण गरिएको छ ।
- मात्रागत त्रुटिअन्तर्गत पर्ने आंशिक/सीमित त्रुटि र व्यापक/समग्रात्मक त्रुटिको मात्र पहिचान, व्याख्या तथा विश्लेषण गरिएको छ ।

## अवधारणात्मक ढाँचा

कुनै पनि भाषा सिक्ने क्रममा सिकारुले भाषा प्रयोगमा गर्ने भुल वा गल्ती नै भाषिक त्रुटि हो । त्यस्ता त्रुटि निराकरणका लागि त्रुटिको विश्लेषण गर्नुपर्ने हुन्छ । कुनै पनि

भाषा सिकारुको सिकाइ प्रक्रियाको अध्ययन गर्ने महत्त्वपूर्ण पद्धति भनेको नै त्रुटि विश्लेषण हो । सिकारुको लक्ष्य भाषाको सिकाइको बारेमा प्रत्यक्ष अवलोकनद्वारा प्राप्त त्रुटिहरूलाई विश्लेषण गरी आएको निष्कर्षको आधारमा उपयुक्त सिकाइ प्रक्रिया छनोट गरी प्रभावकारी शिक्षण सिकाइ गर्न सकिन्छ ।

यस अध्ययनमा मगर (ढुट) मातृभाषी विद्यार्थीहरूले नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिको अध्ययन गरी उक्त त्रुटिको विश्लेषण गरिएको छ । यसमा सर्वप्रथम त उच्चारणमा गर्ने त्रुटिहरू पहिल्याई उक्त त्रुटिहरूलाई वर्णविन्यासगत त्रुटि, पदसङ्गतिगत त्रुटि र वाक्यरचनागत त्रुटिको आधारमा छुट्याइएको छ । प्राप्त त्रुटिहरूलाई त्रुटि विश्लेषणको सिद्धान्तको आधारमा व्याख्या विश्लेषण गरिएको छ । तत्पश्चात् प्राप्त जानकारीको आधारमा निष्कर्ष निकालिएको छ; जसलाई ढाँचागत रूपमा देहायबमोजिम उल्लेख गरिएको छ :



# अध्याय चार

# स्थान र जनसङ्ख्याको चिनारी

## मगर जाति र भाषा

बहुजाति, बहुभाषी, बहुधार्मिक देश नेपालमा बसोबास गर्दै आएका विविध जातिहरूमध्ये मगर पनि एक हो । मगर जाति नेपालका आदिवासी जनजातिहरूमध्येमा सबैभन्दा बढी जनसङ्ख्या ओगटेको जाति हो । यस जातिको थातथलो रिडी नदीदेखि पूर्व बाह्र र पश्चिम अठार मगरातसम्म हो । यस भूमिमा फरक-फरक मगर भाषाहरू बोल्ने गरिन्छ । अठार मगरात क्षेत्रकै ताराकोई (डोल्पा) मा अर्को मगर भाषा (मगर काइके) बोलिन्छ (मगर, सन् २०११, पृ. xxii) । नेपालको जनगणना २०६८ को आधारमा मगर जातिलाई आदिवासी जनजातिमध्येकै ठुलो जाति मानिन्छ ।

आदिवासी जनजाति आयोगको 'वार्षिक प्रगति प्रतिवेदन' (आर्थिक वर्ष २०७६/०७७) को परिच्छेद एकअन्तर्गत आदिवासी जनजातिको जनसङ्ख्याको बारेमा उल्लेख गरिएको छ । उक्त प्रतिवेदनमा नेपालको ७७ ओटै जिल्लामा आदिवासी जनजाति समुदायहरू रहेको कुरा उल्लेख गरिएको पाइन्छ । वि.सं. २०६८ को जनगणनाअनुसार नेपालको जनसङ्ख्या २,६४,९४,५०४ छ भने सूचीकृत भएकामध्ये ४६ आदिवासी जनजातिहरू र अन्य आदिवासी जनजातिहरू (१,२२८) गरी आदिवासी जनजातिहरूको कुल जनसङ्ख्या ९३,६८,१७८ उल्लेख गरिएको छ । जनगणनामा आदिवासी जनजाति समुदायलाई लोपोन्मुख समूह, अति सीमान्तकृत समूह, सीमान्तकृत समूह, सुविधाबाट वञ्चित समूह, उन्नत समूह र अन्य आदिवासी जनजाति समूहमा वर्गीकरण गरी गणना गरिएको छ (पृ.४) । मगर जातिलाई प्रस्तुत समूहहरूमध्ये सुविधा वञ्चित समूहअन्तर्गत राखिएको पाइन्छ । सुविधा वञ्चित समूहअन्तर्गत मगरलगायत गुरुङ, राई, लिम्बु, शेर्पा, याक्खा, छन्त्याल, जिरेल, व्यासी, ह्योल्मो जस्ता जातिहरूलाई समेत समेटेर तालिकीकरण गरिएको छ । प्रस्तुत तालिकामा मगर जातिको जनसङ्ख्या १८,८७,७३३ (७.१ %) रहेको र मगर भाषा बोल्नेको सङ्ख्या ७,८८,५३० (१३.१ %) रहेको कुरा समेटिएको छ ।

२०६८ को जनगणनामा पेस गरिएको तथ्याङ्कलाई हेर्दा नेपालका १२३ भाषामध्ये १४ ओटा भाषामा मात्र १ प्रतिशतभन्दा बढी वक्ता सङ्ख्या छन् भने १०९ ओटा भाषाका

वक्ता १ प्रतिशतभन्दा कम छन् (पौडेल र भट्टराई, २०७७, पृ.२०८) । नेपालको जनगणना २०६८ कोअनुसार १ प्रतिशतभन्दा बढी वक्ता सङ्ख्या भएको जातिमा मगर जाति पनि पर्दछ । २०६८ को तथ्याङ्कबमोजिम मगर भाषालाई नै मातृभाषाको रूपमा प्रयोग गर्नेको सङ्ख्याको हिसाबमा मगर मातृभाषी आठौँ नम्बरमा पर्दछ भन्ने कुरा लेखकद्वय पौडेल र भट्टराईको 'नेपालको भाषानीति र योजना आधार' नामक पुस्तकमा पाइन्छ । उक्त पुस्तकमा उल्लेख भएबमोजिम नेपालको जनगणना २०६८अनुसार नेपालमा बोलिने विविध भाषाहरूमध्ये नेपाली भाषाको वक्ता सङ्ख्या ११८२६९५३ (४४.६३ %), मैथिली भाषाको वक्ता सङ्ख्या ३०९२५३० (११.६७ %), भोजपुरी भाषाको वक्ता सङ्ख्या १५८४९५८ (५.९८ %), थारू भाषाको वक्ता सङ्ख्या १५२९८७५ (५.७७ %), तामाङ भाषाको वक्ता सङ्ख्या १३५३३११ (५.१० %), नेवारी भाषाको वक्ता सङ्ख्या ८४६५५७ (३.१९ %), बज्जिका भाषाको वक्ता सङ्ख्या (२.९९ %) र मगर भाषाको वक्ता सङ्ख्या ७८८५३० (२.९७ %) रहेको छ । यसरी हेर्दा मगर मातृभाषी आठौँ नम्बरमा पर्ने कुरा पुष्टि हुन्छ । नेपालमा बोलिने १२३ भाषामध्ये मगर मातृभाषीको सङ्ख्या आठौँ नम्बरमा पर्नु भनेको यस भाषाको वक्ता सङ्ख्या पनि उल्लेख्य मात्रामा रहनु हो । उक्त तथ्याङ्कको आधारमा २.९७ प्रतिशत रहेको मगर मातृभाषीहरूले नेपाली भाषालाई दोस्रो भाषाको रूपमा प्रयोग गर्ने गर्दछन् ।

नेपालको सन् २०११ को जनगणनाअनुसार नेपालमा मगरहरूको जनसङ्ख्या १८,८७,७३३ छ र यो नेपालको सबभन्दा ठूलो जातीय तथा भाषिक समूहमध्येको एउटा हो । यी १८८७७३३ मगर जातिमध्ये ७,८८,५३० त आफ्नो मातृभाषा मगर बोल्नेहरू छन् (हिल्ती, सन् २०१३, पृ. ५३) । वि.सं. २०६८ को तथ्याङ्कलाई हेर्दा उल्लेख्य मात्रामा मगर भाषीहरू रहेको देखिन्छ । मगर मातृभाषीहरूले प्राय गरेर नेपाली भाषालाई दोस्रो भाषाको रूपमा प्रयोग गरेको पाइन्छ ।

मगर भाषा अक्खा लिपिमा लेखिन्छ । मगर भाषाले रेडियो नेपालमा समाचार वाचनमा प्रवेश पाएको छ भने यस भाषामा शब्दकोश, व्याकरण, पत्रपत्रिका लेखन कार्यको पनि सुरुवात भएको छ । वि.सं. २०६८ को जनगणनाअनुसार यस भाषाको प्रयोग गर्ने मातृभाषीको सङ्ख्या २.९८ % रहेको छ (आचार्य, सन् २०१९, पृ.२२६) । भाषा मानवीय सम्पत्ति हो तसर्थ भाषा जोगाउनका निमित्त विद्वान्हरू आ-आफ्नो क्षेत्रबाट लागिपरेका छन् ।

मगर भाषा जोगाउने हेतुले पनि मगर भाषाकै शब्दकोश, व्याकरण जस्ता ग्रन्थहरू निर्माण भएको कुरा आचार्यको लेखमा पाइन्छ ।

## धादिङ जिल्ला

मीन श्रीस मगरद्वारा लिखित 'नेपाली राष्ट्रियताको विकासमा मगर पुजारीहरूको भूमिका' नामक कृति नेपाल प्रज्ञा प्रतिष्ठानले प्रकाशन गरेको छ । मगरद्वारा लिखित उक्त पुस्तकमा धादिङ जिल्लाको कुल जनसङ्ख्या ३,३६,०६७ रहेको कुरा तालिकामा उल्लेख गरिएको छ । तीमध्ये मगर जातिको जनसङ्ख्या २८,६४४ रहेको कुरा पनि तालिकामा प्रस्तुत गरिएको छ । उक्त तालिकामा प्रस्तुत गरिएअनुसार मगरहरू पाँचौं स्थानमा रहेको छ । धादिङ जिल्लामा रहेका मगरहरूमध्ये ६,४६१ जनाले मगर ढुट बोल्ने गरेको र ३ जनाले मगर खाम बोल्ने गरेको कुरा पनि दिइएको तालिकाबाट जानकारी हुन्छ ।

## सिद्धलेक गाउँपालिका

सिद्धलेक गाउँपालिकाले प्रकाशन गरेको गुरु योजना (भाग १) २०७५ अनुसार सिद्धलेक गाउँपालिकाको कुल क्षेत्रफल १०६.३६ वर्ग किलोमिटर रहेको छ । यस गाउँपालिकामा ६,२१२ घरधुरी र ३१,३९५ जनसङ्ख्या रहेको छ । जम्मा परिवार सङ्ख्या ६२१२ रहेको यस गाउँपालिकामा मगरको परिवार सङ्ख्या ११५८ रहेको छ (सिद्धलेक गा.पा. घरधुरी सर्वेक्षण, २०७४) ।

सिद्धलेक गाउँपालिकाले प्रकाशन गरेको गुरु योजना (भाग १) २०७५ मा 'मातृभाषाअनुसार घरधुरी जनसङ्ख्या' शीर्षकमा यस गाउँपालिकामा प्रयोगमा आएको मातृभाषाको बारेमा उल्लेख गरिएको पाइन्छ । यहाँको जनसङ्ख्यालाई मातृभाषाअनुसार विश्लेषण गर्दा सबैभन्दा बढी अर्थात् ९१.८७ प्रतिशत नेपाली भाषा बोल्ने जनसङ्ख्या रहेको छ । दोस्रोमा मगर भाषा बोल्ने जनसङ्ख्या रहेको छ ।

## छनोटमा परेका विद्यालयहरूको सामान्य परिचय

मालिका आधारभूत विद्यालयको सेवा क्षेत्रमा बहुसङ्ख्यक मगर जातिको बसोवास रहेको छ । यहाँका बासिन्दाहरूमा मगर जाति सँगसँगै अन्य जातिले पनि मगर भाषा बोल्ने

गर्छन् (विद्यालय सुधार योजना, २०६५-२०७०, पृ. ३) । यसै विद्यालयको प्रधानाध्यापकको भनाइअनुसार यस विद्यालयमा अध्ययनरत सम्पूर्ण मगर विद्यार्थीहरूको मातृभाषा मगर (ढुट) भाषा नै रहेको छ ।

धादिङ जिल्ला, सिद्धलेक-४, सलाङघाटमा अवस्थित जलेश्वरी मा.वि.को सेवा क्षेत्रका बासिन्दाहरूमा मुख्य गरी ब्राह्मण, क्षेत्री, मगर, नेवार जस्ता जातजातिहरू बढी मात्रामा र माझि, वि.क., मगराती, परियार, चेपाङ आदिको पनि बसोबास छ ।

सिद्धलेक गाउँपालिका, वडा नम्बर ४, आरुबासमा अवस्थित कालीदेवी माध्यमिक विद्यालयको सेवाक्षेत्रभित्र बसोबास गर्ने मगरहरूले मगर (ढुट) भाषा नै मातृभाषाको रूपमा बोल्ने गरेको पाइन्छ ।

## जातिगत छनोटको आधार

जातीय, भाषिक, धार्मिक तथा सांस्कृतिक हिसाबले भरिपूर्ण देश नेपालमा रहेका विविध जातिहरूमध्ये मगर जाति पनि एक हो । मगर जाति नेपालका आदिवासी जनजातिहरूमध्येमा सबैभन्दा बढी जनसङ्ख्या ओगटेको जाति हो । यस जातिको थातथलो रिडी नदीदेखि पूर्व बाह्र र पश्चिम अठार मगरातसम्म हो । यस भूमिमा फरक-फरक मगर भाषाहरू बोल्ने गरिन्छ । ती हुन् :

- मगर काइके,
- मगर खाम र
- मगर ढुट ।

नेपालको जनगणना २०६८ अनुसार नेपालमा १२३ ओटा भाषाहरू बोल्ने गरेको पाइन्छ । तीमध्ये मगर भाषा पनि एक हो । आदिवासी जनजाति आयोगको 'वार्षिक प्रगति प्रतिवेदन' (आर्थिक वर्ष २०७६/०७७) को परिच्छेद एकमा मगर जातिको जनसङ्ख्या १८,८७,७३३ (७.१ %) रहेको र मगर भाषा बोल्नेको सङ्ख्या ७,८८,५३० (१३.१ %) रहेको कुरा उल्लेख गरिएको छ । यस तथ्याङ्कको आधारमा मगर भाषा बोल्नेको सङ्ख्या उल्लेख्य मात्रामा रहेको छ भन्ने कुरा प्रस्ट हुन्छ । मीन श्रीस मगरद्वारा लिखित 'नेपाली राष्ट्रियताको विकासमा मगर पूजारीहरूको भूमिका' नामक पुस्तकमा धादिङ जिल्लाको कुल जनसङ्ख्या

३,३६,०६७ रहेको र तीमध्ये मगर जातिको जनसङ्ख्या २८,६४४ रहेको कुरा उल्लेख गरिएको पाइन्छ । धादिङ जिल्लामा रहेका मगरहरू सबैले मगर (ढुट) भाषा बोल्ने गरेको भने पाइँदैन । धादिङ जिल्लामा विशेषगरी साविकको सलाङ, नलाङ र निलकण्ठ गरी तीनओटा गाउँ विकास समितिमा मगर (ढुट) भाषा बोल्ने गरेको पाइन्छ । अरु गा.वि.स. हरूमा भने यी गा.वि.स. हरूमा भन्दा कम मात्रामा बोल्ने गरेको पाइन्छ । मगर भाषाका मगर ढुट, मगर काइके र मगर खाम गरी तीनओटा प्रकारमध्ये धादिङ जिल्लामा मगर ढुट बढी बोल्ने गरेको पाइन्छ ।

सिद्धलेक गाउँपालिकामा साविकको सलाङ, नलाङ र कुम्पुर गा.वि.स. गाभिएको छ । ती गा.वि.स.हरूमध्ये मगर (ढुट) भाषा बोल्नेको बाहुल्यता सलाङ र नलाङमा रहेको छ । कुम्पुर गा.वि.स.मा मगर भाषी खासै भेटिँदैन । सिद्धलेक गाउँपालिकाले प्रकाशन गरेको गुरु योजना (भाग १) २०७५ मा उल्लेख गरिएअनुसार यहाँको जनसङ्ख्यालाई मातृभाषाअनुसार विश्लेषण गर्दा सबैभन्दा बढी अर्थात् ९१.८७ प्रतिशत नेपाली भाषा बोल्ने जनसङ्ख्या रहेको छ । कुल घरधुरी ६२१२ मध्ये ५७०७ घरधुरीका जनसङ्ख्याको मातृभाषा नेपाली रहेको छ । दोस्रोमा मगर भाषा बोल्ने जनसङ्ख्या रहेको छ; जुन कुल जनसङ्ख्याको ४.७६ प्रतिशत (२९६ घरधुरी) रहेको छ । यो तथ्याङ्कलाई हेर्दा सिद्धलेक गा.पा. मा नेपाली भाषाबाहेक अन्य भाषालाई मातृभाषाको रूपमा प्रयोग गर्नेको स्थिति हेर्ने हो भने सबैभन्दा धेरै बोल्ने भाषा भनेको मगर भाषा नै हो ।

यस अध्ययन कार्यको लागि छनोट गरिएको जलेश्वरी मा.वि., कालीदेवी मा.वि. र मालिका आ.वि. साविकको सलाङ गा.वि.स. (हाल सिद्धलेक गा.पा., वडा नं. ४) मा पर्दछ । यी विद्यालयहरूमा अध्ययनरत मगर परिवारका बालबालिकाहरू मगर (ढुट) मातृभाषी नै रहेको पाइन्छ ।

# अध्याय पाँच

# मगर (ढुट) मातृभाषीहरूले नेपाली भाषाको उच्चारणमा गर्ने वर्णविन्यासगत त्रुटिहरू

## पृष्ठभूमि

त्रुटिको शाब्दिक अर्थ गल्ती भन्ने हुन्छ । भाषा सिकाइका क्रममा सिकारुहरूले गल्ती गर्ने गरेको पाइन्छ । त्यस्ता गल्तीहरूलाई भाषिक त्रुटि भनिन्छ । भाषिक त्रुटि पनि पहिलो भाषाको तुलनामा दोस्रो भाषाको सिकाइमा बढी त्रुटि गर्ने गरेको पाइन्छ । वीणा कुमारी पराजुलीद्वारा आफ्नो शोधपत्र 'कक्षा नौमा अध्ययनरत चेपाङभाषी विद्यार्थीहरूले नेपाली भाषाको वाक्यगठनमा गर्ने त्रुटिको अध्ययन' मा भाषा सिकाइका क्रममा सिकारुहरूले गर्ने त्रुटिहरू कुनै व्याकरण, कुनै वर्णविन्यास, कुनै अर्थ, कुनै उच्चारण, कुनै वाक्यगठन क्षेत्रसँग सम्बन्धित हुन्छन् भनी उल्लेख गरिएको छ । पराजुली (२०७१) ले व्याकरणिक त्रुटिअन्तर्गत पदक्रम र पदसङ्गतिगत त्रुटि, वर्णविन्यासअन्तर्गत ह्रस्व, दीर्घसम्बन्धी त्रुटि, हलन्त र अजन्तसम्बन्धी त्रुटि, शिरबिन्दु र चन्द्रबिन्दु सम्बन्धी त्रुटि, पञ्चम वर्ण, ब-व, श-ष-स, क्ष-छ्य, ज्ञ-ग्यँ, ऋ-रि को प्रयोगसम्बन्धी तथा पदयोग र पदवियोगसम्बन्धी त्रुटिहरूलाई वर्णविन्यासगत त्रुटिका रूपमा लिएका छन् । त्रुटिहरू विकासशील हुनाले यी सामान्यतः अस्थिर हुन्छन् । प्रारम्भमा त्रुटिहरू अव्यवस्थित, अनियमित हुने तर विस्तार विस्तार केही नियमित र अनुमेयका साथै पूर्णतः नियमित तथा अनुभेय हुँदै जाने खालका पाइन्छन् । एस.पिट. कर्डर (१८७३, पृ. २७१) का अनुसार त्रुटिहरूलाई तीन चरणमा बाँड्न सकिन्छ :

- व्यवस्थित त्रुटि,
- अव्यवस्थित त्रुटि र
- उत्तरव्यवस्थित त्रुटि (अधिकारी, २०६५, पृ. १४७) ।

यस शोधकार्यमा मगर (ढुट) मातृभाषीहरूले नेपाली भाषाको उच्चारणमा के-कस्ता त्रुटिहरू गर्छन्, भन्ने कुराहरू पत्ता लगाउनका निमित्त छनोट गरिएका मगर (ढुट) मातृभाषी विद्यार्थीहरूलाई नेपाली भाषाकै एउटा छोटो अनुच्छेद सस्वर पठन गर्न लगाइएको छ । त्यसका साथै कक्षा पाँचमा नेपाली विषय पढाइरहनु भएको शिक्षकसँग अन्तर्वार्ता समेत गरियो; जसलाई मोबाइलबाट टेपबद्ध गरिएको छ । तत्पश्चात् प्राप्त जानकारीको आधारमा

खुला प्रश्नावली निर्माण गरी तीनओटा विद्यालयका जम्मा बाइस जना मगर (ढुट) मातृभाषी (छनोटमा परेका) विद्यार्थीहरूलाई प्रश्नोत्तर तथा शब्द उच्चारण गर्न लगाइएको छ। विद्यार्थीहरूको नेपाली भाषाको उच्चारण अवस्थालाई शब्दगत रूपमा शीर्षक राखी तालिकाद्वारा व्याख्या गरिएको छ। यस अध्यायमा मगर (ढुट) मातृभाषीहरूले नेपाली भाषाको उच्चारणमा गर्ने वर्णविन्यासगत त्रुटिहरूको मात्र पहिचान तथा विश्लेषण गरिएको छ।

यस अध्यायमा वर्णविन्यासगत त्रुटिहरूको पहिचान तथा विश्लेषण गर्ने ध्येयले भाषिक एकाइगत त्रुटिअन्तर्गत पर्ने उच्चारणगत त्रुटि, रूपगत त्रुटि र पदावलीगत त्रुटिको पहिचान तथा विश्लेषण गरिएको छ। ती त्रुटिहरूको पहिचान तथा विश्लेषणका लागि गरिएका कार्यहरूलाई तल उल्लेख गरिएको छ।

## मगर (ढुट) भाषाको परिचय

मगर भाषा तीन प्रकारका छन्। ती हुन् :

१) मगर ढुट,

२) मगर खाम/पाङ र

३) मगर काइके।

मगर ढुटलाई बाह्र मगरातको भाषा वा पाल्ही मगर ढुट पनि भनेर चिनिन्छ। मगर ढुटभित्र पनि अनेक भाषिकाहरू पाइन्छ तर त्यस्ता भाषिकाहरू बिच भाषाको केही झल्लरी र फूर्काहरू बाहेक मुख्य शब्द र वाक्य संरचनाहरू समान पाइन्छ। हालसम्म मगर ढुटको उद्‌गम बिन्दु पाल्पामा बोलिने भाषिकालाई लिने गरेको पाइन्छ।

मगर ढुटको आफ्नै लिपि छ। त्यसलाई अक्खा भनिन्छ। अक्खा गौतम बुद्धकाल अघिदेखि चलिआएको हो। मगरहरू यहाँका आदिवासीहरू भएकोले पनि आफ्ना सभ्यता विकासक्रममा लिपिको पनि विकास भएको पाइन्छ (सिङ्जाली, २०६७ : पृ. १ र २)। मगर (ढुट) भाषामा अङ्क गणनाको आफ्नै तरिका छ। जस्तै :

शून्य (नेपाली भाषा) : वाङ (मगर ढुट)

एक (नेपाली भाषा) : काट (मगर ढुट)

दुई (नेपाली भाषा) : निस (मगर ढुट)

तीन (नेपाली भाषा) : सोम (मगर ढुट) आदि ।

उल्लिखित विवरणका आधारमा मगर (ढुट) भाषी विद्यार्थीले नेपाली भाषा सिकाइमा गर्ने भाषिक त्रुटिलाई व्यवस्थित विश्लेषण अत्यावश्यक हुन्छ ।

## उच्चारणगत त्रुटि

मानव मनमा उत्पन्न भएका विचारहरूलाई ध्वन्यात्मक रूपमा प्रस्तुत गर्नु नै उच्चारण हो । उच्चारणसँग भाषिक अभिव्यक्तिका हलन्त, अजन्त, गति, यति, लय, सुर, अनुतान, आघात जस्ता विविध पक्षहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । उच्चारणको अनुतान, आघात, आरोह, अवरोह, गति, यति, चिन्ह प्रयोगको ख्याल, हलन्त, अजन्त आदिमा देखिने त्रुटि नै उच्चारणगत त्रुटि हो । जस्तै : रेफ वा हलन्त 'र्' को उच्चारण गर्नुपर्नेमा अजन्त 'र' को उच्चारण गर्नु, 'य' को उच्चारण गर्नुपर्नेमा 'ए' को उच्चारण गर्नु, लेख्दा अजन्त भएपनि उच्चारण गर्दा हलन्त उच्चारण गर्नुपर्नेलाई अजन्त नै उच्चारण गर्नु, टवर्गलाई तवर्गमा परिवर्तन गरी उच्चारण गर्नु, तवर्गलाई टवर्गमा परिवर्तन गरी उच्चारण गर्नु आदि । उच्चारणमा गरिने यस्तो किसिमको त्रुटि नै वर्णविन्यासगत त्रुटि हो । नेपाली वर्णविन्यास भनेको नेपाली शब्द र वाक्यमा वर्णहरूको व्यवस्थित रखाइ वा वर्णहरू अभिव्यक्त गर्ने तरिका हो (गिरी, २०६९, पृ. ७०) । छनोटमा लिइएका शिक्षकहरूसँग बसेर मगर (ढुट) भाषी विद्यार्थीहरूले नेपाली भाषाको उच्चारण गर्ने क्रममा देखिएका त्रुटिहरूको बारेमा कुरा गर्दा पनि मगर (ढुट) भाषी विद्यार्थीहरूले अन्य क्षेत्रका साथसाथै तवर्गलाई टवर्गमा परिवर्तन गरी उच्चारण गर्ने गरेको पाइने कुरा प्राप्त भएको छ । यस सम्बन्धमा कुरा गर्ने क्रममा शिक्षक एकको भनाइ यसप्रकार रहेको छ :

> *"मगर भाषा र नेपाली भाषाको बीचमा एकअर्कामा पूरक सम्बन्ध छ । मगर भाषा बोल्ने र नेपाली नजान्ने मगर मातृभाषीहरूलाई नेपाली भाषा सिकाउँदा मगर भाषालाई नै नेपाली भाषामा रूपान्तरण गरी सिकाउनुपर्ने र यसरी सिकाउँदा विद्यार्थीले मगर भाषा पनि जान्ने र नेपाली भाषा पनि जान्ने गरेको पाइएकोले यी दुई*

*भाषाबीच पूरक सम्बन्ध रहेको छ । हिजो मातृभाषा मात्रै प्रयोग गरिरहेका विद्यार्थीहरूले अहिले नेपाली भाषा बोल्दा केही न केही टोनमा चाहिँ फरक आएको देखिन्छ । भाषाको लेख्य रूपमा खासै त्रुटि देखिँदैन; विशेषगरी बोल्ने क्रममा ट, ड, ङ जस्ता वर्णहरू मगर भाषामा बढी प्रयोग हुने भएकोले टोनमा फरक पाइन्छ ।"*

मगर भाषा र नेपाली भाषा छुट्टाछुट्टै भाषा परिवारअन्तर्गत पर्ने भाषा हो । मगर भाषा चिनीयाँ तिब्बती (भोटबर्मेली) भाषा परिवारअन्तर्गत पर्दछ भने नेपाली भाषा भारोपेली भाषा परिवारअन्तर्गत पर्दछ । छुट्टाछुट्टै भाषा परिवारअन्तर्गत पर्ने भाषा भएकोले यी दुई भाषाहरूबीच फरकपन पाइए तापनि एकअर्कामा पूरक सम्बन्ध पनि पाइन्छ । कतिपय शब्दहरूको उच्चारण सुन्दा मिल्दाजुल्दा पाइने हुनाले यी दुई भाषाबीच पूरक सम्बन्ध रहेको छ । जस्तै :

**तालिका सङ्ख्या ५.१. मगर (ढुट) भाषा र नेपाली भाषाबीच पाइने केही समानता**

| **मगर (ढुट) भाषा** | **नेपाली भाषा** |
|---|---|
| डुट | दूध |
| रोटा | रोटी |
| ठुम्से | थुन्से |
| पोस्टक | पुस्तक |
| चिन्डीले | चिन्छ |
| छुवा | छोयो |
| ठुना | थुन्यो |
| पढिस्ले | पढ्छ |

स्रोत : स्थलगत अध्ययन (२०७९) ।

माथिको उदाहरणबाट मगर (ढुट) भाषा र नेपाली भाषाबीच केही समानता पाइने भए पनि मगर (ढुट) भाषी विद्यार्थीहरूले नेपाली भाषाको 'त' वर्गको उच्चारणमा 'ट' वर्गको उच्चारण गर्न सक्ने देखिएको छ । यसबाट मगर (ढुट) भाषी विद्यार्थीहरूले नेपाली भाषाको उच्चारणमा त्रुटि गर्दछ भन्ने कुरा स्पष्ट हुन्छ । यस शोधपत्रमा यस्ता त्रुटिहरूलाई देहायबमोजिम प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या ५.२.मगर (ढुट) भाषी विद्यार्थीहरूमा पाइएका 'य' र 'ए' को प्रयोग भएका शब्दहरूको उच्चारणगत त्रुटिहरू**

नेपाली भाषालाई दोस्रो भाषाको रूपमा प्रयोग गर्ने मगर (ढुट) भाषीहरूले नेपाली भाषाको उच्चारणमा थुप्रै त्रुटि गरेको पाइन्छ । कुनै पनि भाषा सिकाइका क्रममा त्रुटि हुनु स्वाभाविक छ । त्रुटिले भाषा सिकाइको प्रकृति तथा प्रवृत्तिलाई सङ्केत गरेको हुन्छ (अधिकारी, २०६५, पृ.१३९) । मगर (ढुट) भाषी विद्यार्थीहरूले पनि नेपाली भाषाको सिकाइमा त्रुटि गर्नु स्वाभाविक नै हो । यहाँ तीनओटा विद्यालयका जम्मा २२ जना विद्यार्थीहरूलाई नेपाली भाषामा तयार पारिएको सामग्री उच्चारण गराउँदा पनि विद्यार्थीहरूले थुप्रै त्रुटि गरेको पाइएको छ; जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| **शब्दहरू** | **मानक उच्चारण** | **शुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या** | **प्रतिशत** | **अशुद्ध उच्चारण** | **अशुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|---|---|---|---|
| परिचय | /परिचय/ | ७ | ३१.८२ | परिचए | १५ | ६८.१८ |
| भय | /भय/ | ६ | २७.२७ | भए | १६ | ७२.७३ |
| समय | /समय/ | ५ | २२.७३ | समए | १७ | ७७.२७ |
| महोदय | /महोदय/ | ५ | २२.७३ | महोदए | १७ | ७७.२७ |
| विद्यालय | /बिद्यालय/ | ४ | १८.१८ | बिद्यालए | १८ | ८१.८२ |
| विषय | /बिषय/ | ५ | २२.७३ | बिसए | १७ | ७७.२७ |
| निश्चय | /निस्चय/ | ५ | २२.७३ | निस्चए | १७ | ७७.२७ |
| सभ्य | /सभ्य/ | ८ | ३६.३६ | सभए | १४ | ६३.६४ |

स्रोत : स्थलगत अध्ययन (२०७९) ।

माथिको तालिकाको तथ्याङ्कअनुसार सबैभन्दा बढी 'विद्यालय' शब्दको अशुद्ध उच्चारण गरेको देखिन्छ । यसमा ८१.८२ प्रतिशत विद्यार्थीहरूले अशुद्ध उच्चारण गरेका छन् । त्यसैगरी समय, महोदय, विषय र निश्चय शब्दको उच्चारणमा पनि प्रत्येकमा ७७.२७ प्रतिशत विद्यार्थीहरूले अशुद्ध उच्चारण गरेका छन् । 'भय' शब्दको उच्चारणमा ७२.७२

प्रतिशत विद्यार्थीहरूले अशुद्ध उच्चारण गरेका छन् । 'परिचय' शब्दको उच्चारणमा ६८.१८ प्रतिशतले अशुद्ध उच्चारण गरेका छन् भने 'सभ्य' शब्दको उच्चारणमा सबैभन्दा कम अर्थात् ६३.६४ प्रतिशतले अशुद्ध उच्चारण गरेको पाइन्छ । यसबाट यो प्रस्ट हुन्छ कि मगर मातृभाषी विद्यार्थीहरूलाई नेपाली भाषाको उच्चारणमा समस्या रहेको छ ।

## रूपगत त्रुटि

शब्दको रूपायन वा व्युत्पादन गर्दा देखिने त्रुटि नै रूपगत त्रुटि हो । शब्दको सही ढङ्गले रूपायन वाव्युत्पादन गर्न नजान्दा हुने त्रुटिलाई यसअन्तर्गत राखिन्छ साथै बद्ध र मुक्त रूपको सही संयोजन गर्न नजान्दा पनि यस्ता त्रुटिहरू भएका देखिन्छन् (पौडेल, २०७३ : पृ.२०५) । जस्तै : दुईओटा 'न' वर्णको प्रयोगद्वारा बन्ने अकरण शब्दमा दुईओटा 'न' नराखी एउटामात्र 'न' राखी हलन्त बनाएर अकरण बनाउन खोज्नु; जाँदैनन् (जाँदैन्), पढ्दैनन् (पढ्दैन्), खेल्दैनन् (खेल्दैन्); एकवचनमा रहेको रूपमा 'हरू' थपेर बहुवचनमा लैजाँदा; उनीहरू (ऊहरू), केटाहरू (केटोहरू), यिनीहरू (योहरू) आदि ।

छनोटमा परेका २२ जना विद्यार्थीहरूले एकवचनमा रहेको रूपलाई बहुवचनमा लैजाने क्रममा यस्ता रूपगत त्रुटिहरू प्रशस्त गरेको पाइएको छ । यसमा विद्यार्थीहरूले एकवचनमा रहेको 'छोरो' शब्दलाई बहुवचनमा लैजाँदा 'छोर् + ओ = छोरो' मा 'छोर्' रूपमा संयोजन भएको 'ओ' चाहिँ एकवचन जनाउने व्याकरणिक रूप हो । यसलाई बहुवचनमा लैजाने क्रममा 'ओ' लाई 'आ' मा रूपान्तरण गर्नुपर्छ भन्ने कुरामा ख्याल नगरी 'छोरो' शब्दमा नै 'हरू' जोडेर 'छोरोहरू' बनाएको पाइएको छ । यस अध्ययनका लागि छनोटमा परेका विद्यार्थीहरूले दिइएको वाक्यलाई वचनअनुसार परिवर्तन गर्ने क्रममा गरेका उच्चारणगत त्रुटिहरूलाई तालिका सङ्ख्या ५.३ र तालिका सङ्ख्या ५.४ मा उल्लेख गरिएको छ ।

### एकवचनलाई बहुवचन बनाउने प्रक्रिया

एउटाको सङ्ख्या जनाउने एकवचन हो भने दुई वा दुईभन्दा बढीको सङ्ख्या जनाउने बहुवचन हो । नेपाली व्याकरणको नियमानुसार बहुवचनमा बदल्ने नियमहरू पनि फरक-फरक पाइन्छ । जस्तै : 'हरू' थपेर, 'वर्ग' थपेर, 'गण' थपेर, 'जन' थपेर आदि । 'हरू' थपेर बहुवचन बनाउँदा पनि भाइ, बहिनी, दिदी, किताब, फूल, मिठाई, तिमी, कपडा,

विद्यालय, पसल, बोतल, चकटी, ओदान जस्ता शब्दहरूलाई बहुवचन बनाउँदा चाहिँ एकवचनमा रहेको शब्दलाई जस्ताको तस्तै राखी त्यसैमा 'हरू' थपेर बहुवचन बनाइन्छ । कतिपय शब्दहरूमा चाहिँ जस्ताको तस्तै राखेर त्यसैमा 'हरू' थपेर बहुवचन बनाउन मिल्दैन । जस्तै : केटो, माछो, भ्यागुतो, किरो, चरो, मुसो, बिरालो आदि । यी शब्दहरूलाई बहुवचन बनाउँदा चाहिँ शब्दान्तमा आएको 'ओ' लाई 'आ' मा परिवर्तन गरिकन 'हरू' थप्नुपर्दछ । कुनैकुनै शब्दलाई चाहिँ रूप परिवर्तन गरेर मात्र 'हरू' थप्नुपर्ने हुन्छ । जस्तै : तँ (तिमीहरू), त्यो (तिनीहरू) ।

कृष्णहरि बराल र नेत्र एटमद्वारा लिखित 'सरल माध्यमिक व्याकरण (कक्षा १०)' मा उल्लेख गरिएअनुसार शब्द दोहोऱ्याएर पनि बहुवचनमा बदल्न सकिन्छ । जस्तै : को (कोको), दिन (दिनदिनै), जो (जोजो), फूल (फूलैफूल), घर (घरैघर), वन (वनैवन) आदि । त्यसैगरी 'गण', 'वर्ग', 'वृन्द', 'जन' जस्ता बहुवचन बुझाउने प्रत्यय थपेर पनि बहुवचन बनाइन्छ तर त्यसपछि 'हरू' थप्नुहुँदैन । जस्तै : विद्यार्थी (विद्यार्थी वर्ग), शिक्षक (शिक्षकवर्ग) सज्जन (सज्जनवृन्द), श्रोता (श्रोतागण), भक्त (भक्तजन) आदि ।

### तालिका सङ्ख्या ५.३. एकवचनलाई बहुवचन बनाउने क्रममा मगर (ढुट) भाषी विद्यार्थीहरूले गरेका उच्चारणगत त्रुटिको विवरण

मगर (ढुट) मातृभाषी विद्यार्थीहरूले वर्णगत उच्चारणमा मात्र त्रुटि नगरी रूपगत उच्चारणमा पनि त्रुटि गरेको पाइएको छ । कतिपय एकवचन जनाउने शब्दहरूलाई बहुवचन बनाउने क्रममा पनि उच्चारणगत त्रुटि गरेको पाइएको छ । यस्ता त्रुटिहरूबाट मगर (ढुट) भाषी विद्यार्थीहरूले नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिहरूमध्ये आकार र ओकारसम्बन्धी त्रुटिको पहिचान गरी विश्लेषण गरिन्छ; जसलाई तलको तालिकामार्फत् उल्लेख गरिएको छ :

| **शुद्ध उच्चारण रूप** | **शुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या** | **शुद्ध उच्चारण प्रतिशत** | **त्रुटिपूर्ण उच्चारण रूप** | **त्रुटिपूर्ण उच्चारण गर्ने विद्यार्थी सङ्ख्या** | **त्रुटिपूर्ण उच्चारण प्रतिशत** |
|---|---|---|---|---|---|
| छोराहरू | २ | ९.०९ | छोरोहरू | २० | ९०.९१ |
| केटाहरू | २ | ९.०९ | केटोहरू | २० | ९०.९१ |
| चराहरू | ४ | १८.१८ | चरोहरू | १८ | ८१.८२ |
| गोरुहरू | १५ | १०० | - | - | - |
| गाईहरू | १५ | १०० | - | - | - |
| केटीहरू | १५ | १०० | - | - | - |
| भैँसीहरू | १५ | १०० | - | - | - |
| छोरीहरू | १५ | १०० | - | - | - |
| माछाहरू | ६ | २७.२७ | माछोहरू | १६ | ७२.७३ |
| भ्यागुताहरू | ५ | २२.७३ | भ्यागुतोहरू | १७ | ७७.२७ |

स्रोत : स्थलगत अध्ययन (२०७९) ।

माथिको तालिकामा प्रस्तुत गरिएको तथ्याङ्कअनुसार मगर (ढुट) भाषी विद्यार्थीहरूले एकवचनमा रहेको दशओटा शब्दहरूलाई बहुवचनमा परिवर्तन गर्दा सबैभन्दा बढी दुईओटा शब्दहरूको रूपान्तरणमा त्रुटि गरेको पाइन्छ । ती शब्दहरू ‘छोरो’ र ‘केटो’ हुन्; जसमा ‘छोरो’ शब्दलाई बहुवचनमा लैजाँदा ‘छोराहरू’ हुनुपर्नेमा ‘छोरोहरू’ र ‘केटो’ शब्दलाई बहुवचनमा लैजाँदा ‘केटाहरू’ हुनुपर्नेमा ‘केटोहरू’ बनाएको पाइन्छ । यी दुईओटा शब्दहरूको रूपायनमा ९०.९१ प्रतिशत विद्यार्थीहरूले त्रुटिपूर्ण उच्चारण गरेको पाइन्छ । त्यसैगरी चरो, माछो र भ्यागुतोलाई बहुवचनमा लैजाने क्रममा पनि त्रुटिपूर्ण उच्चारण गरेको पाइन्छ । एकवचनको रूपमा रहेको ‘चरो’ शब्दलाई बहुवचनमा रूपान्तरण गर्दा ‘चराहरू’ हुनुपर्नेमा ‘चरोहरू’ नै उच्चारण गरेको पाइन्छ । यसमा जम्मा विद्यार्थीमध्ये ८१.८२ प्रतिशत विद्यार्थीहरूले त्रुटिपूर्ण उच्चारण गरेको पाइन्छ । अर्को एकवचनको रूपमा रहेको ‘माछो’ शब्दलाई बहुवचनमा रूपान्तरण गर्दा ‘माछाहरू’ नबनाई ‘माछोहरू’ बनाएको पाइन्छ । ‘माछो’ शब्दलाई बहुवचनमा रूपान्तरण गर्ने क्रममा ७२.७३ प्रतिशत विद्यार्थीहरूले

उच्चारणपूर्ण त्रुटि गरेको पाइन्छ । त्यसैगरी 'भ्यागुतो' लाई बहुवचनमा रूपान्तरण गर्दा 'भ्यागुतोहरू' भनी उच्चारण गरिएको पाइन्छ । यसमा ७७.२७ प्रतिशत विद्यार्थीहरूले उच्चारणपूर्ण त्रुटि गरेको पाइन्छ । 'गोरु, गाई, केटी, भैँसी र छोरी' शब्दहरूलाई बहुवचनमा रूपान्तरण गर्ने क्रममा भने त्रुटि गरेको पाइँदैन । ती शब्दहरूलाई बहुवचनमा रूपान्तरण गर्दा रूप परिवर्तन नगरिकन दिइएको शब्दमा नै 'हरू' थपेपछि बहुवचन बन्ने हुँदा यसमा त्रुटिरहित उच्चारण गरेको पाइएको छ । मगर (ढुट) भाषामा एक वचनमा रहेको शब्दलाई बहुवचनमा लैजाने प्रक्रियामा रूप परिवर्तन गर्नु नपर्ने र दिइएका 'गोरु, गाई, केटी, भैँसी र छोरी' शब्दहरूलाई बहुवचनमा लैजाने क्रममा पनि रूप परिवर्तन नगरिकन 'हरू' थप्दा बहुवचन भएकोले यस अवस्थामा चाहिँ त्रुटिरहित उच्चारण गरेको पाइएको छ ।

## बहुवचनलाई एकवचन बनाउने प्रक्रिया

बहुवचनलाई एकवचन बनाउँदा बहुवचनरूपी शब्दमा जोडिएर आएको 'हरू' हटाइन्छ । सबै बहुवचनमा 'हरू' नलागेको पनि हुनसक्छ । माथि बताएजस्तै कुनै शब्दमा सिधै 'हरू' थपेर बहुवचन बनाएको हुन्छ । त्यसरी बनाएको बहुवचनमा 'हरू' हटाएर एकवचन बनाउन सकिन्छ; जस्तै : तिमीहरू (तिमी), भाइहरू (भाइ), किताबहरू (किताब), मौरीहरू (मौरी), बहिनीहरू (बहिनी), फूलहरू (फूल) आदि । कुनैकुनै बहुवचनरूपी शब्दमा भने शब्दान्तमा आएको 'ओ' लाई 'आ' मा परिवर्तन गरी 'हरू' थपेको हुन्छ । त्यस्तो अवस्थामा 'हरू' हटाएर शब्दान्तमा आएको 'आ' लाई 'ओ' बनाउनुपर्ने हुन्छ । जस्तै : छोराहरू (छोरो), केटाहरू (केटो), माछाहरू (माछो), भ्यागुताहरू (भ्यागुतो), चराहरू (चरो), मुसाहरू (मुसो) आदि । त्यसैगरी 'वर्ग', 'गण', 'वृन्द', 'जन' जस्ता बहुवचन बुझाउने प्रत्यय थपेर निर्माण गरिएको बहुवचनमा ती प्रत्ययहरू हटाएर एकवचन बनाउन सकिन्छ । जस्तै : गुरुवर्ग (गुरु), श्रोतागण (श्रोता), भक्तजन (भक्त), सज्जनवृन्द (सज्जन) आदि ।

## तालिका सङ्ख्या ५.४. बहुवचनलाई एकवचन बनाउने क्रममा मगर (ढुट) मातृभाषी विद्यार्थीहरूले गरेका उच्चारणगत त्रुटिको विवरण

छनोटमा परेका मगर (ढुट) भाषी विद्यार्थीहरूमा उच्चारणगत त्रुटि पहिल्याउने हेतुले विविध बहुवचनरूपी शब्दहरू निर्माण गरी उच्चारण गर्न लगाइएको छ । ती शब्दहरूको उच्चारण गर्ने क्रममा विद्यार्थीहरूले प्रशस्त मात्रामा त्रुटि गरेको पाइएको छ । मगर (ढुट)

भाषी विद्यार्थीहरूलाई त्यस्ता शब्दहरूको उच्चारण गर्न लगाई आकार र ओकारसम्बन्धी त्रुटिको पहिचान तथा विश्लेषण गरिएको छ; जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

| **शब्दको शुद्ध उच्चारण रूप** | **शुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या** | **शब्दको शुद्ध उच्चारण प्रतिशत** | **त्रुटिपूर्ण उच्चारण रूप** | **त्रुटिपूर्ण उच्चारण गर्ने विद्यार्थी सङ्ख्या** | **त्रुटिपूर्ण प्रतिशत** |
|---|---|---|---|---|---|
| चरो | ५ | २२.७३ | चरा | १७ | ७७.२७ |
| माछो | ४ | १८.१८ | माछा | १८ | ८१.८२ |
| केटी | २२ | १०० | - | - | - |
| गोरु | २२ | १०० | - | - | - |
| भाइ | २२ | १०० | - | - | - |
| बहिनी | २२ | १०० | - | - | - |
| केटो | ४ | १८.१८ | केटा | १८ | ८१.८२ |
| छोरो | ५ | २२.७३ | छोरा | १७ | ७७.२७ |
| छोरी | २२ | १०० | - | - | - |
| किताब | २२ | १०० | - | - | - |
| फूल | २२ | १०० | - | - | - |

स्रोत : स्थलगत अध्ययन (२०७९) ।

माथिको तालिकामा प्रस्तुत गरिएको तथ्याङ्कअनुसार बहुवचनको रूपमा रहेको 'माछाहरू र केटाहरू' लाई एकवचनमा बदल्दा सबैभन्दा बढी त्रुटि गरेको पाइन्छ । यहाँ बहुवचनको रूपमा रहेको 'माछाहरू र केटाहरू' शब्दलाई एकवचनमा रूपान्तरण गर्ने क्रममा क्रमशः 'माछा र केटा' बनाएको पाइन्छ । यसमा ८१.८२ प्रतिशत विद्यार्थीहरूले त्रुटि गरेको पाइन्छ । त्यसैगरी 'चराहरू र छोराहरू' लाई एकवचनमा लैजाँदा पनि त्रुटिपूर्ण उच्चारण गरेको पाइन्छ । बहुवचनको रूपमा रहेको 'चराहरू र छोराहरू' शब्दलाई एकवचनमा रूपान्तरण गर्दा क्रमशः 'चरो र छोरो' बनाउनुपर्नेमा 'चरा र छोरा' बनाएको पाइयो । ती शब्दहरूलाई एकवचनमा लैजाँदा ७७.२७ प्रतिशत विद्यार्थीहरूले त्रुटिपूर्ण उच्चारण गरेको पाइयो । यहाँ समेटिएका शब्दहरूमध्ये उल्लिखित चारओटा शब्दहरूमा

चाहिँ त्रुटिपूर्ण उच्चारण गरिएको छ भने बाँकी 'केटिहरू, गोरुहरू, भाइहरू, बहिनीहरू, छोरीहरू, किताबहरू र फूलहरू' गरी सातओटा शब्दहरूलाई एकवचनमा परिवर्तन गर्ने क्रममा भने शुद्ध उच्चारण गरेको पाइन्छ । यस तालिकामा प्रस्तुत गरिएको विवरणलाई अध्ययन गर्दा मगर भाषीहरूले नेपाली भाषाको व्याकरणिक नियमअनुसार बहुवचन जनाउन 'आ' र एकवचन जनाउन 'ओ' प्रयोग गरिएको कुरामा ख्याल नगरी 'हरू' मात्र हटाएर एकवचन बनाउने प्रयास गरिएकोले उच्चारणमा त्रुटि देखिएको छ ।

## पदावलीगत त्रुटि

पदावलीको संरचनामा व्याकरणिक नियमानुसार पद मेल नहुनु नै पदावलीगत त्रुटि हो । कुनै वाक्य, उखान, टुक्का, लोकोक्ति अर्थात् सङ्कथनमा लिङ्ग, वचन, पुरुष, आदर आदिको सङ्गति नमिल्ने जस्ता त्रुटिहरू यसअन्तर्गत पर्दछन् । जस्तै : मेरो भाइहरू राम्रो छ (मेरा भाइहरू राम्रा छन्), चराहरू आकाशमा उड्यो (चराहरू आकाशमा उडे) आदि । मगर (ढुट) मातृभाषी विद्यार्थीहरूले नेपाली भाषाको उच्चारण गर्ने क्रममा पदावलीगत त्रुटि पनि गर्ने गरेको पाइएको छ । भाषिक एकाइमा पदावलीगत त्रुटिको पहिचानका लागि लिङ्ग, वचन, पुरुष र आदरको आधारमा पहिचान गर्नुपर्ने हुन्छ । तीमध्ये यस अध्ययनपत्रमा लिङ्ग, वचन र पुरुषको आधारमा पदावलीगत त्रुटिको पहिचान तथा विश्लेषण गरिएको छ ।

### लिङ्गगत पदावली

स्त्री वा पुरुष पत्ता लगाउन प्रयोग गरिने भाषिक चिन्ह नै लिङ्ग हो । वाक्यमा प्रयुक्त लिङ्गको आधारमा क्रियापदको प्रयोग गर्नुपर्ने हुन्छ । वाक्यमा प्रयुक्त लिङ्ग र क्रियाबीच मेल नभएमा पदावलीगत त्रुटि हुन्छ । कुनैपनि भाषिक एकाइमा कर्ताको स्थानमा पुलिङ्गी कर्ता प्रयोग गरिएको छ भने त्यस्तो अवस्थामा क्रियापद पनि पुलिङ्गी नै प्रयोग गर्नुपर्ने हुन्छ । वाक्यमा स्त्रीलिङ्गी कर्ताको प्रयोग गरिएको छ भने क्रियापद पनि स्त्रीलिङ्गी नै प्रयोग गर्नुपर्ने हुन्छ । उदाहरण :

- रीताले कविता भनी (स्त्रीलिङ्ग),
- मीनाले कथा लेखी (स्त्रीलिङ्ग),
- सीताले कापी किनी (स्त्रीलिङ्ग),
- गीताले पानी बोकी (स्त्रीलिङ्ग),

- रामले भात पकायो (पुलिङ्ग),
- श्यामले कविता भन्यो (पुलिङ्ग),
- हरिले तरकारी टिप्यो (पुलिङ्ग),
- मोहनले पानी बोक्यो (पुलिङ्ग) ।

उदाहरणको रूपमा प्रस्तुत गरिएका वाक्यहरूमा कर्ताअनुसारको क्रियापदको प्रयोग गरिएको छ । ती वाक्यहरूमा पदावलीगत त्रुटि भएको छैन । उदाहरणमा दिइएको आठओटा वाक्यहरूमध्ये पहिलो चारओटा वाक्यहरूमा कर्ताको रूपमा स्त्रीलिङ्गी नामपदको प्रयोग भएको छ । ती वाक्यहरूमा क्रियापदको रूपमा पनि स्त्रीलिङ्गी रूप नै प्रयोग भएको छ । त्यसैगरी पछिल्लो चारओटा वाक्यहरूमा पुलिङ्गी कर्ता प्रयोग भएको छ । ती वाक्यहरूमा क्रियापद पनि पुलिङ्गी नै प्रयोग भएको छ । यसरी कर्ताको रूपमा प्रयोग भएको लिङ्गको आधारमा क्रियापदको प्रयोग भएन भने त्यस्तो वाक्य त्रुटिपूर्ण बन्दछ ।

लिङ्गको आधारमा वाक्यरचना गर्ने क्रममा मगर (ढुट) मातृभाषीहरूले त्रुटिपूर्ण उच्चारण गरेको पाइन्छ । लिङ्गको आधारमा वाक्यरचना गर्ने क्रममा विद्यार्थी दुईले गरेको वाक्यरचना यसप्रकार रहेको छ :

*"सुनिताले बजारबाट मिठाई ल्यायो । आशिकाले घाँसको भारी बोक्यो । बहिनीले मिठाई खायो । सीताले गीत गायो । रीताले पाठ पढ्यो । दिपाले खाजा खायो ।"*

विद्यार्थी दुईले रचना गरेको माथिका वाक्यहरूमा कर्ताको रूपमा स्त्रीलिङ्ग प्रयोग भएको छ तर क्रियापदको रूपमा भने पुलिङ्गी क्रियापद प्रयोग भएको छ । यहाँ त्रुटिपूर्ण वाक्यरचना भएको पाइएको छ । मगर (ढुट) मातृभाषीहरूले यस्तो प्रकृतिको त्रुटि गर्नुको कारण मगर (ढुट) भाषामा लिङ्गभेद गरेर क्रियापदको प्रयोग नगरिनु हो । मगर भाषामा लिङ्गभेद गरेर क्रियापदको प्रयोग गरेको पाइँदैन । जस्तै :

सुनिताए बजारलेखि मिठाई राका (स्त्रीलिङ्ग) ।

उक्त वाक्यलाई नेपाली भाषामा अनुवाद गर्दा 'सुनिताले बजारबाट मिठाई ल्याई ।' हुन्छ । त्यही वाक्यलाई पुलिङ्गमा परिवर्तन गर्दा,

हरिए बजारलेखि मिठाई राका (पुलिङ्ग) ।

उक्त वाक्यलाई नेपाली भाषामा अनुवाद गर्दा 'हरिले बजारबाट मिठाई ल्यायो ।' भन्ने हुन्छ । यहाँ प्रस्तुत गरिएका वाक्यहरूमध्ये नेपाली भाषाको वाक्यमा लिङ्गभेद गरेर क्रियापदको प्रयोग गरिएको छ । जस्तै : ल्याई, ल्यायो । त्यसैगरी मगर (ढुट) भाषाको वाक्यमा लिङ्गभेद नगरीकन क्रियापदको प्रयोग गरिएको पाइएको छ । जस्तै : राका । मगर (ढुट) भाषामा स्त्रीलिङ्ग र पुलिङ्ग दुवैमा 'राका' नै प्रयोग गरिन्छ अर्थात् मगर (ढुट) भाषामा 'ल्याई र ल्यायो' दुवैलाई 'राका' भनिएको पाइन्छ । यसरी मगर (ढुट) भाषामा लिङ्गभेद नगरीकन क्रियापदको प्रयोग गरिने भएकोले मगर (ढुट) भाषीहरूले नेपाली भाषाको वाक्यरचना गर्ने क्रममा पनि लिङ्गभेद नगरीकन क्रियापदको प्रयोग गर्दछन् र वाक्य त्रुटिपूर्ण बन्दछ ।

**वचनगत पदावली**

वाक्यमा वचनगत पदहरूको पनि मेल भएको हुनुपर्दछ । नेपाली भाषाको व्याकरणिक नियमानुसार वचन दुई प्रकारका छन्; ती हुन् : एकवचन र बहुवचन । वाक्यमा कर्ताको रूपमा एकवचनको प्रयोग भएको छ भने क्रियापद पनि सोही बमोजिमको प्रयोग हुनुपर्दछ । जस्तै :

- सानो केटो बस्यो (एकवचन)
- चरो उड्यो (एकवचन)
- साना केटाहरू बसे (बहुवचन)
- चराहरू उडे (बहुवचन)

माथि दिइएका वाक्यहरू वचनगत रूपमा शुद्ध छन् ।

**पुरुषगत पदावली**

संवादका क्रममा उपस्थित हुने वक्ता, श्रोता र अर्को तेस्रो व्यक्ति बुझाउने सर्वनाम नै पुरुष हो । नेपाली व्याकरणअनुसार पुरुष तीन प्रकारका छन् । ती हुन् : प्रथम पुरुष, द्वितीय पुरुष र तृतीय पुरुष ।

**क) प्रथम पुरुष**

वक्ता प्रथम पुरुषमा पर्दछ । यसअन्तर्गत म र हामी पर्दछ । जस्तै :

- म खेल खेल्छु ।
- म गीत गाउँछु ।
- हामी खेल खेल्छौँ ।
- हामी गीत गाउँछौँ ।

यी वाक्यहरूमा प्रयोग भएका म र हामी प्रथम पुरुष हो ।

**ख) द्वितीय पुरुष**

श्रोताको रूपमा उपस्थित हुने व्यक्ति द्वितीय पुरुषअन्तर्गत पर्दछ । यसअन्तर्गत तँ, तिमी, तपाइँ, हजुर पर्दछ । जस्तै :

- तिमी मिठाई खान्छौ ।
- तपाइँ मिठाई खानुहोस् ।
- तँ मिठाई खा ।

यी वाक्यहरूमा प्रयुक्त तिमी, तपाइँ, तँ द्वितीय पुरुषवाचक सर्वनाम हो ।

**ग) तृतीय पुरुष**

वक्ता र श्रोताबाहेकको अर्को तेस्रो व्यक्ति नै तृतीय पुरुषअन्तर्गत पर्दछ । यसअन्तर्गत ऊ, उनी, उहाँ, यो, त्यो, तिनीहरू जस्ता सर्वनामहरू पर्दछन् । ती सर्वनामहरू बाहेक सम्पूर्ण नामहरू पनि तृतीय पुरुषअन्तर्गत नै पर्दछन् । जस्तै :

- उसको नाम राम हो ।
- त्यो केटो असल छ ।
- हरिको घर धादिङ हो ।
- राम कक्षा दशमा पढ्छ ।

**आदरगत पदावली**

कुनै व्यक्तिसँग बोलिने क्रममा प्रयोग गरिने मान, सम्मान, इज्जत, प्रतिष्ठा आदिको तह नै आदर हो । आदरको आधारमा लिङ्ग, वचन र पुरुषबीचको मेल नभएमा पदावलीगत त्रुटि हुन जान्छ । आदरलाई पनि तीन भागमा विभाजन गरिएको छ । ती देहायबमोजिम छन् :

**क) अनादरार्थी**

आदरको सबैभन्दा तल्लो तह नै अनादर हो । यसमा द्वितीय पुरुषमा तँ र तृतीय पुरुषमा ऊ, त्यो, यो जस्ता सर्वनाम प्रयोग गरिन्छ । जस्तै :

- तँ मकै रोप्न जा ।
- उसले भात खायो ।
- यो केटो अनुशासित छ ।

**ख) मध्यम आदरार्थी**

अनादरभन्दा माथिल्लो तहमा पर्ने आदर नै मध्यम आदर हो । यसअन्तर्गत उनी, तिमी जस्ता सर्वनामको प्रयोग गरिन्छ । जस्तै :

- उनी साह्रै असल छिन् ।
- तिमी मसँगै आऊ ।

**ग) उच्च आदरार्थी**

सबैभन्दा माथिल्लो तहको आदर नै उच्च आदर हो । यसमा तपाईं, यहाँ, हजुर, उहाँ आदि सर्वनामहरू प्रयोग गरिन्छ । जस्तै :

- तपाईंको झोला यता छ ।
- उहाँको घरमा माछा पोखरी छ ।

यस अध्ययन कार्यमा उक्त चारओटा पदावलीहरूमध्ये लिङ्ग, वचन र पुरुषगत पदावलीमा मात्र केन्द्रित रही वर्णविन्यासगत त्रुटिको पहिचान गरी विश्लेषण गरिएको छ ।

छनोटमा परेका विद्यार्थीहरूलाई पुलिङ्गी वाक्यलाई स्त्रीलिङ्गमा बदल्न दिएर पदावलीगत त्रुटिको पहिचान गरी वर्णविन्यासगत त्रुटिको विश्लेषण गरिएको छ। ती त्रुटिहरूलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका सङ्ख्या ५.५. मगर (ढुट) भाषी विद्यार्थीहरूले पुलिङ्गी वाक्यलाई स्त्रीलिङ्गमा बदल्दा गरेको उच्चारणगत त्रुटि**

मगर (ढुट) भाषी विद्यार्थीहरूले पुलिङ्गी वाक्यलाई स्त्रीलिङ्गमा बदल्दा पदावलीगत रूपमा गरेको त्रुटिबाट वर्णविन्यासमा गरेको त्रुटि पनि हेर्न सकिन्छ। यसमा पनि एउटा वर्णको प्रयोग गर्नुपर्नेमा अर्को वर्णको प्रयोग गरिएको पाइन्छ। यो नै वर्णविन्यासगत त्रुटि हो।

| शुद्ध उच्चारण रूप | शुद्ध उच्चारण सङ्ख्या | प्रतिशत | त्रुटिपूर्ण उच्चारण रूप | त्रुटिपूर्ण उच्चारण सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| रीता बजार गई। | ४ | १८.१८ | रीता बजार गयो। | १८ | ८१.८२ |
| सुनिताले बजारबाट मिठाई ल्याई। | - | - | सुनिताले बजारबाट मिठाई ल्यायो। | २२ | १०० |
| बहिनीले मिठाई खाई। | - | - | बहिनीले मिठाई खायो। | २२ | १०० |
| सीताले गीत गाई। | - | - | सीताले गीत गायो। | २२ | १०० |
| दीपाले खाजा खाई। | ४ | १८.१८ | दीपाले खाजा खायो। | १८ | ८१.८२ |
| रश्मिलाले कपडा धोई। | ३ | १३.६४ | रश्मिलाले कपडा धोयो। | १९ | ८६.३६ |

स्रोत : स्थलगत अध्ययन (२०७९)।

माथिको तालिकामा मगर (ढुट) भाषी विद्यार्थीहरूले नेपाली भाषामा तयार पारिएको पुलिङ्गी वाक्यलाई स्त्रीलिङ्गमा बदल्ने क्रममा थुप्रै त्रुटिहरू गर्ने गरेको पाइन्छ । दिइएका वाक्यहरूलाई स्त्रीलिङ्गमा बदल्दा 'रीता बजार गई ।' भन्नुपर्नेमा 'रीता बजार गयो ।' भनिएको पाइएको छ । यस वाक्यमा 'ई' को सट्टामा 'यो' को प्रयोग भएको छ । त्यसैगरी 'सुनिताले बजारबाट मिठाई ल्याई, बहिनीले मिठाई खाई, सीताले गीत गाई, दीपाले खाजा खाई र रश्मिलाले कपडा धोई' जस्ता वाक्यहरू प्रयोग गर्नुपर्नेमा क्रमशः 'सुनिताले बजारबाट मिठाई ल्यायो, बहिनीले मिठाई खायो, सीताले गीत गायो, दीपाले खाजा खायो र रश्मिलाले कपडा धोयो' जस्ता वाक्यहरू प्रयोग गरिएको पाइन्छ । ती वाक्यहरूमा वर्णविन्यासगत क्षेत्रमा हेर्दा 'ई' को सट्टामा 'यो' प्रयोग गरिएको पाइएको छ ।

## अध्याय छ

# मगर (ढुट) मातृभाषीहरूले नेपाली भाषाको उच्चारणमा गर्ने पदसङ्गतिगत त्रुटिहरू

## पृष्ठभूमि

'सङ्गति' को शाब्दिक अर्थ 'मेल' भन्ने हुन्छ । भाषाको सन्दर्भमा वाक्यमा प्रयुक्त शब्द/पदहरूबीचको आपसी मेल नै पदसङ्गति हो । वाक्यमा प्रयुक्त नाम, सर्वनाम, विशेषण र क्रियापदका लिङ्ग, वचन, पुरुष र आदरका आधारमा आपसी मेल भएको हुन्छ । त्यो नै पदसङ्गति हो । पदसङ्गतिबिनाको वाक्य व्याकरणिक नियमानुसार अशुद्ध बन्दछ । मगर (ढुट) मातृभाषी विद्यार्थीहरूले नेपाली भाषाको उच्चारण गर्ने क्रममा पदसङ्गतिगत त्रुटिहरू पनि गर्ने गरेको पाइएको छ । नेपालीको पद विभाग संस्कृतको आधारमा गरिन्छ । नेपाली व्याकरणमा नाम, सर्वनाम, विशेषण, क्रिया र अव्यय गरी पाँच प्रकारको शब्द पाइन्छन् । अव्ययलाई पनि नामयोगी, क्रियायोगी, विस्मयादिबोधक, संयोजक र निपात गरी पाँच भागमा विभक्त गरिन्छ (पौड्याल, २०७६, पृ. ३२३) । मगर (ढुट) भाषी विद्यार्थीहरूले नेपाली भाषाको उच्चारण गर्ने क्रममा विभिन्न तहमा त्रुटि गरेको पाइएको छ । यस अध्ययनमा मगर (ढुट) भाषी विद्यार्थीहरूले नेपाली भाषाको उच्चारण गर्दा गर्ने लिङ्गगत, वचनगत र पुरुषगत त्रुटिको मात्र अध्ययन तथा विश्लेषण गरिएको छ ।

## पदसङ्गतिगत त्रुटि

पदसङ्गतिगत त्रुटि हेर्नका लागि एउटा सिङ्गो वाक्यलाई हेर्नुपर्ने हुन्छ । एउटा वाक्यमा दुई वा दुईभन्दा बढी शब्द रहेको हुन्छ । ती शब्दहरूमा नाम, सर्वनाम, विशेषण, क्रियापद जस्ता पदहरू रहेका हुन्छन् । ती शब्दहरूबीच अन्विति आवश्यक पर्दछ । जुनसुकै वाक्यमा पनि प्रयुक्त पद/शब्दहरूबीच लिङ्ग, वचन, पुरुष र आदरजस्ता पक्षमा मेल हुनुपर्ने छ; जसलाई पदसङ्गति भनिन्छ । नेपाली भाषाको व्याकरणात्मक नियमानुसार एउटा वाक्यमा कर्ता, कर्म र क्रिया रहेको हुन्छ । वाक्यमा प्रयुक्त कर्तासँग मेल खाने किसिमको क्रियापदको प्रयोग हुनुपर्छ । यदि कर्तासँग मेल खाने किसिमको क्रियापदको प्रयोग गरिएको छैन भने त्यो वाक्य त्रुटिपूर्ण वाक्य बन्दछ । त्यो नै पदसङ्गतिगत त्रुटि हो । पदसङ्गति पनि विविध आधारमा हेरिन्छ । ती आधारहरू देहायबमोजिम छन् :

### लिङ्गगत पदसङ्गति

वाक्यमा प्रयुक्त लिङ्गको आधारमा क्रियापदको प्रयोग गरिनु नै लिङ्गगत पदसङ्गति हो अर्थात् वाक्यमा प्रयुक्त लिङ्ग र क्रियाबीच मेल हुनु नै लिङ्गगत पदसङ्गति हो । वाक्यमा प्रयोग गरिएको लिङ्गगत कर्ताअनुसारको क्रियापद प्रयोग गर्नुपर्ने हुन्छ । शोधार्थी वीणा कुमारी पराजुलीले आफ्नो शोधपत्र 'कक्षा नौमा अध्ययनरत चेपाङभाषी विद्यार्थीहरूले नेपाली भाषाको वाक्यगठनमा गर्ने त्रुटिको अध्ययन' मा 'नेपाली परम्परागत व्याकरणअनुसार पुलिङ्ग, स्त्रीलिङ्ग र नपुंसक लिङ्ग भनी तीन प्रकारका लिङ्ग निर्धारण गरिएको भएपनि हाल पुलिङ्ग र स्त्रीलिङ्ग गरी दुई प्रकारका लिङ्गमात्र नेपाली भाषामा रहेका छन् ।' भनी प्रस्तुत गरिएको पाइन्छ (पृ. २४) । यदि वाक्यमा पुलिङ्गी कर्ता प्रयोग गरिएको छ भने क्रियापद पनि पुलिङ्गी नैप्रयोग गर्नुपर्ने हुन्छ । वाक्यमा स्त्रीलिङ्गी कर्ताको प्रयोग गरिएको छ भने क्रियापद पनि स्त्रीलिङ्गी नै प्रयोग गर्नुपर्ने हुन्छ । जस्तै :

- बहिनीले पाठ पढी (स्त्रीलिङ्ग)
- गीताले घाँस काटी (स्त्रीलिङ्गी)
- सीताले दाउरा बोकी (स्त्रीलिङ्गी)
- रामले दाउरा बोक्यो (पुलिङ्ग)
- श्यामले कपडा धोयो (पुलिङ्ग)
- हरिले घाँस काट्यो (पुलिङ्ग)

### वचनगत पदसङ्गति

जुनसुकै पूर्ण वाक्यमा कर्ता र क्रिया अवश्य रहेको हुन्छ । वाक्यमा प्रयुक्त कर्ता र क्रियाबीच लिङ्ग, वचन, पुरुष र आदरको आधारमा सङ्गति हुनु जरुरी छ । अन्य पक्ष जस्तै वाक्यमा वचनगत सङ्गति पनि भएको हुनुपर्दछ । नेपाली भाषाको व्याकरणिक नियमानुसार वचन दुई प्रकारका छन्; ती हुन् : एकवचन र बहुवचन । वाक्यमा कर्ताको रूपमा एकवचनको प्रयोग भएको छ भने क्रियापद पनि सोहीबमोजिमको प्रयोग हुनुपर्दछ । यदि कर्तामा प्रयोग भएको वचनअनुसारको क्रियापदको प्रयोग भएन भने उक्त वाक्य त्रुटिपूर्ण हुनेछ । जस्तै :

**तालिका सङ्ख्या ६.१ नेपाली भाषामा वचनगत वाक्य विवरण**

| **एकवचन** | **बहुवचन** |
|---|---|
| चरो उड्यो । | चराहरू उडे । |
| भाइले खाना खायो । | भाइहरूले खाना खाए । |
| केटो विद्यालय गयो । | केटाहरू विद्यालय गए । |
| भरियाले भारी बोक्यो । | भरियाहरूले भारी बोके । |
| ऊ बजार गयो । | उनीहरू बजार गए । |
| म गीत गाउँछु । | हामी गीत गाउँछौं । |

स्रोत : स्व अनुभव (२०७९) ।

माथिको तालिकामा दिइएका वाक्यहरू वचनगत रूपमा शुद्ध छन् । त्यही वाक्यलाई देहायबमोजिम प्रस्तुत गरियो भने अशुद्ध वाक्य बन्दछ :

**तालिका सङ्ख्या ६.२. वचनगत वाक्यरचनामा अशुद्धि**

| **एकवचन** | **बहुवचन** |
|---|---|
| चरो उड्यो । | चराहरू उड्यो । |
| भाइले खाना खायो । | भाइहरूले खाना खायो । |
| केटो विद्यालय गयो । | केटाहरू विद्यालय गयो । |
| भरियाले भारी बोक्यो । | भरियाहरूले भारी बाक्यो । |
| ऊ बजार गयो । | उनीहरू बजार गयो । |
| म गीत गाउँछु । | हामी गीत गाउँछ । |

स्रोत : स्व अनुभव (२०७९) ।

यस तालिकामा प्रस्तुत गरिएको वाक्यहरू एकवचनमा शुद्ध छ । त्यही वाक्यलाई बहुवचनमा परिणत गर्दा अशुद्ध बनेको छ । एकवचनमा रहेको 'चरो उड्यो ।' लाई बहुवचनमा परिणत गर्दा 'चराहरू उडे ।' बनाउनुपर्नेमा 'चराहरू उड्यो' बनाएको छ । यहाँ कर्तालाई मात्र बहुवचन बनाइयो; क्रिया जस्ताको तस्तै राखियो । यसरी कर्ताअनुसार क्रियाको प्रयोग नगर्दा वाक्य अशुद्ध बन्दछ । यस्ता वचनगत त्रुटिहरू मगर (ढुट) भाषी

विद्यार्थीहरूले पनि गरेको पाइएको छ । त्यस्ता त्रुटिहरूलाई यस अध्ययनमा पहिचान तथा विश्लेषण गरिएको छ ।

यस अध्ययनमा मगर (ढुट) भाषी विद्यार्थीहरूलाई एकवचनमा रहेको शब्दलाई बहुवचनमा र बहुवचनमा रहेको शब्दलाई एकवचनमा रूपान्तरण गर्न लगाइएको थियो । यहाँ मगर (ढुट) भाषी विद्यार्थीहरूले वचनको आधारमा शब्द निर्माण गर्ने क्रममा पनि त्रुटिपूर्ण शब्द निर्माण (उच्चारण) गरेको पाइएको छ; जसलाई तालिका सङ्ख्या ५.३ र ५.४ मा प्रस्तुत गरिएको छ ।

**पुरुषगत पदसङ्गति**

वक्ता, श्रोता र अर्को तेस्रो व्यक्ति जनाउने अर्थात् बुझाउने सर्वनाम नै पुरुष हो । नेपाली भाषाको व्याकरणअनुसार पुरुष तीन प्रकारका छन्; ती हुन् : प्रथम पुरुष, द्वितीय पुरुष र तृतीय पुरुष । प्रथम पुरुषअन्तर्गत म र हामी पर्दछ । द्वितीय पुरुषअन्तर्गत तँ, तिमी, तपाईं, हजुर पर्दछ भने तृतीय पुरुषअन्तर्गत यो, त्यो, ऊ, उनी, तिनी, उहाँ, तिनीहरू आदि पर्दछन् ।

**क) प्रथम पुरुष**

वक्ता प्रथम पुरुषमा पर्दछ । जस्तै :

- म कथा भन्छु ।
- म पौडी खेल्छु ।
- म गीत गाउँछु ।
- हामी बजार जान्छौँ ।
- हामी गीत गाउँछौँ ।
- हामी विद्यालय जान्छौँ आदि ।

यी वाक्यहरूमा प्रयोग भएका म र हामी प्रथम पुरुष हो ।

**ख) द्वितीय पुरुष**

श्रोताको रूपमा उपस्थित हुने व्यक्ति द्वितीय पुरुषअन्तर्गत पर्दछ । जस्तै :

- तिमी कविता भन ।
- तिमी कथा पढ ।
- तिमी गीत गाऊ ।
- तपाइँ मिठाई खानुहोस् ।
- तपाइँको नाम के हो ?
- तँ गीत गा ।
- तँ खेल्न जा आदि ।

यी वाक्यहरूमा प्रयुक्त तिमी, तपाइँ, तँ द्वितीय पुरुषवाचक सर्वनाम हो ।

**ग) तृतीय पुरुष**

वक्ता र श्रोताबाहेकको अर्को तेस्रो व्यक्ति नै तृतीय पुरुषअन्तर्गत पर्दछ । जस्तै :

- ऊ असल विद्यार्थी हो ।
- उनी यतै आउँदै छिन् ।
- उहाँले भन्नुभएको हरि त हिजै काठमाडौँ गयो रे ।
- यो त मोहनको छोरो हो ।
- त्यो केटो मेरो दाइको सालो हो ।
- तिनीहरू यतै आउँदै छन् ।

यी वाक्यहरूमा प्रयोग भएका ऊ, उनी, उहाँ, यो, त्यो, तिनीहरू जस्ता सर्वनामहरू तृतीय पुरुषअन्तर्गत पर्दछन् । ती सर्वनामहरू बाहेक सम्पूर्ण नामहरू पनि तृतीय पुरुषअन्तर्गत नै पर्दछन् । जस्तै :

- 'रामसँग कालो जुत्ता छ ।' भनेर कुनै एक व्यक्तिले अर्को व्यक्तिसँग कुरा गर्दा आएको 'राम' भन्ने शब्द तृतीय पुरुष हो ।

**आदरगत पदसङ्गति**

कुनै व्यक्तिको मान, सम्मान, इज्जत, प्रतिष्ठा आदि जनाउन प्रयोग गरिने शब्द नै आदर हो । आदरको आधारमा लिङ्ग, वचन र पुरुषबीचको मेल नै आदरगत सङ्गति हो ।

आदर पनि अनादर, मध्यम आदर र उच्च आदर गरी तीन भागमा विभाजन गरिएको छ । तिनीहरूलाई देहाय बमोजिम प्रस्तुत गर्न सकिन्छ :

**क) अनादरार्थी**

यसले आफूभन्दा निम्न तहको बुझाउने आदरको तल्लो तहलाई बुझाउँछ । आदरको मात्रा सबैभन्दा कम हुने हुँदा यसलाई अनादरार्थी भनिएको हो । यसमा द्वितीय पुरुषमा तँ र तृतीय पुरुषमा ऊ, त्यो, यो जस्ता सर्वनाम र यिनीहरूले लिने क्रियापद तथा विशेषण प्रयोग गरिन्छ (बराल र एटम, २०७४ : पृ.१०१) । जस्तै :

- तँ यहीँ बस् ।
- तँ कथा भन् ।
- तँ गीत गा ।
- त्यो मेरो भाइ हो ।
- त्यो भाइ ज्ञानी छ ।
- राम विद्यालय गयो ।
- हरि किताब पढ्छ ।

**ख) मध्यम आदरार्थी**

आफ्नो तहका वा आफूभन्दा साना भए पनि माया, सद्भाव जनाउनु पर्दा मध्यम आदरार्थी प्रयोग गरिन्छ । यसमा द्वितीय पुरुषमा 'तिमी' तथा तृतीय पुरुषमा 'उनी, तिनी, यिनी' जस्ता सर्वनामहरू प्रयोग गरिन्छ (बराल र एटम, २०७४ : पृ.१०२) । जस्तै :

- तिमी कविता पढ ।
- तिमी कथा भन ।
- उनी बहिनीलाई लेख्न सिकाउँछिन् ।
- उनी बजार जान्छिन् ।
- तिनीहरूले आज विद्यालयमा सरसफाई कार्यक्रममा भाग लिए ।
- यिनी साह्रै सोझी छिन् ।
- श्याम बजार जान्छ ।

**ग) उच्च आदरार्थी**

आफूभन्दा ठुला र सम्मान गर्नुपर्ने व्यक्तिको तह बुझाउँदा उच्च आदरार्थीको प्रयोग गरिन्छ । यसमा द्वितीय पुरुषमा 'तपाइँ, यहाँ र हजुर' तथा तृतीय पुरुषमा 'उहाँ' आदि सर्वनामहरू प्रयोग गरिन्छ (बराल र एटम, २०७४ : पृ.१०२) । जस्तै :

- तपाइँ कताबाट जानुहुन्छ ?
- यहाँको शुभनाम के पऱ्यो ?
- हजुरलाई के ल्याइदिऊँ ?
- उहाँको घर पोखरामा छ ।

समग्रमा वाक्यमा भएका पदहरूबीच लिङ्ग, वचन, पुरुष र आदरजस्ता व्याकरणिक कोटिमा मेल हुनु नै पदसङ्गति हो । कुनै वाक्यमा लिङ्गगत पदसङ्गति, वचनगत पदसङ्गति, पुरुषगत पदसङ्गति र आदरगत पदसङ्गति हुनु जरुरी छ । वाक्यमा उक्त सङ्गति नभएमा व्याकरणिक नियमानुसार वाक्य नै त्रुटिपूर्ण बन्दछ ।

यस अध्ययन कार्यमा उक्त चारओटा सङ्गतिहरूमध्ये लिङ्ग, वचन र पुरुषगत सङ्गतिको पहिचान गरी विश्लेषण गरिएको छ ।

छनोटमा परेका विद्यार्थीहरूलाई पुलिङ्गी वाक्य दिएर स्त्रीलिङ्गमा बदल्न दिइएको थियो । यस क्रममा विद्यार्थीहरूले लिङ्गगत पदसङ्गतिअन्तर्गत थुप्रै त्रुटि गरेका थिए । ती त्रुटिहरूलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका सङ्ख्या ६.३. पुलिङ्गलाई स्त्रीलिङ्ग बनाउने क्रममा मगर (ढुट) मातृभाषी विद्यार्थीहरूले गरेका उच्चारणगत त्रुटिको विवरण**

स्त्री वा पुरुष बोध गराउने व्याकरणिक कोट नै लिङ्ग हो । नेपाली भाषाको व्याकरणिक नियमानुसार लिङ्गको आधारमा क्रियापदको निर्धारण गरिन्छ । लिङ्गको आधारमा क्रियापदको निर्धारण गर्ने क्रममा मगर (ढुट) भाषी विद्यार्थीहरूले थुप्रै त्रुटि गरेको भेटिएको छ । ती त्रुटिहरूलाई देहायबमोजिम तालिकीकरण गरिएको छ :

| शुद्ध उच्चारण रूप | शुद्ध उच्चारण सङ्ख्या | प्रतिशत | त्रुटिपूर्ण उच्चारण रूप | त्रुटिपूर्ण उच्चारण सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| रीता बजार गई । | १ | ४.५५ | रीता बजार गयो । | २१ | ९५.४५ |
| सुनिताले बजारबाट मिठाई ल्याई । | १ | ४.५५ | सुनिताले बजारबाट मिठाई ल्यायो । | २१ | ९५.४५ |
| रीमाले घाँसको भारी बोकी । | - | - | रीमाले घाँसको भारी बोक्यो । | २२ | १०० |
| बहिनीले मिठाई खाई । | - | - | बहिनीले मिठाई खायो । | २२ | १०० |
| सीताले गीत गाई । | - | - | सीताले गीत गायो । | २२ | १०० |
| सुनिताले पाठ पढी | १ | ४.५५ | सुनिताले पाठ पढ्यो । | २१ | ९५.४५ |
| दीपाले खाजा खाई | २ | ९.०९ | दीपाले खाजा खायो । | २० | ९०.९१ |
| रश्मिलाले कपडा धोई । | २ | ९.०९ | रश्मिलाले कपडा धोयो । | २० | ९०.९१ |
| आमाले बारीमा फर्सी रोप्नुभयो । | १९ | ८६.३६ | बुबाले बारीमा फर्सी रोप्यो । | ३ | १३.६४ |
| माइजूले मलाई बिस्कुट किनिदिनुभयो । | १६ | ७२.७३ | माइजूले मलाई बिस्कुट किन्यो । | ६ | २७.२७ |

स्रोत : स्थलगत अध्ययन (२०७९) ।

माथिको तथ्याङ्कअनुसार मगर (ढुट) मातृभाषीहरूले नेपाली भाषामा कर्तामा आएको लिङ्गअनुसारको क्रियाको प्रयोग गर्ने कार्यमा समस्या आएको देखिएको छ । माथि उल्लेख गरिएका १० ओटा वाक्यहरूमध्ये तीनओटा वाक्यको उच्चारणमा शत प्रतिशत त्रुटि गरेको देखिन्छ । 'श्यामले घाँसको भारी बोक्यो ।' लाई स्त्रीलिङ्गमा परिवर्तन गर्दा १०० प्रतिशत विद्यार्थीहरूले त्रुटिपूर्ण उच्चारण गरेका छन् । 'भाइले मिठाई खायो ।' वाक्यलाई स्त्रीलिङ्गमा परिवर्तन गर्दा पनि १०० प्रतिशत विद्यार्थीहरूले त्रुटिपूर्ण उच्चारण गरेका छन् ।

त्यसैगरी 'मोहनले गीत गायो ।' लाई स्त्रीलिङ्गमा परिवर्तन गर्दा पनि १०० प्रतिशत नै त्रुटिपूर्ण उच्चारण गरेका छन् । त्यसपछि एउटा वाक्यको उच्चारणमा ४.५५ प्रतिशतले सहभागी नै नजनाएको देखिन्छ । यसो हुनुको कारण मगर (ढुट) मातृभाषी विद्यार्थीहरूमा नेपाली भाषाको उच्चारण गर्दा पदसङ्गतिगत समस्या हुनु हो । 'रीता बजार गईर सुनिताले पाठ पढी ।' वाक्यको उच्चारणमा ९५.४५ प्रतिशत विद्यार्थीहरूले त्रुटिपूर्ण उच्चारण गरेका छन् ।

समग्रमा भन्नुपर्दा माथिको तालिकालाई अध्ययन गर्दा मगर (ढुट) भाषी विद्यार्थीहरूले कर्ता पदमा स्त्रीलिङ्ग प्रयोग गरे तापनि क्रिया पदमा चाहिँ पुलिङ्गी क्रियापद नै प्रयोग गरेको पाइन्छ । अर्थात् मगर (ढुट) भाषीहरूले लिङ्गभेद गरेर क्रियापदको प्रयोग गर्नुपर्नेमा बढी समस्या रहेको देखिन्छ ।

पुलिङ्गलाई स्त्रीलिङ्ग बनाउन दिए जस्तै गरी स्त्रीलिङ्गलाई पुलिङ्ग बनाउन दिइएको थियो । यस क्रममा पनि विद्यार्थीहरूले थुप्रै त्रुटि गरेको पाइयो । ती त्रुटिहरूलाई तल तालिका सङ्ख्या ६.४ मा प्रस्तुत गरिएको छ ।

**तालिका सङ्ख्या ६.४. स्त्रीलिङ्गलाई पुलिङ्ग बनाउने क्रममा मगर (ढुट) मातृभाषी विद्यार्थीहरूले गरेका उच्चारणगत त्रुटिको विवरण**

मगर (ढुट) भाषी विद्यार्थीहरूले पुलिङ्गलाई स्त्रीलिङ्ग र स्त्रीलिङ्गलाई पुलिङ्ग बनाउने क्रममा त्रुटि गरेको पाइएको छ । पुलिङ्गलाई स्त्रीलिङ्ग बनाउने क्रममा पाइएको त्रुटिलाई माथिको तालिकामा देखाइएको छ भने स्त्रीलिङ्गलाई पुलिङ्ग बनाउने क्रममा पाइएको त्रुटिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

| **शुद्ध उच्चारण रूप** | **शुद्ध उच्चारण सङ्ख्या** | **प्रतिशत** | **त्रुटिपूर्ण उच्चारण रूप** | **त्रुटिपूर्ण उच्चारण रूप** | **प्रतिशत** |
|---|---|---|---|---|---|
| राम इमानदार छ । | ७ | ३१.८२ | राम इमानदार छिन् । | १५ | ६८.१८ |
| श्याम बजार गयो । | ९ | ४०.९१ | शान्ती बजार गयो । | १३ | ५९.०९ |
| हरि गृहकार्य लेख्छ | ८ | ३६.३७ | हरी गृहकार्य लेख्छे । | १४ | ६३.६३ |
| राम खेल खेल्छ । | ६ | २७.२७ | राम खेल खेल्छे । | १६ | ७२.७३ |
| रमेश बहिनीलाई पढ्न सिकाउँछ । | ३ | १३.६४ | रमेश बहिनीलाई पढ्न सिकाउँछे । | १९ | ८६.३६ |
| बुबा खाना पकाउनुहुन्छ । | ९ | ४०.९१ | रीता खाना पकाउनुहुन्छ । | १३ | ५९.०९ |
| महेन्द्रले दाउरा काट्यो । | ८ | ३६.३७ | महेन्द्रले दाउरा काटी । | १४ | ६३.६३ |
| भाइले खाना पकायो । | १० | ४५.४५ | भाइले खाना पकाई । | १२ | ५४.५५ |

स्रोत : स्थलगत अध्ययन (२०७९) ।

माथिको तालिकाबाट प्राप्त तथ्याङ्कअनुसार प्रस्तुत गरिएका आठओटा वाक्यहरूमध्ये 'अनिता बहिनीलाई पढ्न सिकाउँछे ।' लाई पुलिङ्गमा लैजाँदासबैभन्दा बढी अर्थात् ८६.३६ प्रतिशत त्रुटि गरेको पाइन्छ । उक्त वाक्यलाई पुलिङ्गमा रूपान्तरण गर्ने क्रममा 'रमेश बहिनीलाई पढ्न सिकाउँछे ।' बनाएको पाइन्छ । यसमा कर्ताको रूपमा प्रयोग गरिएको स्त्रीलिङ्गलाई पुलिङ्गमा रूपान्तरण गरिएको छ तर क्रियापदको रूपमा प्रयोग गरिएको स्त्रीलिङ्गी क्रियापदलाई भने पुलिङ्गमा रूपान्तरण नगरी स्त्रीलिङ्गीमा नै राखेको छ । त्यसैगरी 'गीता खेल खेल्छे ।' लाई पुलिङ्गमा लैजाँदा ७२.७३ प्रतिशत त्रुटि गरेको पाइन्छ । यसमा मगर (ढुट) भाषीहरूले कर्तामा प्रयोग गरिएका लैङ्गिक नामअनुसारको क्रियापद प्रयोग गर्ने कार्यमा समस्या रहेको देखिन्छ । यसरी कर्ताअनुसारको क्रियापदको प्रयोगसम्बन्धी त्रुटि गर्नु नै पदसङ्गतिगत त्रुटि हो । यस्ता कारणहरूबाट मगर (ढुट) मातृभाषी विद्यार्थीहरू नेपाली भाषाको उच्चारणमा कमजोर रहेका छन् भन्ने कुरा प्रस्ट हुन्छ ।

# अध्याय सात

# मगर (ढुट) मातृभाषीहरूले नेपाली भाषाको उच्चारणमा गर्ने वाक्यरचनागत त्रुटिहरू

## पृष्ठभूमि

वाक्य एक अर्थपूर्ण भाषिक एकाइ हो । जुनसुकै वाक्यमा पद, पदावली तथा उपवाक्य रहेको हुन्छ । वाक्यमा रहेका पद, पदावली तथा उपवाक्य एकआपसमा सम्बन्धित भएको हुन्छ । वाक्य हुन कम्तीमा एउटा उद्देश्य (कर्ता) र एउटा विधेय (क्रियापद) हुनैपर्छ । उद्देश्य र विधेयमध्ये कुनै एउटा वा दुईओटै नहुँदा पनि वाक्य हुन सक्ने स्थिति चाहिँ सन्दर्भगत अभिव्यक्तिमा मात्र सम्भव हुन्छ (ढकाल, २०६८, पृ. १७१) । जस्तै :

क : तिम्रो मामाघर कहाँ पर्छ ?

ख : धादिङ ।

माथिको उदाहरणमा प्रश्नकर्ता (क) ले 'तिम्रो मामाघर कहाँ पर्छ ?' भन्ने प्रश्न गर्दा उक्त प्रश्नको उत्तर दिने क्रममा उत्तरदाता (ख) ले 'धादिङ' भन्ने उत्तर दिएको छ । उक्त उत्तरमा न उद्देश्य छ न विधेय छ । तैपनि उक्त उत्तरले पूर्ण अभिव्यक्ति प्रदान गरेको छ । यस्तो सन्दर्भगत अभिव्यक्तिमा भने उद्देश्य र विधेयमध्ये कुनै एउटा वा दुईओटै नहुँदा पनि वाक्य हुन सक्ने स्थिति सिर्जना हुन्छ ।

मगर (ढुट) मातृभाषी विद्यार्थीहरूले नेपाली भाषाको उच्चारण गर्ने क्रममा वर्णविन्यासगत र पदावलीगत त्रुटिका साथै वाक्यरचनागत त्रुटि पनि गर्ने गरेको पाइन्छ । यस अध्यायमा वाक्यरचनागत त्रुटिहरूको पहिचान तथा विश्लेषण गर्ने ध्येयले मात्रागत त्रुटिअन्तर्गत पर्ने आंशिक/सीमित त्रुटि र व्यापक/समग्रात्मक त्रुटिको पहिचान तथा विश्लेषण गरिएको छ । ती त्रुटिहरूको पहिचान तथा विश्लेषणका लागि गरिएका कार्यहरू देहायबमोजिम छन् :

## आंशिक/सीमित त्रुटि

यसअन्तर्गत वाक्यको कुनै अंशमा मात्र भएको त्रुटि पर्दछ । जस्तै : 'हामी बजार जान्छ ।' (हामी बजार जान्छौँ ।) यस वाक्यमा कर्ता र कर्मबीच पदमेल भए तापनि कर्ता र क्रियाबीच पदमेल भएको छैन । यसरी वाक्यको कुनै आंशिक क्षेत्रमा मात्र देखिने त्रुटि नै आंशिक वा सीमित त्रुटि हो । मगर (ढुट) मातृभाषीहरूले नेपाली भाषाको प्रयोग गर्ने क्रममा यस्ता त्रुटिहरू गरेको पाइएको छ । मगर (ढुट) मातृभाषीहरूले गरेका केही त्रुटिहरू यसप्रकार छन् :

**तालिका सङ्ख्या ७.१. अशुद्ध वाक्यलाई शुद्ध बनाउने क्रममा मगर (ढुट) मातृभाषी विद्यार्थीहरूले गरेका त्रुटिको विवरण**

वाक्यमा प्रयुक्त शब्द अर्थात् पदहरूबीच पदमेल नभएमा वाक्य अशुद्ध बन्दछ । अशुद्ध वाक्यहरूमा पनि कुनै कुनै वाक्यमा धेरै त्रुटि गरेको पाइन्छ । जस्तै :

रामको आमा बजार गयो ।

माथिको वाक्यमा भेद्यको रूपमा प्रयुक्त 'रामको' शब्द र भेदकको रूपमा प्रयुक्त 'आमा' शब्दबीच पदमेल भएको छैन । त्यसैगरी 'आमा' र 'गयो' शब्दबीच पनि पदमेल भएको छैन । यसमा आदरगत त्रुटि पाइन्छ । यस वाक्यमा एकभन्दा बढी त्रुटि भेटिएकोले यो आंशिक त्रुटि अन्तर्गत पर्दैन ।

आंशिक त्रुटि भनेको वाक्यको कुनै अंशमा मात्र हुने त्रुटि हो । जस्तै :

रामको आमा बजार जानुभयो ।

माथि दिइएको वाक्यमा भेद्यको रूपमा प्रयुक्त 'रामको' शब्द र भेदकको रूपमा प्रयुक्त 'आमा' शब्दबीच पदमेल भएको छैन । यसमा भेदक र भेद्यसँग क्रियापदको मेल भए तापनि भेद्य र भेदकबीच पदमेल भएको छैन । यसप्रकारको त्रुटि नै आंशिक वा सीमित त्रुटि हो ।

यस अध्ययनमा छनोटमा परेका मगर (ढुट) मातृभाषी विद्यार्थीहरूलाई नेपाली भाषामा निर्मित अशुद्ध वाक्यहरूलाई शुद्ध बनाउने क्रममा यस्ता आंशिक त्रुटिहरू पनि

गरेको पाइएको छ । विद्यार्थीहरूले गरेका त्यस्ता त्रुटिहरूलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

| **शुद्ध उच्चारण रूप** | **शुद्ध उच्चारण सङ्ख्या** | **शुद्ध उच्चारण प्रतिशत** | **त्रुटिपूर्ण उच्चारण रूप** | **त्रुटिपूर्ण उच्चारण सङ्ख्या** | **त्रुटिपूर्ण उच्चारण प्रतिशत** |
|---|---|---|---|---|---|
| मेरा भाइहरू राम्रा छन् । | ४ | १८.१८ | मेरो भाइहरू राम्रो छ । | १८ | ८१.८२ |
| चराहरू आकाशमा उडे । | ३ | १३.६४ | चराहरू आकाशमा उड्यो । | १९ | ८६.३६ |
| साथीहरू किताब पढ्छन् । | ४ | १८.१८ | साथीहरू किताब पढ्छ । | १८ | ८१.८२ |
| सानो भाइ चकटीमा बस्छ । | ४ | १८.१८ | सानो भाइहरू चकटीमा बस्छ । | १८ | ८१.८२ |
| म खाना खान्छु । | १३ | ५९.०९ | म खाना खान्छ । | ९ | ४०.९१ |
| बहिनी पानी पिउँछे । | ८ | ३६.३६ | बहिनी पानी पिउँछ । | १४ | ६३.६४ |
| भाइले लट्ठी बोक्यो । | ८ | ३६.३६ | भाइले लट्ठी बोकी । | १४ | ६३.६४ |
| रीता खाना बनाउँछे । | ७ | ३१.८२ | रीता खाना बनाउँछ । | १५ | ६८.१८ |
| हामी विद्यालय जान्छौँ । | ८ | ३६.३६ | हामी विद्यालय जान्छ । | १४ | ६३.६४ |

स्रोत : स्थलगत अध्ययन (२०७९) ।

माथिको तालिकाको तथ्याङ्कअनुसार कक्षा पाँचमा अध्ययनरत २२ जना विद्यार्थीहरूलाई प्रश्नावलीको प्रयोगमार्फत प्रश्नोत्तर गराउँदा सबैभन्दा बढी वाक्यमा प्रयोग गरिएको कर्ताअनुसारको क्रियापदको प्रयोग नभएको पाइन्छ । प्रायजसो स्त्रीलिङ्गी कर्ता प्रयोग गर्दा पनि क्रियापद चाहिँ पुलिङ्गी नै प्रयोग गरिएको पाइन्छ । त्यसैगरी कुनै कुनै

ठाउँमा पुलिङ्गी कर्ताको प्रयोग गरिए तापनि क्रियापद चाहिँ स्त्रीलिङ्गी नै प्रयोग गरिएको पाइन्छ ।

विद्यार्थीहरूलाई सोधिएको माथिको नौओटा वाक्यहरूमध्ये 'चराहरू आकाशमा उड्यो ।' वाक्यमा सबैभन्दा बढी अर्थात् ८६.३६ प्रतिशत विद्यार्थीहरूले त्रुटि गरेका छन् । त्यसैगरी 'मेरो भाइहरू राम्रो छ, सानो भाइहरू चकटीमा बस्छ, साथीहरू किताब पढ्छ ।' वाक्यलाई शुद्ध बनाउने क्रममा ८१.८२ प्रतिशत विद्यार्थीहरूले त्रुटि गरेका छन् । यस क्रममा प्रस्तुत गरिएका सम्पूर्ण वाक्यमा छनोटमा परेका मगर भाषी विद्यार्थीहरूले अशुद्ध वाक्यको निर्माण गरेको पाइन्छ । शतप्रतिशत अशुद्ध र शुद्ध वाक्य बनाउने विद्यार्थीहरू चाहिँ कुनै वाक्यमा पनि देखिँदैन ।

### तालिका सङ्ख्या ७.२. खुला प्रश्नावलीद्वारा प्राप्त विवरण

मगर (ढुट) मातृभाषी विद्यार्थीहरूले नेपाली भाषाको उच्चारणका क्रममा गरेको आंशिक त्रुटिको पहिचान तथा विश्लेषणका लागि खुला प्रश्नावलीको प्रयोग गरिएको थियो । खुला प्रश्नावलीद्वारा मगर (ढुट) भाषीहरूले गरेका त्रुटिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

| **शुद्ध उच्चारण रूप** | **शुद्ध उच्चारण सङ्ख्या** | **प्रतिशत** | **त्रुटिपूर्ण उच्चारण रूप** | **त्रुटिपूर्ण उच्चारण सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|---|---|---|
| मेरो नाम……हो । | २२ | १०० | मेरो नाम……हो । | - | - |
| म……खेल्छु । | १९ | ८६.३६ | म फुटबल खेल्छ । | ३ | १३.६४ |
| म……साथीहरूसँग खेल्छु । | २२ | १०० | म साथीहरूसँग फुटबल खेल्छु । | - | - |
| म दशैँमा मामाघर जान्छु । | १४ | ६३.६४ | म दशैँमा मामाघर जान्छ । | ८ | ३६.३६ |
| म दशैँमा पिङ खेल्छु । | १४ | ६३.६४ | म दशैँमा पिङ खेल्छ । | ८ | ३६.३६ |
| म दशैँमा गाउँमा जान्छु । | २२ | १०० | म दशैँमा गाउँमा जान्छु । | - | - |
| मेरो झोलामा कापी, किताब र पेन्सिल छ । | १७ | ७७.२७ | मेरो झोलामा किताब ख । | ५ | २२.७३ |
| मेरो गाउँको नाम….हो । | १८ | ८१.८२ | मेरो गाउँको नाम हो…..। | ४ | १८.१८ |
| मेरो विद्यालयको नाम…….हो । | १७ | ७७.२७ | मेरो विद्यालयको नाम हो…..। | ५ | २२.७३ |
| मेरो साथीको नाम…….हो । | २२ | १०० | मेरो साथीको नाम…….हो । | - | - |

स्रोत : स्थलगत अध्ययन (२०७९) ।

खुला प्रश्नावलीको प्रयोगद्वारा तयार पारिएको माथिको तथ्याङ्कलाई हेर्दा ‘म दशैँमा मामाघर जान्छु ।’ र ‘म दशैँमा पिङ खेल्छु ।’ वाक्यमा सबैभन्दा बढी अर्थात् ३६.३६ प्रतिशत विद्यार्थीहरूले त्रुटि गरेको पाइन्छ । त्यसैगरी ‘मेरो झोलामा……..छ । र मेरो विद्यालयको नाम……..हो ।’ भन्ने वाक्यहरूमा प्रत्येकमा २२.७३ प्रतिशत विद्यार्थीहरूले त्रुटि गरेको

पाइन्छ । 'मेरो नाम.........हो, म साथीहरूसँग फुटबल खेल्छु, म दशैँमा गाउँमा जान्छु, मेरो साथीको नाम...................हो ।' वाक्यहरूको उच्चारण गर्ने क्रममा भने त्रुटिरहित उच्चारण गरिएको छ ।

## व्यापक/समग्रात्मक त्रुटि

यदि एकभन्दा बढी वाक्यहरूमा त्रुटि गर्दछ भने त्यो नै व्यापक/समग्रात्मक त्रुटि हो । यसमा मगर (ढुट) मातृभाषी विद्यार्थीहरूले गर्ने व्यापक/समग्रात्मक त्रुटिलाई प्रस्तुत गरिएको छ ।

**तालिका सङ्ख्या ७.३. वर्णनात्मक शैलीको विवरण**

मगर (ढुट) भाषी विद्यार्थीहरूले नेपाली भाषाको उच्चारण गर्ने क्रममा गर्ने त्रुटिको पहिचानका लागि 'आफूलाई मनपर्ने खेलौना' र 'दशैँ' गरी दुई शीर्षकमा वर्णन गर्न लगाइएको छ । ती दुईओटा शीर्षकहरूमा मगर (ढुट) मातृभाषी विद्यार्थीहरूको अभिव्यक्ति यसप्रकार रहेको छ :

| शुद्ध उच्चारण रूप | शुद्ध उच्चरण सङ्ख्या | प्रतिशत | त्रुटिपूर्ण उच्चारण रूप | त्रुटिपूर्ण उच्चारण सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| मेरो खेलौना स्केटबोर्ड हो । मलाई स्केटबोर्ड साह्रै राम्रो लाग्छ । म साथीहरूसँग स्केटबोर्ड खेल्न रोडमा जान्छु । खेल छुट्टिको समयमा खेल्छु । शनिबार पनि दाइसँग खेल्छु । म शनिबार गृहकार्य भ्याएर खेल्छु । | ६ | २७.२७ | मेरो खेलौना हो इस्केटबोर्ड । मलाई इस्केटबोर्ड सारै राम्रो लाग्छ र म साथीहरूसँग इस्केटबोर्ड रोटमा खेल्न जान्छु । खेल हाप्ट्याम्मा खेल्छ । शनिबार पनि खेल्च दाइसँग । म शनिबार होम्वर्क भ्याएर खेल्छ । | १६ | ७२.७३ |
| दशैँमा मलाई मेरो आमाबुबाले टिका लगाइदिनुहुन्छ । म मेरो मामाघर गएर माइजू, दुदुबा, दुदुआमा जस्ता ठुला व्यक्तिहरूको हातबाट टिका लगाउँछु म दशैँमा रमाइलो मान्छु । | ८ | ३६.३६ | दशैँईमा मेरो आमाबुबाले टिका लाइदिनुहुन्छ र म मेरो मामाघर गोएर माइजू, दुदुबा, दुदुआमाहरूले टिका लाइदिनुहुन्छ । म दशैँईमा  रमैलो मान्छु । | १४ | ६३.६४ |

स्रोत : स्थलगत अध्ययन (२०७९) ।

माथिको तथ्याङ्कलाई हेर्दा खेलौनाको बारेमा वर्णन गर्दा ७२.७३ प्रतिशत विद्यार्थीहरूले र दशैँको बारेमा वर्णन गर्दा ६३.६४ प्रतिशत विद्यार्थीहरूले व्यापक/समग्रात्मक त्रुटि गरेको पाइन्छ । मगर मातृभाषी विद्यार्थीहरूले नेपाली भाषाको उच्चारणमा गर्ने व्यापक/समग्रात्मक त्रुटिको पहिचानका लागि विद्यार्थीहरूलाई दशैँको

बारेमा र आफूलाई मनपर्ने खेलौनाको बारेमा वर्णन गर्न लगाइएको थियो । दशैंको बारेमा आफ्नो अभिव्यक्ति प्रस्तुत गर्ने सिलसिलामा विद्यार्थी सातको प्रतिक्रिया यसप्रकार रहेको छ :

*म दशैंमा टिका लाउँछ, पिङ खेल्छ अनि खेल्न जान्छ ।*

दशैंको बारेमा नै बताउने क्रममा विद्यार्थी दशको प्रतिक्रिया यसप्रकार रहेको छ :

*म दशैंमा रातो टिका लाउँछ । पिङ खेल्छ अनि मामाघर जान्छ ।*

दशैंको बारेमा वर्णन गर्न लगाएपश्चात् आफूलाई मनपर्ने खेलौनाको सम्बन्धमा आ-आफ्नो प्रतिक्रिया प्रस्तुत गर्न लगाइएको थियो । आफूलाई मनपर्ने खेलौनाको सम्बन्धमा विद्यार्थी आठको प्रतिक्रिया यसप्रकार रहेको छ :

*दादासँग फुटबल खेल्छ म । शनिबार पनि खेल्छ दादासँग । म मिलेर खेल्छ ।*

विद्यार्थी दशको प्रतिक्रिया यसप्रकार रहेको छ :

*मलाई फुटबल मनपर्छ । म भाइसँग खेल्छ । म शनिबार होमर्क भ्याएर खेल्छ ।*

आफूलाई मनपर्ने खेलौनाको सम्बन्धमा सबै विद्यार्थीहरूलाई पालैपालो आ-आफ्नो अभिव्यक्ति प्रस्तुत गर्न लगाइएको थियो । त्यस क्रममा चौधको प्रतिक्रिया यसप्रकार रहेको छ :

*'म फुटबल खेल्छु । मसँग थुप्रै साथीहरू खेल्छन् । उनीहरू मसँगै खेलिरहन्छ ।'*

त्यसैगरी अर्का सहभागी विद्यार्थी पन्ध्रको प्रतिक्रिया यसप्रकार रहेको छ :

*'म भाँडाकुटी खेल्छु । मसँग धेरै साथीहरू हुन्छ भाँडाकुटी खेल्नलाई ।'*

मगर (ढुट) भाषामा लिङ्ग, वचन र पुरुषको आधारमा प्रयोग गरिने क्रियापदहरूमा भिन्नता पाइँदैन तर नेपाली भाषामा भने लिङ्ग, वचन र पुरुषको आधारमा छुट्टाछुट्टै क्रियापदको प्रयोग गरिनुपर्ने हुन्छ तसर्थ मगर (ढुट) भाषा र नेपाली भाषाको व्याकरणिक नियम नमिलेकोले पनि मगर (ढुट) भाषी विद्यार्थीहरूमा नेपाली भाषाको उच्चारण गर्दा त्रुटिपूर्ण उच्चारण भएको हो भन्ने पाइएको छ ।

## वाक्यरचना

नेपाली भाषाको व्याकरणिक नियमानुसार वाक्यमा अनिवार्य रूपमा कर्ता, कर्म र क्रिया आएको हुनुपर्छ । कर्ता, कर्म र क्रियाको मेलबाट नै वाक्य बन्दछ । भाषाको लघुतम पूर्ण सार्थक एकाइलाई वाक्य भनिन्छ अर्थात् पूर्ण अर्थबोधक सार्थक लघुतम एकाइलाई वाक्य भनिन्छ (पौड्याल, २०७६, पृ.३४३) । वाक्यरचना गर्दा लिङ्ग, वचन, पुरुष र आदरका सम्बन्धमा पदमेल हुने गरी रचना गर्नुपर्ने हुन्छ । यसमा कर्ताको रूपमा प्रयोग भएको शब्द जुन लिङ्गको छ सोहीअनुसार क्रियाको प्रयोग गर्नुपर्ने हुन्छ । जस्तै :

- हरि बजार गयो ।
- रीता बजार गई ।

यी वाक्यहरूमा लिङ्ग, वचन, पुरुष र आदर चारओटै आधारमा पदमेल भएको छ । पहिलो वाक्यमा प्रयोग भएको 'हरि' पुलिङ्ग शब्द हो । उक्त वाक्यको क्रियामा लिङ्गको आधारबाट हेर्दा पुलिङ्गी क्रियापद 'गयो' प्रयोग भएको छ । वचनगत हिसाबले हेर्दा पनि कर्ता र क्रिया नै एकवचन प्रयोग भएको छ । त्यसैगरी दोस्रो वाक्यमा कर्ता पदमा स्त्रीलिङ्गी प्रयोग भएको छ । क्रियापदमा पनि स्त्रीलिङ्गी क्रियापद प्रयोग भएको छ । वचनगत आधारमा हेर्दा पनि कर्ता र क्रिया दुवैमा एकवचन प्रयोग भएको छ ।

वाक्यरचनाका आधारहरू देहायबमोजिम छन् :

### लिङ्गको आधारमा वाक्यरचना

नेपाली भाषाको सोपानक्रमअनुसार भाषाको सबैभन्दा ठुलो सार्थक एकाइ नै वाक्य हो । यसमा दुई वा दुईभन्दा बढी शब्दहरू रहेका हुन्छन् । वाक्यमा भेद्य र भेदकबीच अन्विति कायम भएको हुन्छ । भेदकमा जुन लिङ्गी नाम वा सर्वनाम प्रयोग गरिएको छ सोहीअनुसारको भेद्यको प्रयोग गरिएको हुन्छ । यसरी भेदकमा प्रयोग गरिएको लिङ्गसँग मेल खाने भेद्यको प्रयोग नभएमा उक्त वाक्य व्याकरणात्मक नियमानुसार त्रुटिपूर्ण वाक्य बन्दछ । जस्तै :

- हरिकी आमा आउनुभयो ।

यस वाक्यमा 'हरिकी' शब्द 'भेद्य' हो भने 'आमा' भेदक हो । यसमा भेदक र भेद्यबीच पदमेल भएको छ तसर्थ उक्त वाक्यमा त्रुटि छैन ।

भेदक र भेद्यबीच पदमेल नभएमा त्रुटिपूर्ण वाक्य बन्दछ । जस्तै :

- हरिको आमा आउनुभयो ।

यस वाक्यमा प्रयोग भएको 'हरि' मा पदयोग भएको 'को' पुलिङ्गी रूप हो । भेदकको रूपमा प्रयोग भएको 'आमा' स्त्रीलिङ्गी शब्द हो । यहाँ भेद्यमा पुलिङ्ग र भेदकमा स्त्रीलिङ्ग प्रयोग भएकोले पदमेल नभएकोले उक्त वाक्य त्रुटिपूर्ण रहेको छ । मगर (ढुट) मातृभाषी विद्यार्थीहरूले नेपाली भाषाको सिकाइमा यस्ता त्रुटिहरू पनि गर्दछन् भन्ने कुराको उदाहरण तालिका नं. ६.३ र ६.४ मा पाइन्छ । छनोटमा परेका विद्यार्थीहरूसँग छलफल तथा प्रश्नोत्तर गर्दा पनि यस्ता त्रुटिहरू पाइएको छ । विद्यार्थीसँग गरिएको छलफलमा विद्यार्थी एकबाट आएको प्रतिक्रिया यसप्रकार रहेको छ :

*"बहिनीले मिठाई खायो । अश्मीले कपडा धोयो । भाइले खाना पकाई ।"*

त्यसैगरी विद्यार्थी दुईको प्रतिक्रिया यसप्रकार रहेको छ :

*"सुनिताले बजारबाट मिठाई ल्यायो । आशिकाले घाँसको भारी बोक्यो । सीताले गीत गायो । दीपाले खाजा खायो ।"*

विद्यार्थी पाँचको प्रतिक्रियामा पनि त्यस्तै त्रुटि पाइन्छ । विद्यार्थी पाँचको प्रतिक्रिया यसप्रकार रहेको छ :

*"अश्मीले घाँसको भारी बोक्यो । बहिनीले मिठाई खायो । सीताले गीत गायो । रश्मीले पाठ पढ्यो । मनिष खेल खेल्छे । समीरले दाउरा काटी ।"*

विद्यार्थीहरूको उक्त प्रतिक्रियामा लिङ्गगत त्रुटि पाइन्छ । उनीहरूको प्रतिक्रियामा व्याकरणिक नियमानुसार कर्ता, कर्म र क्रिया त आएको छ तर ती पदहरूबीच मिलन नभएकोले लिङ्गगत आधारमा वाक्यरचना निर्माण प्रक्रियालाई हेर्ने हो भने उक्त

प्रतिक्रियाहरूमा त्रुटि पाइन्छ । म आफू पनि मगर (ढुट) मातृभाषी भएको कारण मेरो अनुभवबमोजिम मगर (ढुट) मातृभाषी विद्यार्थीहरूले यस्ता त्रुटि गर्नुको मुख्य कारण मगर भाषामा लिङ्गभेद गरेर वाक्य निर्माण नगरिनु हो । मगर (ढुट) भाषामा पुलिङ्ग र स्त्रीलिङ्ग दुवैमा उही क्रियापद प्रयोग हुन्छ । यसप्रकारको उदाहरण तलको तालिका सङ्ख्या ७.४ मा दिइएको छ ।

**तालिका सङ्ख्या ७.४. लिङ्गगत आधारमा वाक्यरचना**

| **नेपाली भाषा** | **मगर (ढुट) भाषा** |
|---|---|
| भाइ नुहाउन गयो (पुलिङ्ग) । | भाइ नढिस्के नुङा (पुलिङ्ग) । |
| बहिनी नुहाउन गई(स्त्रीलिङ्ग) । | बहिनी नढिस्के नुङा (स्त्रीलिङ्ग) । |
| श्याम किताब पढ्छ (पुलिङ्ग) । | श्याम पोस्टक पढिस्ले (पुलिङ्ग) । |
| रीना किताब पढ्छे (स्त्रीलिङ्ग) । | रीना पोस्टक पढिस्ले (स्त्रीलिङ्ग) । |

स्रोत : स्थलगत अध्ययन (२०७९) ।

यी वाक्यहरूलाई हेर्दा नै स्पष्ट हुन्छ कि नेपाली भाषामा कर्ताको रूपमा पुलिङ्ग र स्त्रीलिङ्ग आउँदा क्रियापदको रूपमा पनि फरक आएको छ तर मगर (ढुट) भाषामा कर्ताको रूपमा पुलिङ्ग र स्त्रीलिङ्ग जे आए पनि उही क्रियापद प्रयोग भएको छ । मगर (ढुट) भाषाको नियममा र नेपाली भाषाको व्याकरणिक नियममा यस्ता भिन्नता पाइने हुनाले मगर (ढुट) भाषी विद्यार्थीहरूले नेपाली भाषाको सिकाइमा त्रुटिपूर्ण उच्चारण गरेको हो ।

**वचनको आधारमा वाक्यरचना**

वाक्यरचना गर्दा वचनको पनि ख्याल गर्नुपर्ने हुन्छ । वचन भनेको सङ्ख्या बुझाउने नामिक तथा सर्वनामिक पद हो । एउटा मात्र सङ्ख्या बुझाउने शब्द एकवचन हो भने दुई वा दुईभन्दा बढी सङ्ख्या बुझाउने शब्द बहुवचन हो । वाक्यरचना गर्दा जुन वचनको कर्ता छ त्यही वचनको क्रिया प्रयोग गर्नुपर्ने हुन्छ । जस्तै :

- केटाहरू विद्यालय गए ।

यो वाक्य बहुवचन प्रयोग भएको वाक्य हो । यसमा कर्ता र क्रियापद दुवैमा बहुवचनको रूप प्रयोग भएको छ । यो व्याकरणिक नियमानुसार पदमेल भएको वाक्य हो ।

दोस्रो भाषी सिकारुले वाक्यरचना गर्दा वचनको आधारमा पनि त्रुटि गरेको पाइएको छ । जस्तै :

- केटाहरू विद्यालय गयो ।

यस वाक्यमा कर्ताको रूपमा प्रयोग भएको शब्द बहुवचन छ भने क्रियाको रूपमा प्रयोग भएको शब्द एकवचन रहेको छ तसर्थ यस वाक्य वचनको आधारमा त्रुटिपूर्ण रहेको छ । छनोटमा परेका विद्यार्थीहरूसँग छलफल तथा प्रश्नोत्तर गर्दा पनि यस्तै प्रतिक्रिया आएको छ । विद्यार्थी एकको प्रतिक्रिया यसप्रकार रहेको छ :

*मेरो भाइहरू राम्रो छ । चराहरू आकाशमा उड्छ । सानो भाइहरू चकटीमा बस्छन् ।*

विद्यार्थी तीनले रचना गरेको वाक्य यसप्रकार रहेको छ :

*"चराहरू आकाशमा उड्छ । साथीहरू किताब पढ्छ । सानो भाइहरू चकटीमा बस्छन् ।"*

विद्यार्थी चारले रचना गरेको वाक्य यसप्रकार रहेको छ :

*"मेरो भाइहरू राम्रो छ । चराहरू आकाशमा उड्छ । साथीहरू किताब पढ्छ । सानो भाइहरू चकटीमा बस्छन् । म खाना खान्छ । बहिनी पानी पिउँछ । भाइले लट्ठी बोके । हामी विद्यालय जान्छन् ।"*

उक्त प्रस्तुतिहरूमा कर्तामा बहुवचन आए पनि क्रियामा भने एकवचनमा प्रयोग हुने क्रियापद नै प्रयोग गरिएको छ । त्यसैगरी भेदक र भेद्यबीच पनि मेल पाइँदैन । विद्यार्थी चारले रचना गरेको वाक्यहरूमध्ये चौथो वाक्यमा भेद्यको स्थानमा प्रयोग भएको 'सानो' एकवचन हो भने भेदकको रूपमा प्रयोग भएको 'भाइहरू' बहुवचन हो । यहाँ भेदक र भेद्यबीच पदमेल नभएकोले यो वाक्य पनि त्रुटिपूर्ण बन्न पुगेको छ । यसरी मगर भाषी विद्यार्थीहरूमा वाक्यरचना कार्यमा वचनगत त्रुटि पनि पाइन्छ । यसरी त्रुटि गर्नुको कारण

मगर (ढुट) भाषामा वचनगत आधारमा पनि क्रियापदको रूप परिवर्तन नहुनु हो । यस सम्बन्धमा छलफल गर्ने क्रममा शिक्षक दुईको धारणा यसप्रकार रहेको छ :

> *"मगर भाषामा कर्तामा एकवचन आए पनि बहुवचन आए पनि क्रियामा केही परिवर्तन आउँदैन । एकवचन र बहुवचन दुवैमा एउटै क्रियापद प्रयोग हुन्छ । जस्तै : लाफा पोस्टक पढिस्ले । लाफाको पोस्टक पढिस्ले । यसलाई नेपाली भाषामा क्रमशः साथी किताब पढ्छ, साथीहरू किताब पढ्छन् भनिन्छ ।"*

यहाँ शिक्षक दुईको धारणाबाट मगर (ढुट) भाषामा वचनगत आधारमा कर्तामा परिवर्तन आउँदैमा क्रियापदमा परिवर्तन आउँदैन भन्ने कुरा स्पष्ट हुन्छ । तसर्थ मगर मातृभाषी विद्यार्थीहरूले नेपाली भाषाको सिकाइमा त्रुटि गर्नुको प्रमुख कारणमध्ये मगर भाषामा वचनगत आधारमा क्रियापदको परिवर्तन गर्न नपर्नु पनि एक हो ।

**पुरुषको आधारमा वाक्यरचना**

नेपाली भाषाको व्याकरणिक नियमानुसार पुरुष तीन प्रकारका छन् । ती हुन् : प्रथम पुरुष, द्वितीय पुरुष र तृतीय पुरुष । प्रथम पुरुषअन्तर्गत म, हामी पर्दछ । वाक्यरचना गर्दा पुरुषको पनि ख्याल गर्नुपर्ने हुन्छ । प्रथम पुरुषको आधारमा वाक्यरचना गर्दा 'म विद्यालय जान्छु । हामी विद्यालय जान्छौँ ।' यी दुई वाक्यहरूमध्ये पहिलो वाक्यमा एकवचन र प्रथम पुरुषको प्रयोग भएको पाइन्छ । दोस्रो वाक्यमा बहुवचन र प्रथम पुरुषको प्रयोग भएको छ । द्वितीय पुरुषअन्तर्गत तँ, तिमी, तपाईं, हजुर पर्दछ । यसको आधारमा वाक्यरचना गर्दा 'तिमी यता आउ । तपाईं मिठाई खानुहोस् ।' तृतीय पुरुषअन्तर्गत यो, त्यो, तिनी, ऊ, उनी आदि पर्दछ । यसको आधारमा वाक्यरचना गर्दा 'यो मेरो छोरो हो । ऊ विद्यार्थी हो ।' यसरी पुरुषको आधारमा पनि वाक्यरचना सही हुनु जरुरी छ ।

मगर (ढुट) भाषी विद्यार्थीहरूले पुरुषको आधारमा पनि त्रुटिपूर्ण वाक्यरचना गरेको पाइन्छ । जस्तै

'हामी विद्यालय जान्छ ।'

यो वाक्य पुरुषगत आधारमा त्रुटिपूर्ण रहेको छ । यसमा कर्ताको रूपमा प्रयोग भएको शब्द प्रथम पुरुषको रहेको छ तर क्रियापदको रूपमा प्रयोगमा आएको शब्द भने

तृतीय पुरुषबमोजिमको रहेको छ । म आफू पनि मगर (ढुट) मातृभाषी भएकोले सुरुसुरुमा यस्ता पुरुषसम्बन्धी थुप्रै त्रुटिहरू गर्थें । मेरो अनुभवमा यस्तो त्रुटि हुनुमा मगर (ढुट) भाषाको प्रभाव हुनु नै हो किनकि मगर (ढुट) भाषामा क्रियापदको प्रयोगमा पुरुषले प्रभाव पार्दैन । मगर (ढुट) भाषामा प्रथम पुरुष, द्वितीय पुरुष र तृतीय पुरुषमा एउटै क्रियापदको प्रयोग गरिन्छ । यसलाई तल तालिका सङ्ख्या ७.५ मा प्रस्तुत गरिएको छ ।

**तालिका सङ्ख्या ७.५. पुरुषगत आधारमा वाक्यरचना**

| | **प्रथम पुरुष** | **द्वितीय पुरुष** | **तृतीय पुरुष** |
|---|---|---|---|
| मगर (ढुट) भाषा | ङा ज्याट ज्याले । | नाकु ज्याट ज्याले । | आसेज्याट ज्याले । |
| नेपाली भाषा | म खाना खान्छु । | तिमी खाना खान्छौ । | ऊ खाना खान्छ । |
| मगर (ढुट) भाषा | ङा सिपाल नुङ्ले । | नाकु सिपाल नुङ्ले । | होसे सिपाल नुङ्ले । |
| नेपाली भाषा | म विद्यालय जान्छु । | तिमी विद्यालय जान्छौ । | त्यो विद्यालय जान्छ । |
| मगर (ढुट) भाषा | ङा ग्वा कोक्ले । | नाकु ग्वा कोक्ले । | इसे ग्वा कोक्ले । |
| नेपाली भाषा | म कुखुरा पाल्छु । | तिमी कुखुरा पाल्छौ । | यो कुखुरा पाल्छ । |

स्रोत : स्थलगत अध्ययन (२०७९) ।

माथिको तालिकाबमोजिम नेपाली भाषामा प्रथम पुरुषमा 'खान्छु, जान्छु, पाल्छु', द्वितीय पुरुषमा 'खान्छौ, जान्छौ, पाल्छौ' र तृतीय पुरुषमा 'खान्छ, जान्छ, पाल्छ' प्रयोग भएको छ । तीनओटा वाक्यमा तीन थरीकै शब्द प्रयोग भएको छ तर मगर (ढुट) भाषामा प्रथम पुरुष, द्वितीय पुरुष र तृतीय पुरुष तीन ओटैमा एउटै रूप (ज्याले, नुङ्ले र कोक्ले) प्रयोग भएको छ । यसरी मगर (ढुट) भाषामा क्रियापदको प्रयोग गर्दा पुरुषले कुनै प्रभाव नपार्ने हुनाले पनि मगर (ढुट) मातृभाषी विद्यार्थीहरूले नेपाली भाषाको उच्चारणमा त्रुटि गरेको हो भन्ने कुरा प्रस्ट हुन्छ ।

**आदरको आधारमा वाक्यरचना**

सम्मान जनाउने शब्द वा भाव नै आदर हो । आदर पनि अनादर, मध्यम आदर र उच्च आदर गरी तीन प्रकारका हुन्छन् । अनादरअन्तर्गत 'तँ, त्यो' पर्दछ । 'तँ घर जा ।' अनादरगत वाक्य हो । त्यसैगरी 'मेरी बहिनी राम्री छे ।' पनि अनादर वाक्य हो । दोस्रो भाषाका सिकारुले यस्ता अनादर वाक्यको रचनामा पनि त्रुटि गर्दछ भन्ने कुरा माथि

तालिका सङ्ख्या ७.१ बाट स्पष्ट हुन्छ; जहाँ 'बहिनी पानी पिउँछे ।' भन्नुपर्नेमा 'बहिनी पानी पिउँछ ।' भनिएको छ । मध्यम आदरअन्तर्गत तिमी, उनी आदि पर्दछन् । 'तिमी विद्यालय जाऊ ।' मध्यम आदरगत वाक्य हो । उच्च आदरअन्तर्गत तपाइँ, हजुर आदि पर्दछ । 'तपाइँ विद्यालय जानुहोस् ।' उच्च आदरगत वाक्य हो ।

माथि उल्लिखित वाक्यरचनाका आधारहरूमध्ये यस अध्ययनमा लिङ्गको आधारमा, वचनको आधारमा र पुरुषको आधारमा वाक्यरचना गर्ने क्रममा मगर (ढुट) भाषी विद्यार्थीहरूले नेपाली भाषामा वाक्यरचना गर्दा के-कस्ता त्रुटिहरू गर्दछन् भन्ने कुरा पत्ता लगाई विश्लेषण गरिएको छ । माथि उल्लेख गरिएको तालिका सङ्ख्या ५.५, ६.२, ६.३, ६.४, ७.१, ७.२ र ७.३ मा वाक्यरचना सम्बन्धी त्यस्ता त्रुटिहरू पाइन्छन् । तालिका नं. ६.३ मा विद्यार्थीहरूले 'रीता बजार गई । रीमाले घाँसको भारी बोकी । बहिनीले मिठाई खाई । सीताले गीत गाई ।' बनाउनुपर्नेमा क्रमशः 'रीता बजार गयो । रीमाले घाँसको भारी बोक्यो । बहिनीले मिठाई खायो । सीताले गीत गायो ।' बनाएको पाइन्छ । यसमा लिङ्गगत त्रुटि पाइन्छ ।

आदरको आधारमा वाक्यरचना गर्दामगर (ढुट) भाषी विद्यार्थीहरूले खासै त्रुटि गरेको देखिँदैन । नेपाली भाषामा जस्तै मगर (ढुट) भाषामा पनि आदरअनुसारको क्रियापदको प्रयोग गरिन्छ तसर्थ मगर (ढुट) भाषी विद्यार्थीहरूले नेपाली भाषाको उच्चारणमा आदरसम्बन्धी त्रुटि गरेको देखिँदैन । जस्तै : नेपाली भाषाको 'तँ किताब पढ्छस् । तिमी किताब पढ्छौ । तपाइँ किताब पढ्नुहुन्छ ।' लाई मगर (ढुट) भाषामा क्रमशः 'नाङ पोस्टक पढिस्लेस् । नाकु पोस्टक पढिस्ले । नाकु पोस्टक पढिस्के छान्ने ।' भन्ने वाक्यहरू प्रयोग गरिन्छ । मगर (ढुट) भाषी विद्यार्थीहरूले वाक्यरचना गर्दा विशेषगरी लिङ्गको आधारमा, वचनको आधारमा र पुरुषको आधारमा बढी त्रुटि गर्ने भएकोले यस अध्ययनमा उक्त तीन आधारमा गर्ने त्रुटिहरूको पहिचान तथा विश्लेषण गरिएको छ ।

# अध्याय आठ

# प्राप्ति तथा निष्कर्ष

## प्राप्ति

प्रस्तुत शोधमा मगर (ढुट) मातृभाषीहरूले नेपाली भाषाको उच्चारणमा गर्ने उच्चारणगत त्रुटि, रूपगत त्रुटि, पदावलीगत त्रुटि, आंशिक/सीमित त्रुटि र व्यापक वा समग्रात्मक त्रुटिहरूको अध्ययन विश्लेषण गरिएको छ ।

मगर (ढुट) मातृभाषीहरूले नेपाली भाषाको उच्चारणमा गर्ने वर्णविन्यासगत त्रुटिहरू पहिचान तथा विश्लेषणका लागि उच्चारणगत र रूपगत आधारमा आधारित रहेको छ । उच्चारणगत आधारमा हेर्दा मगर (ढुट) मातृभाषीहरूले 'य' लाई 'ए' र शब्दान्तमा आएको हलन्त उच्चारण गर्नुपर्ने व्यञ्जनवर्णलाई अजन्त नै उच्चारण गरेको पाइयो । रूपगत आधारमा हेर्दा एकवचनबाट बहुवचनमा रूपान्तरण गर्दा मगर (ढुट) मातृभाषीहरूले त्रुटि गरेको पाइयो । जस्तै :

- 'छोरो' लाई बहुवचनमा रूपान्तरण गर्दा छोराहरू नबनाइकन 'छोरो' शब्दमा हरू जोडेर छोरोहरू बनाएको पाइयो ।

भारोपेली परिवारअन्तर्गत पर्ने नेपाली भाषाको व्याकरणात्मक नियम र भोटबर्मेली परिवारअन्तर्गत पर्ने मगर (ढुट) भाषाको व्याकरणात्मक नियम नै फरक-फरक भएकोले यहाँ मगर (ढुट) मातृभाषीहरूले एकवचनबाट बहुवचनमा परिणत गर्दा यस्तो प्रकारको त्रुटि गरेको पाइन्छ । नेपाली भाषाको मानव सन्तान जनाउने 'छोर्' रूपमा 'ओ' रूपको मिलन भएपछि बन्ने 'छोरो' शब्दले एकवचन र पुलिङ्गलाई जनाउँछ । त्यही 'छोर्' रूपमा 'आ' रूप र 'हरू' शब्दको मिलनपश्चात् बन्ने 'छोराहरू' ले बहुवचनलाई जनाउँछ तर मगर (ढुट) भाषामा त्यही छोरो लाई 'लेन्जा मिजा' भन्ने गरेको पाइन्छ । उक्त 'लेन्जा मिजा' मा 'को' रूपको मिलनपश्चात् बन्ने 'लेन्जा मिजाको' ले बहुवचन जनाएको पाइन्छ । यसबाट यो स्पष्ट हुन्छ कि मगर (ढुट) भाषामा एकवचनमा रहेको रूपमा कुनै परिवर्तन नगरी 'को' रूपमात्र थपेपछि बहुवचनमा परिणत हुन्छ तर नेपाली भाषामा एकवचनमा रहेको कोशीय रूप 'छोर्' मा व्याकरणिक रूप 'ओ' लाई 'आ' मा परिवर्तन गरी 'हरू' थप्नुपर्ने देखिन्छ । मगर (ढुट) भाषामा वचनगत आधारमा वाक्यरचना गर्ने नियम र नेपाली भाषामा वचनगत

आधारमा वाक्यरचना गर्ने नियम फरकफरक भएकोले मगर (ढुट) मातृभाषीहरूले उक्त त्रुटि गर्ने गरेको पाइन्छ ।

मगर (ढुट) भाषीहरूले एकवचनबाट बहुवचनमा लैजाँदा मात्र नभई बहुवचनमा रहेको शब्दलाई एकवचनमा लैजाँदा पनि बढी मात्रामा त्रुटि गरेको पाइन्छ । जस्तै : 'चराहरूलाई' एकवचनमा लैजाँदा 'चरो' भन्नुपर्नेमा 'चरा' भनेको पाइयो । यसो हुनुमा पनि मातृभाषाको प्रभाव परेको देखिन्छ । चराहरूलाई मगर (ढुट) भाषामा 'ग्वाजाको' भन्ने गरेको पाइयो । त्यही बहुवचनको रूपमा रहेको 'चराहरूलाई' एकवचनमा लैजाँदा चरो बनाइन्छ । यसमा चर् + आ + हरू गरेर 'चराहरू' (बहुवचन) रहेकोमा पछाडिको 'हरू' हटाई 'चर्' मा मिलन भएको 'आ' लाई 'ओ' को रूपमा बदलिएको पाइन्छ । यसरी बनेको'चरो' शब्द नै एकवचन हो । मगर भाषामा बहुवचनको रूपमा रहेको 'ग्वाजाको' शब्दमा शब्दान्तको 'को' हटाएपछि बाँकि रहेको 'ग्वाजा' चाहिँ एकवचनको रूपमा प्रयोग गरेको पाइयो । यी कारणहरूले गर्दा मगर (ढुट) मातृभाषीहरूले नेपाली भाषामा बहुवचनबाट एकवचनमा लैजाँदा त्रुटि गरेको कुरा प्रस्ट हुन्छ ।

मगर (ढुट) मातृभाषीहरूले नेपाली भाषाको उच्चारणमा गर्ने पदसङ्गतिगत त्रुटिहरू पहिचान तथा विश्लेषणका लागि पदावलीगत आधारलाई लिइएको छ । पादवलीगत आधारमा हेर्दा मगर मातृभाषी विद्यार्थीहरूले 'रीता बजार गई ।' भन्नुपर्नेमा 'रीता बजार गयो ।' भन्ने जस्ता वाक्यहरूको प्रयोग गरेको पाइयो । यसमा पदसङ्गतिगत त्रुटि पाइन्छ । उक्त वाक्यमा कर्ताको रूपमा स्त्रीलिङ्गी शब्द रीता प्रयोग भएको छ । यस्तो अवस्थामा कर्ताअनुसारको क्रियापद (गई) प्रयोग गर्नुपर्नेमा उपयुक्त क्रियापदको प्रयोग नगरेको पाइयो । विद्यार्थीले निर्माण गरेको 'रीता बजार गयो ।' वाक्यमा कर्ता र क्रियाबीच मेल पाइँदैन । यो नै पदसङ्गतिगत त्रुटि हो । त्यसैगरी मगर (ढुट) मातृभाषी विद्यार्थीहरूले स्त्रीलिङ्गी वाक्य 'सलिनाले दाउरा काटी ।' लाई पुलिङ्गमा लैजाँदा 'महेन्द्रले दाउरा काटी ।' बनाएको पाइयो । मगर (ढुट) भाषाको वाक्यमा लिङ्भेद गरेर क्रियापदको प्रयोग नगरेको पाइयो । तसर्थ मगर मातृभाषीहरूले नेपाली भाषाको वाक्यमा पनि लिङ्गभेद नगरीकन क्रियापदको प्रयोग गरेको कुरा माथिको तथ्याङ्कबाट प्रस्ट हुन्छ ।

मगर (ढुट) मातृभाषीहरूले नेपाली भाषाको उच्चराणमा गर्ने वाक्यरचनागत त्रुटिहरूको पहिचान तथा विश्लेषणका लागि आंशिक/सीमित त्रुटि र व्यापक/समग्रात्मक

त्रुटिको आधारमा अध्ययन गरिएको छ । आंशिक/सीमित त्रुटिको आधारमा हेर्दा मगर मातृभाषी विद्यार्थीहरूले 'साथीहरू किताब पढ्छन् ।' भन्नुपर्नेमा 'साथीहरू किताब पढ्छ ।' भनेको पाइयो । यसमा पनि मातृभाषाको प्रभाव परेको पाइयो किनकि मगर (ढुट) भाषामा पढ्छन् र पढ्छ दुवैलाई 'पढिस्ले' भन्ने गरेको पाइयो । यसरी मगर (ढुट) भाषाको व्याकरणात्मक नियम र नेपाली भाषाको व्याकरणात्मक नियममा भिन्नता रहेकोले गर्दा मगर (ढुट) मातृभाषी विद्यार्थीहरूले कुनै विषयसँग सम्बन्धित रहेर उक्त विषयको वर्णन गर्दा व्यापक/समग्रात्मक त्रुटि गरेको पाइयो ।

समग्रमा मगर (ढुट) भाषी विद्यार्थीहरूले नेपाली भाषाको विभिन्न क्षेत्रमा उच्चारणगत त्रुटि गरेको पाइन्छ । 'य' वर्णको प्रयोग भएको शब्दको उच्चारण गर्दा 'ए' उच्चारण गरेको पाइयो । जस्तै : परिचय (परिचए), भय (भए), समय (समए), विषय (विषए), विद्यालय (विद्यालए) आदि । शब्दान्तमा प्रयोग भएको वर्णलाई हलन्त उच्चारण गर्नुपर्नेमा अजन्त नै उच्चारण गरेको पाइयो । जस्तै : सामान् (सामान), हिमाल् (हिमाल), पहाड् (पहाड), बेठिक् (बेठिक), असल् (असल) आदि । एकवचनमा रहेको शब्दलाई बहुवचनमा परिवर्तन गर्ने क्रममा कोशीय रूप (जस्तै : छोर्, केट् आदि) मा मिलन भएको व्याकरणिक रूप 'ओ' लाई 'आ' मा परिवर्तन गर्नुपर्नेमा परिवर्तन नगरीकन त्यसैमा 'हरू' थपेको पाइयो । जस्तै : छोरोहरू, केटोहरू, चरोहरू आदि । बहुवचनलाई एकवचनमा परिवर्तन गर्ने क्रममा पनि दिइएको कोशीय रूपमा व्याकरणिक रूप 'आ' लाई 'ओ' मा परिवर्तन नगरी 'हरू' मात्र हटाएको पाइन्छ । जस्तै : चरा, माछा, केटा आदि । पुलिङ्गलाई स्त्रीलिङ्ग बनाउने क्रममा पनि कर्ता पदमा मात्र परिवर्तन गरी क्रियापदमा चाहिँ जस्ताको तस्तै राखेको पाइयो । जस्तै : रीता बजार गयो ।, सुनिताले बजारबाट मिठाई ल्यायो ।, रीमाले घाँसको भारी बोक्यो आदि । त्यसैगरी स्त्रीलिङ्गलाई पुलिङ्ग बनाउने क्रममा पनि कर्ता मात्र परिवर्तन गरी अरु जस्ताको तस्तै राखेको पाइयो । जस्तै : राम इमानदार छिन्, हरि गृहकार्य लेख्छे, राम खेल खेल्छे आदि । वाक्यरचनाको क्रममा पनि कर्ता, कर्म र क्रियाको क्रम नमिलेको देखिन्छ । जस्तै : मेरो गाउँको नाम हो आधामारा, मेरो विद्यालयको नाम हो ..............। यसरी मगर (ढुट) मातृभाषीहरूबाट पाइएको उच्चारणगत त्रुटिलाई माथिको तालिकाहरूमा पनि देखाइएको छ । उक्त तालिकाबाट मगर (ढुट) भाषीहरूले उच्चारणमा गर्ने वर्णविन्यासगत त्रुटि, पदसङ्गतिगत त्रुटि र वाक्यरचनागत त्रुटि पाइन्छ ।

# निष्कर्ष

बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक तथा बहुजातीय मुलुक नेपालमा नेपालको जनगणना २०६८अनुसार यहाँ १२३ ओटा भाषाहरू बोल्ने गरेको पाइन्छ । तीमध्ये मगर (ढुट) भाषा पनि एक हो । मगर (ढुट) मातृभाषीहरूले नेपाली भाषालाई दोस्रो भाषाको रूपमा सिक्ने गरेको पाइन्छ । मगर (ढुट) भाषी विद्यार्थीहरूले नेपाली भाषा सिक्ने क्रममा विविध क्षेत्रमा त्रुटि गर्ने गर्छन् । त्यस्ता त्रुटिहरूको पहिचान गरी निराकरण गरेमा भाषा सिकाइ प्रभावकारी र उद्देश्यपूर्ण हुन्छ । प्रस्तुत शोधपत्र मगर (ढुट) मातृभाषी विद्यार्थीहरूले नेपाली भाषाको उच्चारणमा के-कस्ता त्रुटिहरू गर्छन् भन्ने कुरामा केन्द्रित रहेको छ ।

मगर (ढुट) मातृभाषी विद्यार्थीहरूले नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिहरूको पहिचान गरी विश्लेषण गर्ने उद्देश्यले गरिएको यस अध्ययनबाट प्राप्त निष्कर्षलाई देहायबमोजिमका बुँदाहरूमार्फत प्रस्तुत गरिएको छ :

१) मगर (ढुट) मातृभाषीहरूले शब्दहरूको उच्चारण गर्ने क्रममा सबैभन्दा बढी शब्दान्तमा 'य' को प्रयोग भएको शब्दको उच्चारणमा त्रुटि गरेको पाइन्छ । शब्दान्तमा 'य' को प्रयोग भएको ठाउँमा 'ए' उच्चारण गरिएको पाइन्छ । जस्तै : विषय (विषए), परिचय (परिचए), विद्यालय (विद्यालए) आदि । तीमध्ये 'विद्यालय' शब्दको उच्चारणमा ८१.८२ प्रतिशत र समय, महोदय, विषय तथा निश्चय शब्दहरूमा प्रत्येकमा ७७.२७ प्रतिशत विद्यार्थीहरूले त्रुटिपूर्ण उच्चारण गरेका छन्,

२) शब्दान्तमा लेख्य भाषामा अजन्त लेखिए तापनि हलन्त उच्चारण गर्नुपर्ने ठाउँमा अजन्त नै उच्चारण गरेको पाइन्छ । जस्तै : सामान् (सामान), हिमाल् (हिमाल), पहाड् (पहाड), असल् (असल), खराब् (खराब) आदि,

३) आधा अक्षर प्रयोग भएको शब्द उच्चारण गर्न लगाउँदा आधा अक्षरलाई पनि सग्ला अक्षर जसरी नै उच्चारण गरिएको पाइन्छ । जस्तै : सभ्य (सभए), ध्यान (धयान) आदि,

४) एकवचनलाई बहुवचनमा रूपान्तरण गर्दा रूप परिवर्तनमा समस्या देखिएको पाइन्छ । जस्तै : छोराहरू (छोरोहरू), केटाहरू (केटोहरू), चराहरू (चरोहरू), भ्यागुताहरू (भ्यागुतोहरू) आदि,

५) एकवचनमा रहेका दशओटा नामपदलाई बहुवचनमा लैजाने क्रममा सबैभन्दा बढी छोरो र केटो मा त्रुटि गरेको पाइन्छ । यसमा 'छोरो' बाट 'छोराहरू' बनाउनुपर्नेमा 'छोरोहरू' र 'केटो' बाट 'केटाहरू' बनाउनुपर्नेमा 'केटोहरू' बनाएको पाइन्छ । ती दुवैमा ९०.९० प्रतिशत विद्यार्थीहरूले त्रुटिपूर्ण उच्चारण गरेका छन्,

६) मगर (ढुट) मातृभाषी विद्यार्थीहरूले बहुवचनबाट एकवचनमा रूपान्तरण गर्ने क्रममा पनि त्रुटि गरेको भेटिन्छ । यसमा सबैभन्दा बढी 'माछाहरू र केटाहरू' लाई एकवचनमा लैजाने क्रममा त्रुटिपूर्ण उच्चारण गरेको पाइन्छ; जसमा 'माछाहरू र केटाहरू' लाई एकवचनमा परिवर्तन गर्दा क्रमशः 'माछो र केटो' हुनुपर्नेमा 'माछा र केटा' बनाएका छन् । 'माछाहरू र केटाहरू' लाई एकवचनमा रूपान्तरण गर्ने क्रममा ८१.८२ प्रतिशत विद्यार्थीहरूले त्रुटिपूर्ण उच्चारण गरेको पाइन्छ,

७) पुलिङ्गलाई स्त्रीलिङ्ग बनाउने क्रममा 'श्यामले घाँसको भारी बोक्यो । भाइले मिठाई खायो । मोहनले गीत गायो ।' जस्ता वाक्यहरूलाई क्रमशः 'रीमाले घाँसको भारी बोक्यो । बहिनीले मिठाई खायो । र सीताले गीत गायो ।' जस्ता वाक्यहरूमा परिणत गरेको पाइयो । उक्त तीनओटा वाक्यको स्त्रीलिङ्गी वाक्य बनाउने क्रममा शतप्रतिशत विद्यार्थीहरूले त्रुटिपूर्ण उच्चारण गरेका छन्,

८) स्त्रीलिङ्गको प्रयोग भएको वाक्यलाई पुलिङ्गमा बदल्ने क्रममा पनि थुप्रै त्रुटिहरू भेटिन्छ । स्त्रीलिङ्गलाई पुलिङ्गमा बदल्नका लागि प्रयोग गरिएका आठओटा वाक्यहरूमध्ये सबैभन्दा बढी 'अनिता बहिनीलाई पढ्न सिकाउँछे ।' वाक्यलाई पुलिङ्गमा बदल्दा त्रुटिपूर्ण उच्चारण गरेको पाइन्छ ।

उक्त वाक्यलाई पुलिङ्गमा बदल्ने क्रममा ८६.३६ प्रतिशत विद्यार्थीहरूले त्रुटिपूर्ण उच्चारण गरेका छन्,

९) पदसङ्गतिगत रूपमा अशुद्ध रहेका वाक्यहरूलाई शुद्ध बनाउने क्रममा पनि त्रुटि गरेको पाइन्छ । यसमा 'चराहरू आकाशमा उड्यो ।' वाक्यलाई शुद्ध बनाउने क्रममा सबैभन्दा बढी त्रुटि गरेको पाइन्छ । उक्त वाक्यमा ८६.३६ प्रतिशत विद्यार्थीहरूले त्रुटिपूर्ण उच्चारण गरेको पाइन्छ,

१०) खुला प्रश्नावलीद्वारा प्राप्त विवरणअनुसार विद्यार्थीहरूले नेपाली भाषाको व्याकरणात्मक नियमानुसारको वाक्य संरचना निर्माण गर्न नसकेको देखिन्छ । विद्यार्थीहरूले कर्ताअनुसारको क्रियापदको प्रयोग नगरेको देखिन्छ । 'जान्छु र खेल्छु' हुनुपर्नेमा क्रमशः 'जान्छ र खेल्छ' प्रयोग गरेको पाइन्छ,

११) 'तपाईंको नाम के हो ?' भन्ने जस्ता सरल प्रश्नहरूको उत्तर दिने क्रममा भने विद्यार्थीहरूले सही तरिकाले वाक्यगठन गरेको पाइन्छ,

१२) वर्णनात्मक शैलीको प्रस्तुतिमा विद्यार्थीहरूले व्यापक त्रुटि गरेको पाइन्छ । नेपाली भाषा र मगर (ढुट) भाषाको व्याकरणात्मक नियम एकआपसमा मेल नखाने भएकोले यस्तो खालको त्रुटिहरू भएको देखिन्छ । उदाहरणको रूपमा एकवचनलाई बहुवचनमा परिवर्तन गर्ने नियमलाई हेर्दा पनि नेपाली भाषामा बहुवचन बनाउँदा प्रायजसो शब्दान्तमा आउने 'ओ' रूपलाई 'आ' मा परिवर्तन गरी 'हरू' थपेको पाइयो तर मगर (ढुट) भाषामा एकवचनमा रहेको रूपलाई जस्ताको तस्तै राखी 'को' थपेर बहुवचन बनाएको पाइयो । जस्तै :

**तलिका सङ्ख्या ८.१. नेपाली भाषा र मगर (ढुट) भाषाबीच व्याकरणात्मक नियममा भिन्नता**

| | एकवचन | बहुवचन |
|---|---|---|
| नेपाली भाषा | छोरो<br>केटो<br>चरो<br>गोरु<br>गाई<br>केटी<br>छोरी<br>माछो | छोराहरू<br>केटाहरू<br>चराहरू<br>गोरुहरू<br>गाईहरू<br>केटीहरू<br>छोरीहरू<br>माछाहरू |
| मगर (ढुट) भाषा | लेन्जा मिजा<br>लेन्जा<br>ग्वाजा<br>ठोर<br>न्हेट<br>मास्टो<br>मास्टो मिजा<br>डिस्या | लेन्जा मिजाको<br>लेन्जाको<br>ग्वाजाको<br>ठोरको<br>न्हेटको<br>मास्टोको<br>मास्टो मिजाको<br>डिस्याको |

स्रोत : स्थलगत अध्ययन (२०७९) ।

१३) विद्यार्थीहरूमा नेपाली भाषाको उच्चारण गर्दा विभिन्न किसिमका त्रुटिहरू देखापर्नुमा भाषा शिक्षकहरू परम्परागत शिक्षण पद्धतिलाई त्यागेर आधुनिक शिक्षण पद्धतिलाई अँगाल्न नसक्नु पनि एउटा कारण बनेको देखिन्छ,

१४) नेपाली भाषामा लिङ्गभेद गरेर क्रियापदको प्रयोग गरिने तर मगर (ढुट) भाषामा लिङ्गभेद गरेर क्रियापदको प्रयोग नगरिने हुनाले पनि मगर (ढुट) मातृभाषी विद्यार्थीहरूले नेपाली भाषाको उच्चारणमा त्रुटि गरेको पाइन्छ । जस्तै :

**तालिका सङ्ख्या ८.२. लिङ्गगत वाक्यरचना**

| | पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|---|
| नेपाली भाषा | भाइ नुहाउन गयो ।<br>श्याम किताब पढ्छ ।<br>हरि घाँस काट्छ । | बहिनी नुहाउन गई ।<br>रीना किताब पढ्छे ।<br>गीता घाँस काट्छे । |
| मगर (ढुट) भाषा | भाइ नढिस्के नुङा ।<br>श्याम पोस्टक पढिस्ले ।<br>हरि घाँस चेले । | बहिनी नढिस्के नुङा ।<br>रीना पोस्टक पढिस्ले ।<br>गीता घाँस चेले । |

स्रोत : स्थलगत अध्ययन (२०७९) ।

१५) नेपाली भाषामा वचनको आधारमा क्रियापद परिवर्तन हुने तर मगर (ढुट) भाषामा वचनका आधारमा क्रियापद परिवर्तन नहुने भएकोले पनि मगर (ढुट) मातृभाषी विद्यार्थीहरूले नेपाली भाषाको उच्चारणमा त्रुटि गरेको देखिन्छ । जस्तै :

**तालिका सङ्ख्या ८.३. वचनको आधारमा वाक्यरचना**

| | एकवचन | बहुवचन |
|---|---|---|
| नेपाली भाषा | चरो आकाशमा उड्छ ।<br>साथी किताब पढ्छ ।<br>सानो भाइ चकटीमा बस्छ ।<br>केटी भुइँमा बस्छे । | चराहरू आकाशमा उड्छन् ।<br>साथीहरू किताब पढ्छन् ।<br>साना भाइहरू चकटीमा बस्छन् ।<br>केटीहरू भुइँमा बस्छन् । |
| मगर (ढुट) भाषा | ग्वाजा आकाशाङ् भुर्ले ।<br>लाफा पोस्टक पढिस्ले ।<br>मार्च भाइ चकटीआङ् मुले ।<br>मास्टो भ्काआङ् मुले । | ग्वाजाको आकाशाङ् भुर्ले ।<br>लाफाको पोस्टक पढिस्ले ।<br>मार्च भाइको चकटीआङ् मुले ।<br>मास्टोको भ्काआङ् मुले । |

स्रोत : स्थलगत अध्ययन (२०७९) ।

१६) नेपाली भाषामा पुरुषको आधारमा क्रियापदको प्रयोग हुने तर मगर (ढुट) भाषामा पुरुषको आधारमा क्रियापद परिवर्तन नहुने भएकोले पनि मगर

(ढुट) भाषी विद्यार्थीहरूले नेपाली भाषाको उच्चारणमा त्रुटि गरेको देखिन्छ । जस्तै :

**तालिका सङ्ख्या ८.४. पुरुषको आधारमा वाक्यरचना**

| | **प्रथम पुरुष** | **द्वितीय पुरुष** | **तृतीय पुरुष** |
|---|---|---|---|
| नेपाली भाषा | म खाना खान्छु ।<br>म विद्यालय जान्छु ।<br>म कुखुरा पाल्छु । | तिमी खाना खान्छौ ।<br>तिमी विद्यालय जान्छौ ।<br>तिमी कुखुरा पाल्छौ । | ऊ खाना खान्छ ।<br>त्यो विद्यालय जान्छ ।<br>यो कुखुरा पाल्छ । |
| मगर (ढुट) भाषा | ङा ज्याट ज्याले ।<br>ङा सिपाल नुङ्ले ।<br>ङा ग्वा कोक्ले । | नाकु ज्याट ज्याले ।<br>नाकु सिपाल नुङ्ले ।<br>नाकु ग्वा कोक्ले । | आसे ज्याट ज्याले ।<br>होसे सिपाल नुङ्ले ।<br>इसे ग्वा कोक्ले । |

स्रोत : स्थलगत अध्ययन (२०७९) ।

नेपालको जनगणना २०६८ को तथ्याङ्कबमोजिम १२३ ओटा भाषाहरू बोल्ने गरेको नेपालमा ती १२३ ओटा भाषीहरूका लागि नेपाली भाषा दोस्रो भाषा अर्थात् लक्ष्य भाषा हो । दोस्रो भाषा वा लक्ष्य भाषाको रूपमा जुनसुकै भाषा प्रयोग गरे तापनि भाषिक सिकारुले स्वाभाविक रूपमा नै त्रुटि गर्छन् । यस अध्ययनमा मगर (ढुट) भाषीहरूले नेपाली भाषाको सिकाइमा गर्ने त्रुटिको बारेमा अध्ययन, विश्लेषण गरिएको छ । मगर (ढुट) भाषी विद्यार्थीहरूले नेपाली भाषा सिक्ने क्रममा गर्ने वर्णविन्यारगत त्रुटि, पदसङ्गतिगत त्रुटि र वाक्यरचनागत त्रुटिको अध्ययन गर्दा 'य' वर्णको प्रयोग भएको शब्दको उच्चारण गर्दा 'ए' उच्चारण गरेको पाइएको छ । शब्दान्तमा प्रयोग भएको वर्णलाई हलन्त उच्चारण गर्नुपर्नेमा अजन्त नै उच्चारण गरेको पाइएको छ । एकवचनमा रहेको शब्दलाई बहुवचनमा परिवर्तन गर्ने क्रममा र बहुवचनलाई एकवचनमा परिवर्तन गर्ने क्रममा पनि त्रुटि गरेको पाइएको छ । पुलिङ्गलाई स्त्रीलिङ्ग बनाउने क्रममा पनि कर्ता पदमा मात्र परिवर्तन गरी क्रियापदमा चाहिँ जस्ताको तस्तै राखेको त्यसैगरी स्त्रीलिङ्गलाई पुलिङ्ग बनाउने क्रममा पनि कर्ता मात्र परिवर्तन गरी अरु जस्ताको तस्तै राखेको पाइएको छ । मगर (ढुट) भाषामा लिङ्गभेद गरेर क्रियापदको प्रयोग नगरिने र पुरुष तथा वचनको आधारमा क्रियापद परिवर्तन नहुने हुनाले मगर (ढुट) मातृभाषी विद्यार्थीहरूले नेपाली भाषामा त्रुटि गरेको पाइएको छ ।

# सुझाव

भाषा सिकाइ एक जटिल कार्य हो । भाषाका विविध नियमहरू हुन्छन् । भाषाको प्रयोग गर्दा नियमसङ्गत ढङ्गले प्रयोग गर्नुपर्ने भएकोले भाषा सरल र सहज तरिकाले सिक्न तथा सिकाउन सक्ने सम्भावना देखिँदैन । जुनसुकै भाषालाई पनि दोस्रो भाषाको रूपमा सिक्ने सिकारुहरूले सहजै शुद्ध रूपमा प्रयोग गर्न सक्दैनन् तसर्थ मगर (ढुट) मातृभाषीहरूले दोस्रो भाषाको रूपमा नेपाली भाषाको प्रयोग गर्दा त्रुटि गर्नु स्वाभाविक देखिन्छ ।

मगर (ढुट) भाषी विद्यार्थीहरूले दोस्रो भाषाको रूपमा नेपाली सिक्ने क्रममा अन्य क्षेत्रका साथै उच्चारण क्षेत्रमा पनि प्रशस्त त्रुटि गरेको पाइन्छ । त्यस्ता त्रुटिहरूको अध्ययन तथा विश्लेषण गरी निराकरण गरेपश्चात् मात्र नेपाली भाषाको सिकाइमा शुद्धीकरण आउने देखिन्छ । यहाँ मगर (ढुट) भाषी विद्यार्थीहरूले नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिहरूको पहिचान, वर्गीकरण र विश्लेषण गरी ती त्रुटिहरूको निराकरण गर्न तथा शुद्ध नेपाली भाषाको उच्चारण गराउन देहायबमोजिमका सुझावहरू प्रस्तुत गरिएको छ :

क) विद्यालयमा भाषा शिक्षण गर्ने क्रममा तल्लो तह वा कक्षादेखि नै भाषाको विषयवस्तुलाई भन्दा पनि भाषिक सिपहरू (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) मा बढी जोड दिई सिकाइ सहजीकरण गर्नुपर्ने देखिन्छ,

ख) नेपाली भाषा शिक्षणका लागि मगर (ढुट) भाषा र नेपाली भाषा दुवैको राम्रो ज्ञान भएको शिक्षकको व्यवस्था गर्नुपर्छ,

ग) भाषासम्बन्धी तालिम प्राप्त, दक्ष र कुशल शिक्षकको व्यवस्था गर्नुपर्छ,

घ) सिकाइ सहजकर्ताले पनि स्तरीय नेपाली भाषा बोल्ने र सिकारुलाई पनि स्तरीय नेपाली भाषा बोल्न प्रेरित गर्नुपर्छ,

ङ) पर्याप्त मात्रामा प्रश्नोत्तर, शब्दोच्चारण, श्रुति लेखन जस्ता कार्यकलापहरू गराई भाषा सिकाउनुपर्ने देखिन्छ,

च) सिकारुहरूले भाषा सिक्ने क्रममा गरेका त्रुटिहरूको पहिचान तथा विश्लेषण गरी आवश्यक मात्रामा उपचारात्मक शिक्षण गर्नुपर्दछ,

छ) भाषा शिक्षण गर्दा विद्यार्थी केन्द्रित विधिको अवलम्बन गरी पर्याप्त मात्रामा शैक्षणिक सामग्रीहरूको प्रयोगद्वारा विद्यार्थीमैत्री वातावरणमा सिकाउनु पर्दछ,

ज)	स्तरीय नेपाली भाषाको उच्चारणका लागि सुनाइ तथा बोलाइ सिपमा आधारित रहेर यथेष्ट अभ्यास गराउनु पर्दछ,

झ)	निर्माणात्मक मूल्याङ्कन विधिद्वारा विद्यार्थीहरूले स्तरीय नेपाली भाषाको उच्चारणमा गर्ने गरेका त्रुटिहरू समयमा नै पहिल्याई तत्काल निराकरण गरिएमा स्तरीय नेपाली उच्चारण गराउन सकिने देखिन्छ,

ञ)	नेपाली भाषाका व्याकरणलाई छुट्टै नसिकाई पाठ्य तथा कार्यपुस्तकमा समावेश गरिएको विषयवस्तुसँगै एकीकृत गराएर सिकाउनु पर्छ,

ट)	कथा वाचन, कविता वाचन, वक्तृत्वकला, वादविवाद जस्ता अतिरिक्त क्रियाकलापहरू प्रशस्त मात्रामा गराएर पनि नेपाली भाषाको उच्चारणमा शुद्धता ल्याउन सकिने देखिन्छ,

ठ)	बहुभाषिक शिक्षकको व्यवस्था गरी लक्ष्य भाषालाई स्रोत भाषामा अनुवाद गरेर पनि नेपाली भाषा सिकाउन सकिने देखिन्छ,

ड)	भाषा शिक्षण गर्ने शिक्षकहरूलाई समयसमयमा तालिमको व्यवस्था गर्नुपर्छ,

ढ)	मगर (ढुट) मातृभाषीहरूले प्रशस्त मात्रामा वर्णविन्याससम्बन्धी त्रुटिहरू गर्ने भएकोले नेपाली भाषाका शिक्षकले प्रशस्त मात्रामा वर्णविन्याससम्बन्धी अभ्यास गराउनुपर्छ,

ण)	नेपाली भाषाको शिक्षण गर्ने शिक्षकले मगर (ढुट) भाषाको व्याकरणात्मक नियमसम्बन्धी पनि जानकारी प्राप्त गरी नेपाली भाषा र मगर (ढुट) भाषाको व्याकरणात्मक नियमबीच पाइने अन्तरबारे जानकारी प्राप्त गर्नुपर्छ र सोही बमोजिम भाषा शिक्षण गर्नुपर्छ ।

भाषा सिकाइ जटिल कार्य भए तापनि भाषा विषयको शिक्षण गर्दा विषयवस्तुलाई भन्दा पनि भाषिक सिपलाई बढी जोड दिएर सिकाइ सहजीकरण गरिएमा भाषा सिकाइ प्रभावकारी हुने देखिन्छ । भाषा सिकाइ कार्यलाई प्रभावकारी बनाउनका लागि बहुभाषिक तथा बहुभाषा सम्बन्धमा तालिम प्राप्त शिक्षकको व्यवस्था गर्नुपर्ने देखिन्छ । मुख्य विषय नेपाली लिएर अध्ययन गरेका शिक्षकहरूमा भाषासम्बन्धी विविध ज्ञान हुने भएकोले नेपाली विषय अध्यापनका लागि मुख्य विषय नेपाली लिएर अध्ययन गरेको साथै मगर (ढुट) भाषाको व्याकरणको बारेमा पनि ज्ञान भएको शिक्षकको व्यवस्थापन गर्नुपर्छ । भाषा शिक्षकले भाषा सिकाउने क्रममा विद्यार्थीले गर्ने त्रुटिको पहिचान गरी सुधारात्मक तथा

उपचारात्मक विधिबाट शिक्षण गर्नु जरुरी हुन्छ । मगर (ढुट) मातृभाषा भएका विद्यार्थीहरूलाई नेपाली भाषा सिकाउँदा शिक्षकले नेपाली भाषाको व्याकरणिक नियम मात्र नभई मगर (ढुट) भाषाको व्याकरणिक नियमसम्बन्धी पनि जानकारी लिनुपर्ने देखिन्छ किनकि मगर भाषाको व्याकरणिक नियम र नेपाली भाषाको व्याकरणिक नियममा केही फरक रहेको छ । मगर (ढुट) भाषाको व्याकरणिक नियमसम्बन्धी पनि जानकारी लिएर मगर (ढुट) भाषी विद्यार्थीहरूले नेपाली भाषा सिक्ने क्रममा गर्ने त्रुटिको क्षेत्र पहिल्याई सोहीबमोजिम उपचारामक तथा सुधारात्मक शिक्षण गरिएमा पनि भाषा सिकाइ प्रभावकारी हुने देखिन्छ ।

## उपादेयता

प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा तीनओटा विद्यालयको जम्मा २२ जना मगर (ढुट) भाषी विद्यार्थीहरूको नेपाली भाषा उच्चारणसम्बन्धी अध्ययन गर्दा वर्ण तथा शब्द उच्चारणमा पर्याप्त त्रुटिहरू गरेको फेला परेको छ । यस अध्ययन कार्यबाट प्राप्त गर्न सकिने उपादेयताहरूलाई देहायबमोजिम प्रस्तुत गर्न सकिन्छ :

१. यस अध्ययनले मगर (ढुट) भाषी विद्यार्थीहरूले वर्ण तथा शब्द उच्चारणमा गर्ने त्रुटिहरूको पहिचान गरी शिक्षण गर्न मार्गनिर्देश गर्ने छ,

२. यस अध्ययनले उच्चारण शिक्षणका लागि उपयोगी शैक्षणिक सामग्रीको निर्माणमा सहयोग गर्ने छ,

३. यस अध्ययन कार्यले भाषा शिक्षणका क्रममा त्रुटि विश्लेषणसँग सम्बन्धित अध्ययन अनुसन्धान गर्नका लागि आधार प्रदान गर्ने छ,

४. यस अध्ययनले भाषा शिक्षणका लागि उपयुक्त शिक्षण विधिको छनोट गर्न सहयोग गर्ने छ,

५. यस अध्ययनले दोस्रो भाषी सिकारुको भाषा सिकाइको प्रक्रियाबारे जानकारी प्राप्त गर्न सहयोग पुऱ्याउने छ,

६. यस अध्ययनले सिकारुको रुचि, क्षमता, स्तर र आवश्यकताअनुसार दोस्रो भाषा शिक्षणका लागि उपयोगी सामग्री, विधि तथा पद्धतिको छनोट गर्न सहयोग गर्ने छ,

७. यस अध्ययनबाट मगर (ढुट) भाषी विद्यार्थीहरूको नेपाली भाषासँग सम्बन्धित उच्चारणगत त्रुटिको कारण पहिल्याई निराकरणका लागि सुझाव प्राप्त गर्न सकिन्छ; जसले गर्दा दोस्रो भाषा वा लक्ष्य भाषाको सिकाइ प्रभावकारी बन्ने छ,

८. यस अध्ययनले विद्यालय हाताभित्र सिकाइ सहजकर्ता तथा सिकारु दुवै पक्षले स्तरीय नेपाली भाषाको प्रयोग गर्नुपर्ने सोचको विकास गर्ने छ,

९. बहुभाषिक कक्षा शिक्षण गर्न मार्गनिर्देश गर्ने छ ।

अन्य अध्ययन अर्थात् शोध कार्यको जस्तै यस अध्ययनको पनि विविध उपादेयता रहेको छ । यस अध्ययनबाट मगर (ढुट) भाषी विद्यार्थीहरूले नेपाली भाषाको सिकाइमा गर्ने त्रुटिको पहिचान गरी प्रभावकारी शिक्षण गर्न मार्गनिर्देश गर्नुका साथै उपयुक्त शिक्षण विधिको छनोट गर्न मद्दत गर्ने छ । यस अध्ययनले मगर (ढुट) भाषी विद्यार्थीहरूले नेपाली भाषाको सिकाइमा त्रुटि गर्नुका कारणहरू पहिल्याई उक्त त्रुटि निराकरणका लागि अपनाउन सकिने उपाय खोजी गर्न सहयोग गर्ने छ । यस अध्ययनले दोस्रो भाषा सिक्ने सिकारुहरूको भाषा सिकाइ प्रक्रियाबारे जानकारी प्राप्त गरी दोस्रो भाषा सिकाइका लागि उपयुक्त सामग्री निर्माण, छनोट तथा प्रयोगमा मद्दत गर्नुका साथै त्रुटि विश्लेषणसँग सम्बन्धित अध्ययन अनुसन्धान गर्न आधार प्रदान गर्ने छ ।

## भावी शोधका लागि सम्भावित शीर्षकहरू

प्रस्तुत शोधकार्यबाट अन्य विभिन्न शीर्षकहरूमा आधारित रहेर समेत अध्ययन अनुसन्धान गर्न सकिने छ । त्यस्ता अध्ययन गर्न सकिने सम्भावित शीर्षकहरू देहायबमोजिम छन् :

१. मगर (ढुट) भाषी विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा गर्ने वर्णविन्यासगत त्रुटिको विश्लेषण,

२. अठार मगरात र बाह्र मगरात क्षेत्रका मगर (ढुट) भाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमतासम्बन्धी तुलनात्मक अध्ययन,

३. धादिङ जिल्लाका आधारभूत तहका मगर (ढुट) भाषी विद्यार्थीहरूले नेपाली भाषाको वाक्यगठनमा गर्ने त्रुटिको अध्ययन,

४. आधारभूत तहका मगर (ढुट) भाषी विद्यार्थीहरूले नेपाली भाषाको रूपायन प्रक्रियामा गर्ने त्रुटिको विश्लेषण,

५. आधारभूत तहका मगर (ढुट) भाषी विद्यार्थीहरूले नेपाली भाषाको व्याकरणिक कोटीमा गर्ने त्रुटिको विश्लेषण ।

# सन्दर्भ सामग्री सूची


अधिकारी, बलराम (सन् २०११), *अ ट्रिलिङ्गुअल डिक्सनरी अफ द मगर ल्याङ्ग्वेज (अठार मगरात),* जित बहादुर पुन मगर, काठमाडौँ : गौमुखी अपसेट प्रेस ।

अधिकारी, विष्णुप्रसाद (२०७३/०७४), *निम्न माध्यमिक शिक्षक स्रोत सामग्री,* काठमाडौँ : आशिष बुक हाउस प्रा.लि. ।

अधिकारी, हेमाङ्गराज (२०६५), *सामाजिक र प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

आचार्य, कुशिमला (सन् २०१९), *नेपालमा बोलिने भाषाहरूको परिचय,* इन्टरडिसिप्लिनरी रिसर्च इन एजुकेसन, अङ्क ४, शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर, पृ. २१५-२३०

आदिवासी जनजाति आयोग (२०७६/०७७), *आदिवासी जनजाति आयोगको वार्षिक प्रगति प्रतिवेदन,* ललितपुर : लेखक ।

खनाल, पेशल (२०७७), *शैक्षिक अनुसन्धान पद्धति,* तेस्रो संस्करण, काठमाडौँ : सनलाइट पब्लिकेसन ।

गिरी, जीवेन्द्र देव (२०६९), *भाषा र नेपाली भाषा,* काठमाडौँ : पाठ्य सामग्री पसल ।

घिमिरे, अर्जुन (२०७३), बङ्गाली मातृभाषी विद्यार्थीले नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिहरूको अध्ययन, स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, सुनसरी : जनता बहुमुखी क्याम्पस ।

ढकाल, शान्तिप्रसाद (२०६८), *सामान्य भाषाविज्ञान,* काठमाडौँ : शुभकामना प्रकाशन ।

ढेँगा, दरिसा (२०७५), मगर भाषी विद्यार्थीहरूको स्तरीय नेपाली उच्चारण क्षमता, स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय ।

तामाङ, सम्झना (२०७६), कक्षा पाँचमा अध्ययनरत तामाङभाषी विद्यार्थीहरूले नेपाली भाषा उच्चारणमा गर्ने त्रुटि, स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय ।

निउरे, ध्रुव प्रसाद र घिमिरे, दिनेश (२०७२), *भाषिक अनुसन्धान विधि,* कीर्तिपुर : सनसाइन पब्लिकेसन ।

निरौला, यज्ञेश्वर (सन् २०१७ /१८), नेपालमा मातृभाषाको अवस्था, *प्रवासन,* अङ्क २, नोभेम्बर-अप्रिल, बेलायत : समकालीन साहित्य प्रतिष्ठान, पृ. १-१० ।

नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय (२०५८),*आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८,* काठमाडौँ : लेखक ।

न्यौपाने, टंकप्रसाद र अन्य (२०६७), *सामान्य भाषाविज्ञान,* काठमाडौँ : सनलाईट पब्लिकेसन पराजुली, विणा कुमारी (२०७१), कक्षा नौमा अध्ययनरत चेपाङभाषी विद्यार्थीहरूले नेपाली भाषाको वाक्यगठनमा गर्ने त्रुटिको अध्ययन, स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, ताहाचल : महेन्द्र रत्न क्याम्पस ।

पौडेल, माधव प्रसाद, (२०७३), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू,* (दोस्रो संस्करण), काठमाडौँ : हेरिटेज पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स प्रा.लि. ।

पौडेल, माधव प्रसाद र धामी, खगेन्द्र सिंह (२०७६), *सामाजिक र मनोभाषा विज्ञान,* दोस्रो संस्करण, काठमाडौँ : इन्टेलेक्चुअल्ज बुक प्यालेस ।

पौडेल, राजेन्द्रप्रसाद र भट्टराई, रमेश (२०७७), *नेपालको भाषानीति र योजना आधार,* काठमाडौँ : इन्टेलेक्चुअल्ज बुक प्यालेस ।

पौड्याल, कृष्णविलास (२०७६), *सैद्धान्तिक भाषाविज्ञान,* काठमाडौँ : ट्रिनिटी पब्लिकेशन प्रा.लि. ।

बन्धु, चूडामणि (२०७३), *भाषाविज्ञान,* ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०७४), *सरल माध्यमिक व्याकरण,* काठमाडौँ : तलेजु प्रकाशन ।

बस्याल, तारा प्रसाद (२०६८), स्याङ्जा जिल्ला मालुङ्गा गा.वि.स.का मगर जातिहरूको सामाजिक, आर्थिक तथा सांस्कृतिक अवस्थाको अध्ययन, *स्नातकोत्तर शोधपत्र,* इतिहास तथा संस्कृति विभाग, पोखरा : पृथ्वीनारायण क्याम्पस ।

बैरागी काइँला (२०६२), आदिवासी जनजातिको परिप्रेक्ष्यमा पहिचानको राजनीति र भाषा, *बहा : जर्नल,* ललितपुर : सोसल साइन्स बहा : हिमाल एसोसिएसन ।

भट्ट, भुवनेश्वरी (२०७६), कक्षा पाँचका दार्चुलेलीभाषी विद्यार्थीहरूले नेपाली उच्चारणमा गर्ने त्रुटि, स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय ।

भट्टराई, रमेश (२०७८), बढ्दो अङ्ग्रेजी मोह र मातृभाषाप्रतिको विकर्षण, *नौलो आयाम,* अङ्क २, नेपाली शिक्षा विभाग, कीर्तिपुर, पृ. २३८-२४० ।

भट्टराई, रामप्रसाद (२०७५/०७६), *भाषिक अनुसन्धान विधि : परिचय र प्रयोग,* काठमाडौँ : शुभकामना प्रकाशन प्रा.लि. ।

भाषा आयोग (२०७७), *वार्षिक प्रतिवेदन,* अङ्क ४, काठमाडौँ : लेखक ।

भाषा आयोग (२०७७/७८), *वार्षिक प्रतिवेदन,* अङ्क ५, काठमाडौँ : लेखक ।

भाषा आयोग (२०७८), *सरकारी कामकाजको भाषाका आधारहरूको निर्धारण तथा भाषासम्बन्धी सिफारिसहरू,* काठमाडौँ : भाषा आयोग ।

मगर, कवीराज (२०७४), *मगर जातिको लोकप्रीय नाच 'हुर्रा'* (हुर्रा), दोस्रो संस्करण, काठमाडौँ : क्लासिक प्रिन्टिङ सर्भिस ।

मगर, केशर जङ्ग बराल, (२०६८), *पाल्पा, तनहुँ र स्याङ्जाका मगरहरूको संस्कृति* (दोस्रो मुद्रण) : काठमाडौँ : अस्मिता बुक्स पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

मगर, मीन श्रीस (२०७७), *नेपाली राष्ट्रियताको विकासमा मगर पुजारीहरूको भूमिका,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

मगर, मुना लामिछाने (२०७७), मगर मातृभाषी विद्यार्थीहरूले नेपाली भाषाको पदसङ्गतिमा गर्ने त्रुटिहरूको अध्ययन, स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, मोरङ : सुकुना बहुमुखी क्याम्पस ।

यादव, कमली कुमारी (२०७५), कक्षा आठमा अध्ययनरत मैथिली भाषी विद्यार्थीहरूले स्तरीय नेपाली उच्चारणमा गर्ने त्रुटिहरूको अध्ययन, स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय ।

राउत, कृष्णा कुमारी (२०७४), दाङ जिल्लाका कक्षा पाँचमा अध्ययनरत थारुभाषी विद्यार्थीहरूले स्तरीय नेपाली उच्चारणमा गर्ने त्रुटिको अध्ययन, स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय ।

रिमाल, डिल्लीराम (२०७५), *शिक्षामा मातृभाषाको प्रयोगसम्बन्धी एकीकृत अध्ययन प्रतिवेदन,* काठमाडौँः भाषा आयोग ।

लम्साल, जयप्रसाद (अनु. २०७५), *नेपालमा भाषिक अपसरण अध्ययन प्रतिवेदन* (नेपाली अनुवाद), काठमाडौँ : भाषा आयोग ।

लोप्चन, लोकबहादुर (२०७५), *शिक्षामा मातृभाषाको प्रयोगको सम्भाव्यता,* काठमाडौँ : भाषा आयोग ।

वर्मा, ज्योती (२०७५), सप्तरी जिल्लाका कक्षा सातमा अध्ययनरत मैथिलीभाषी विद्यार्थीहरूले नेपाली उच्चारणमा गर्ने त्रुटिहरूको अध्ययन, स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय ।

श्रेष्ठ, अमन (२०७५/७६), *संवैधानिक विकासक्रम तथा नेपालको संविधान* २०७२ (संसोधनसहित), काठमाडौँ : राष्ट्रिय सूचना मञ्च ।

सर्वरिया, गोपि मण्डल (२०७५), कक्षा दशका मैथिली मातृभाषी विद्यार्थीहरूले नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिहरूको अध्ययन, स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, सुनसरी : जनता बहुमुखी क्याम्पस ।

सिङ्जाली, विष्णुकुमार (२०६७), *कन्भरसेसन इन मगर (ढुट) ल्याङ्ग्वेज (मगर ढुटमा बोलचाल),* दोस्रो संस्करण, काठमाडौँ : नेपाल मगर लेखक संघ, केन्द्रीय समिति ।

सुवेदी, कृष्णप्रसाद (२०७८/७८), *शिक्षक सेवा आयोग परीक्षा सारथि,* काठमाडौँ : गुडविल पब्लिकेसन प्रा.लि. ।

हिल्ती, हली जे. (सन् २०१३), *सोसिओलिङ्ग्विस्टिक सर्वे अफ इस्टर्न मगर इन नेपाल,* त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

# परिशिष्ट एक

## सस्वर पठनका लागि उपयोग गरिएको अनुच्छेद

कुनै एउटा गाउँमा कान्छालाल र रूपमति नाम गरेका दुई जना बुढाबुढी बस्थे । उनीहरू गरिब थिए । उनीहरू साह्रै इमानदार थिए । सधैँ अरुको भलो चिताउँथे । उनीहरूका छोराछोरी थिएनन् । उनीहरूको गाउँ सहरभन्दा धेरै टाढा थियो । त्यो गाउँमा आठदशओटा घरहरू मात्र थिए । गाउँ घना जङ्गलको फेदीमा थियो । गाउँमा बेला बेला चितुवा, भालु, बाँदर, ब्वाँसो जस्ता जङ्गली जनावरहरू आउँथे ।

## परिशिष्ट दुई

## मगर (ढुट) भाषी विद्यार्थीहरूमा उच्चारणगत त्रुटिहरू पहिल्याउनका निम्ति उपयोग गरिएका प्रश्नहरू

- तल दिइएका वाक्यहरूलाई शुद्ध बनाउँदा के हुन्छ ? मौखिक रूपमा बताउनुहोस् :

  मेरो भाइहरू राम्रो छन् ।

  चराहरू आकाशमा उड्यो ।

  साथीहरू किताब पढ्छ ।

  सानो भाइहरू चकटीमा बस्छ ।

  म खाना खान्छ ।

  बहिनी पानी पिउँछ ।

  भाइले लट्ठी बोकी ।

  रीता खाना बनाउँछ ।

  हामी विद्यालय जान्छ ।

- तल दिइएका शब्दहरू पढेर सुनाउनुहोस् :

  भय, परिचय, समय, पहिचान, सामान, हिमाल, पहाड, महोदय, विद्यालय, विषय निश्चय, सभ्य, ध्यान, निश्चल, जवाफ, प्रधान, किताब, बेठिक, असल, खराब, गरिब ।

- तल दिइएका नामहरूलाई बहुवचनमा बदल्नुहोस् :

  छोरो, केटो, चरो, गोरु, गाई, केटी, भैँसी, छोरी, माछो, भ्यागुतो ।

- तलका बहुवचनमा रहेका नामहरूलाई एकवचनमा परिवर्तन गर्नुहोस् :

  चराहरू, माछाहरू, केटीहरू, गोरुहरू, भाइहरू, बहिनीहरू, केटाहरू, छोराहरू, छोरीहरू, किताबहरू, फूलहरू ।

(क) तपाइँको मिल्ने साथीको बारेमा वर्णन गर्नुहोस् ।

(ख) तलका वाक्यहरूलाई स्त्रीलिङ्गमा बदल्नुहोस् :

- हरि बजार गयो ।
- सुनिलले बजारबाट मिठाई ल्यायो ।

- श्यामले घाँसको भारी बोक्यो ।
- भाइले मिठाई खायो ।
- मोहनले गीत गायो ।
- रामले पाठ पढ्यो ।
- दीपकले खाजा खायो ।
- समिरले कपडा धोयो ।
- बुबाले बारीमा फर्सी रोप्नुभयो ।
- मामाले मलाई बिस्कुट किनिदिनुभयो ।

(ग) तल दिइएका वाक्यहरूलाई पुलिङ्गमा बदल्नुहोस् :

- रीता इमानदार छिन् ।
- अनिता बजार गइन् ।
- मीना गृहकार्य लेख्छे ।
- गीता खेल खेल्छे ।
- अनिता बहिनीलाई पढ्न सिकाउँछे ।
- आमा खाना पकाउनुहुन्छ ।
- सलिनाले दाउरा काटी ।
- बहिनीले खाना पकाई ।

घ) तपाईंको खेलौनाको बारेमा वर्णन गर्नुहोस् ।

ङ) दशैंको बारेमा बताउनुहोस् ।

च) तपाईंको झोलामा के छ ?

छ) तपाईंको गाउँको नाम के हो ?

ज) तपाईंको विद्यालयको नाम के हो ?

# परिशिष्ट तीन

## अध्ययनका लागि छनोट गरिएका विद्यालयहरू

१. कालीदेवी माध्यमिक विद्यालय, सिद्धलेक-४, आरुबास

२. जलेश्वरी माध्यमिक विद्यालय, सिद्धलेक-४, सलाङघाट

३. मालिका आधारभूत विद्यालय, सिद्धलेक-४, भेडाबारी

## परिशिष्ट चार

## अध्ययनका लागि छनोट गरिएका शिक्षक विवरण

१. एकु थापा मगर

२. सुनिल थापा मगर

## परिशिष्ट पाँच

## अध्ययनका लागि छनोटमा समेटिएका विद्यार्थीहरूको विवरण

**क) कालीदेवी माध्यमिक विद्यालय, सिद्धलेक-४, आरुबास**

१. रितिक थापा मगर

२. रीमा थापा मगर

३. शिष्टता थापा मगर

४. सुसान आले मगर

५. सृष्टि थापा मगर

**ख) जलेश्वरी माध्यमिक विद्यालय, सिद्धलेक-४, सलाङघाट**

१. अभिषेक थापा मगर

२. आशिका थापा मगर

३. एञ्जल थापा मगर

४. गृष्मा थापा मगर

५. पुजना थापा मगर

६. मिजास थापा मगर

७. वाल्स राना मगर

८. सन्ध्या थापा मगर

**ग) मालिका आधारभूत विद्यालय, सिद्धलेक-४, भेडाबारी**

१. अनुप थापा मगर

२. अनुसा थापा मगर

३. आशिका थापा मगर

४. करिश्मा थापा मगर

५. रञ्जन थापा मगर

६. राधिका थापा मगर

७. विश्वसता थापा मगर

८. शिशिर थापा मगर

९. समीक्षा थापा मगर

# व्यक्तिवृत्त

| | | |
|---|---|---|
| नाम | : | सीता आले मगर |
| जन्ममिति | : | २०४२/०१/०५ |
| ठेगाना | : | धादिङ |
| बाबुको नाम | : | विर बहादुर आले |
| आमाको नाम | : | नौमाया आले |
| नागरिकता | : | नेपाली |
| धर्म | : | हिन्दू |
| भाषा | : | मगर, नेपाली |
| लिङ्ग | : | महिला |
| तह | : | स्नातकोत्तर तह (एम.एड.) |
| सम्पर्क नं. | : | ९८४३०१६७५३ |

**शैक्षिक योग्यता**

| **तह** | **शिक्षण संस्था** | **उत्तीर्ण वर्ष** | **श्रेणी** |
|---|---|---|---|
| प्रवेशिका परीक्षा (एस.एल.सी.) | कालीदेवी माध्यमिक विद्यालय, सिद्धलेक, धादिङ | २०६० | तृतीय |
| प्रवीणता प्रमाणपत्र तह (१०+२) | आदर्श उच्च माध्यमिक विद्यालय, गजुरी, धादिङ | २०६५ | उत्तीर्ण |
| स्नातक (बी.एड.) | आदर्श बहुमुखी क्याम्पस, गजुरी, धादिङ | २०६८ | द्वितीय |
| स्नातकोत्तर तह (एम.एड.) | आदर्श बहुमुखी क्याम्पस, गजुरी, धादिङ | - | - |

तालिम : शिक्षकको पेशागत विकास तालिम (टि.पि.डि.)

**शैक्षिक पेशागत अनुभव**

| **अध्यापन गरेको संस्था** | **सेवा अवधि** |
|---|---|
| कालिका आ.वि., सिद्धलेक-६, धादिङ | ११ वर्ष ४ महिना |
| सुन्दरी मा.वि., सिद्धलेक-६, धादिङ | १ वर्ष ६ महिना |
| कुम्पुर आ.वि., सिद्धलेक-६, धादिङ | १ वर्ष ४ महिना |
| गोल्मारानी आ.वि.,.सद्धलेक-६, धादिङ | १ वर्ष ५ महिना |

Code No 300390012 फोन नं/phone no.9841874943

# कालीदेवी माध्यमिक विद्यालय

KALIDEVI SECONDARY SCHOOL
सिद्धलेक-४ आरुवास धादिङ
SIDDHALEK-4, ARUBAS DHADING
स्थापित/Estd: 2020

चलानी नं/Ref No
पत्र संख्या/Dispatch No.:

मिति/Date: २०७९/३/१५

जो जससंग सम्बन्ध राख्दछ ।

उपर्यूक्त सम्बन्धमा आदर्श बहुमुखी क्याम्पसमा चौथो सत्रमा अध्ययनरत श्री सिता मगरले उक्त तहसंग सम्बन्धित शोधपत्रको प्रयोजनका लागि यस श्री काली देवी माध्यमिक विद्यालय सिद्धलेक ४ आरूवासमा विभिन्न मितिमा स्वयम् भौतिक रूपमै उपस्थित भई आवश्यक विवरणहरू संकलन गरेको तथा यस विद्यालयमा अध्ययनरत कक्षा ५ का मगर भाषी विद्यार्थीहरूसंग प्रत्यक्ष अन्तर्वार्ता लिएर तथ्यहरू संकलन गरेको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

बाबुराम तमाङ्ग
प्रधानाध्यापक

बाबुराम तमाङ्ग
प्रधानाध्यापक

# श्री जलेश्वरी माध्यमिक विद्यालय
## Shree Jaleshworee Secondary School

सिद्धलेक–४, सलाङघाट, धादिङ
Siddhalek-4, Salangghat, Dhading
स्थापित: २०३५/Estd.2035 B.S

पत्र संख्या : ०७८/०७९
*Ref.No:*
चलानी नं. : ९४
*Dispatch No:*

मिति:२०७९/०३/१४

जो जससँग सम्बन्धित छ ।

आदर्श बहुमुखी क्याम्पस चौथो सत्रमा अध्ययनरत छात्रा श्री सीता आले मगर शोधपत्र तयार गर्ने क्रममा आवश्यक तथ्याङ्क सङ्कलन गर्नको लागि शोधकर्ता स्वयम् यस जलेश्वरी माध्यमिक विद्यालय सिद्धलेक ४ सलाङघाटमा पटक पटक भौतिक रूपमा नै उपस्थित भएर तथ्याङ्क सङ्कलन कार्य गरेको यसै पत्रद्धारा जानकारी गरीन्छ ।

स.प्रधानाध्यापक
खुलना कुमार मगर

# श्री मालिका आधारभुत विद्यालय

सिद्धलेख ४ धादिङ

**SHREE MALIKA BASIC SCHOOL**

SIDDHALEK,4-DHADING

स्थापित : २०४६

ESTD: 1991

पत्र संख्या : २०७८/०७९

चलानी नं : ३८

मिती : २०७९/३/१५

श्री जो जो सग सम्बन्ध छ

विषय : शोधकार्य गरिएको सम्बन्धमा

उपरोक्त सम्बन्धमा यसै मालिका आधारभुत विद्यालय सिद्धलेक ४ धादिङमा आदर्श बहुमुखी क्याम्पस गजुरी धादिङमा अध्ययनरत छात्रा सिता आले मगरले यस मालिका आधारभुत विद्यालयमा स्वयम आफै उपस्थित भइ विद्यलयको आवश्यक तथ्याक सङकलने गर्नु भएको सिफारिस साथ अनुरोध गरिन्छ ।

प्रधानाध्यापक

प्रधानाध्यापक